## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६१ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा Phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख - जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट : www. nepalpolice.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक


**सम्पर्क**

प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं

फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : २१३

ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np


ISSN 2661-6122

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन


प्रकाशन आरम्भ : २०१६ जेठ

वर्ष ६३, अङ्क ५ पुस-माघ २०७८





सडक सुरक्षा सचेतना कार्यक्रम संचालन गर्दै ट्राफिक प्रहरी ।

**जनहितमा जारी ट्राफिक प्रहरीको नारा,**
**सवारी नियमको पालना गरौ, सुरक्षित बनौ सारा ।**

**- नेपाल प्रहरी**

# प्रहरी

मे.अ.द.न. ६४/१५८

**द्वैमासिक प्रकाशन** वर्ष : ६३ अङ्क : ५ २०७८ पुस-माघ



प्रमुख सल्लाहकार
प्र.व.उ. विष्णु कुमार के.सी

सल्लाहकार
प्र.उ. ओमबहादुर राना
प्र.उ. सविन प्रधान

प्रधान सम्पादक
प्र.ना.उ. चन्चला श्रेष्ठ

सम्पादक
प्र.नि. होमबहादुर थापा
प्र.ना.नि.सरस्वती बुढाथोकी

कम्प्युटर
प्र.नि.कल्पना अधिकारी
प्र.ना.नि.संगीता कार्की

आवरण
अनुराग

प्रकाशक
प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## प्रविधि प्रयोगमा फड्को

विज्ञान र प्रविधिको तीव्र विकाससँगै संगठित एवं विद्युतीय सञ्जालमा आधारित अपराध नयाँ शैली र प्रवृत्ति देखा परेका छन् । अहिलेको अवस्थामा विश्वभरि फैलिएका यस्ता अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानमा चुनौती थपिएको छ । यसका साथै कोभिड-१९ महामारीविरूद्धको अभियानलाई सार्थक कार्यान्वियन तथा प्रहरी संगठनको पुनःसंरचना र प्रहरी कर्मचारीहरूको थप व्यावसायिकिकरण प्रहरी संगठनका लागि मुख्य चुनौतीको रूपमा रहेका छन् । यस्ता चुनौतीलाई परास्त गर्दै संगठनलाई सार्थक, सक्षम, निष्पक्ष, पारदर्शी र जनउत्तरदायीरूपमा संचालन गर्न एवं शान्ति सुरक्षा कायम तथा अपराध अनुसन्धान र नियन्त्रणका लागि प्रहरी संगठनले अख्तियार गरेको प्रविधिमैत्री नीति सकारात्मक छ ।

नेपाल प्रहरीलाई समयानुकूल प्रविधिमैत्री बनाउन सिसिटिभी जडान, मुद्धामा डिजिटल हिअरिङमार्फत म्याद थप, मिसिलहरूको डिजिटाइजेशन, डिजिटल फरेन्सिक ल्याव, अटोमेटिक फिङगरप्रिन्ट आइडेन्टीफिकेशन प्रणालीको विस्तार, विभिन्न सान्दर्भिक एपहरूको विकास तथा प्रयोगलाई प्रहरी संगठनले प्राथमिकतापूर्वक अवलम्बन गरेको छ । सामाजिक सञ्जाल फेसबुक, ट्वीटर, इन्स्ट्राग्राममार्फत २५ लाखभन्दा बढी आम नागरिकसँग प्रहरी संगठन प्रत्यक्ष जोडिनु जनमैत्री कार्य हो । यो सम्बन्धलाई फराकिलो बनाउन हालै नेपाल प्रहरीको आधिकारिक

वेबसाइटलाई समयानुकूल परिमार्जन गरी थप युजर फ्रेन्डली र सेवामुखी पहुँचकासाथ प्रस्तुत गरिनु तथा आन्तरिक प्रयोजनका लागि प्रयोगमा ल्याइएको इन्ट्रानेटलाई थप परिस्कृत गरी छरितो र व्यवस्थित पारिनु प्रविधि विकासको नयाँ आयामका रूपमा लिन सकिन्छ ।

नेपाल प्रहरी संगठनका केही आधारभूत मान्यताहरू छन् । निश्चित लक्ष्य र उद्धेश्य छन् । ती मान्यताहरूलाई थप मजबुद बनाई संगठनको लक्ष्य प्राप्तिका लागि आधुनिक प्रविधि र आधुनिकतामा प्रहरीलाई अगाडि बढाउन चालिएका कदम सराहनीय छन् । प्रहरीको बृहत् कार्यक्षेत्र, समाजको दैनिक जीवनयापनसँग जोडिएको संवेदनशील जिम्मेवारी र प्रहरीप्रति नागरिकको भरोसालाई मूर्तरूप दिन नेपाल प्रहरीले गर्ने कार्य एवं गतिविधि छिटोछरितो सम्पादन गर्न प्रविधि कोसेढुंगा सावित भएको छ । प्रविधिकै सहयोगमा नेपाल प्रहरीले शान्ति सुरक्षा, अपराध अनुसन्धान तथा नियन्त्रणलगायतका दैनिक कार्यहरू एवं जनसेवाका हरेक सवालमा अब्बल काम गर्दै आएको छ । नेपाल प्रहरीले आफ्नो आन्तरिक प्रशासनलाई सूचना प्रविधिसँग जोड्ने मात्र नभएर आम नागरिकलाई प्रदान गर्ने सेवा समेत सूचना प्रविधिको प्रयोगमार्फत प्रभावकारीरूपमा सम्पन्न गर्न सफल र उत्कृष्ट भएको छ । जसको कारण प्रविधिको क्षेत्रमा नेपाल प्रहरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवार्डद्वारा सम्मानित हुन सफल भएको छ ।

प्रविधिमैत्री एवं प्रमाणमुखी सफल अनुसन्धानलाई जोड दिँदै आएको सन्दर्भमा यसलाई थप गतिशील संगठनको कार्य विशिष्टिकरणको एउटा खुड्किलोको रूपमा लिन सकिन्छ । जसले प्रहरी आम–जनको हुनुपर्छ भन्ने मान्यता र समाज एवं नागरिकको अटुट सम्बन्धलाई थप प्रगाढ र विश्वसनीय बनाउन मद्धतसमेत मिलेको छ ।

कुनै पनि संगठनको सफलतामा उसले अख्तियार गर्ने नीति तथा रणनीति एवं तय गर्ने योजना र दूरदर्शिताले ठूलो प्रभाव पारेको हुन्छ । त्यसैले प्रहरी संगठनले अझै ठोस आधार तयार गरी यसको प्रयोगलाई समयानुकूल अझ प्रभावकारी बनाउँदै अगाडि बढाउनुपर्ने आवश्यकता छ । नेपाल प्रहरीको कार्यक्षेत्र निकै बृहत् रहेको तथा सोअनुसार जनशक्ति न्यून रहेकोले सबै ठाउँमा प्रहरीको उपस्थिति असम्भव छ । यसको विकल्प भनेको प्रविधि नै हो । अतएवः वर्तमान चुनौतीलाई चिर्दै संगठनको पद्धतिजन्य विकास र सूत्रबद्ध परिचालनलाई कायम राख्न, अपराध र अपराधीको जालो तोड्न हरेक प्रहरी कार्यमा ज्यादै चनाखो भई चिन्तनशील, संवेदनशील र सहनशील भएर प्रभावकारी प्रविधिमैत्री प्रहरी सेवामा जोड दिनुपर्ने खाँचो टड्कारो देखिन्छ ।

# विषयक्रम

## व्यावसायिक सामग्री


- ♦ फौजदारी कसूरको अनुसन्धान र अभियोजना.. ✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी १
- ♦ मृत्युकालीन घोषणा ✍ उपन्यायाधिवक्ता सोमकान्त भण्डारी ९
- ♦ अपराध रोकथाममा प्रविधिको प्रयोग ✍ पूर्व प्र व उ विक्रम गुरुङ १९
- ♦ नेपालमा लागुपदार्थ दुर्व्यसनको कारण..... ✍ गम्भीर बहादुर हाडा ३०
- ♦ बहिर्क्षेत्रीय प्रयोग र नेपाल बाहिर भएको.... ✍ प्र ना उ मोहन कुमार थापा ४८
- ♦ अन्धविश्वास ✍ प्र नि भोजराज पाण्डेय ७२
- ♦ लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल र नेपाल..... ✍ रसना ढकाल १०६


## साहित्य / विविध


- ♦ प्रारब्ध कर्म ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत १४
- ♦ चुइगम खोल खोल ✍ युवराज नयाँघरे २३
- ♦ थकित पैताला टेकेर ✍ लीलाराज दाहाल ४३
- ♦ १२ वर्षे कुम्भ मेला ✍ अच्युत प्रसाद पौडेल 'चिन्तन' ५८
- ♦ सम्झनामा साहिँली सानीमा ✍ घन बहादुर थापा ६६
- ♦ निष्ठुरी आमा ✍ तारा के.सी ७९
- ♦ जेष्ठ नागरिक र राज्यको दायित्व ✍ राजेशमान के.सी ८२
- ♦ एउटै पानामा थरीथरी अनुहार ! ✍ छायादत्त न्यौपाने 'बगर' ८६
- ♦ आर्थिक विकासको आधार सहकारी ✍ सुदर्शन अधिकारी ९२
- ♦ पन्ध्रदिन ✍ बिन्दु अधिकारी ढकाल ९९
- ♦ 'पान्सय' ✍ राजबाबु श्रेष्ठ (सागर) १०४
- ♦ चोट ✍ दिपकराज विश्वकर्मा १०९

## गीत / कविता/ गजल


| | | |
|---|---|---|
| ♦ गजल | ✍ सरस्वती श्रेष्ठ 'सरु' | ८ |
| ♦ कविता | ✍ मनिष प्रयत्न | १८ |
| ♦ कविता | ✍ मनिष अर्याल | २० |
| ♦ मायाको खेल | ✍ होम थापा | २२ |
| ♦ गजल | ✍ टिकाराम ढुलाल | ३७ |
| ♦ मलामीमा जन्ती | ✍ हेमन्त प्रसाद दाहाल | ४२ |
| ♦ गीत | ✍ बद्री प्रसाद ढकाल | ४७ |
| ♦ गजल | ✍ अर्जुनबाबु तिवारी | ५७ |
| ♦ कमिलाको लर्को | ✍ रमेशचन्द्र घिमिरे | ६५ |
| ♦ किन ? | ✍ रेणु अधिकारी 'मौनता' | ७१ |
| ♦ गजल | ✍ प्र ह मान बहादुर बोहरा | ८५ |
| ♦ सरस्वती माता | ✍ अरुण खत्री 'नदी' | ९१ |
| ♦ त्यो मान्छे | ✍ शशी श्रेष्ठ | १०५ |
| ♦ मुक्तक | ✍ रोहित सैंजु 'विकल्प' | १०८ |
| ♦ मुक्तक | ✍ एच के धिताल | ११० |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦इतिहासको पानाबाट | | १११ |
| ♦नेपाल प्रहरीसम्बन्धी केही जानकारी | सङ्कलन : प्र ना नि संगिता कार्की | १११ |
| ♦सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | सङ्कलनः प्र स नि जनक आचार्य | ११२ |
| ♦रसबस | सङ्कलन : प्र स नि शरणजंग भण्डारी | ११२ |


प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# फौजदारी कसूरको अनुसन्धान र अभियोजनामा असल नियत र बदनियत



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी°

## १. परिचय

सार्वजनिक पदधारण गरेको व्यक्तिले कानूनले तोकेको कर्तव्य पालना गर्दा बदनियतपूर्वक गरिएका कार्यमा कानूनी संरक्षण प्राप्त हुँदैन । तर असल नियतले गरिएका काममा भने संरक्षण प्राप्त हुन्छ र उत्तरदायित्व वहन गर्नुपर्दैन । यसको पछाडिको कारण के हो भने असल नियतले गरिएका कामबाट सकारात्मक र कानूनी परिणामको अपेक्षा गरिन्छ भने बदनियतपूर्वक गरिएका कार्यमा गैरकानूनी लाभ वा परिणामको अपेक्षा गरिएको हुन्छ । नेपाल कानूनमा मात्र नभई अन्य देशका कानूनमा पनि असल नियत र बदनियत शब्दहरू प्रयोग गरिएको पाईन्छ । नेपाल कानूनहरूमा असल नियत र बदनियत शब्दको प्रयोग कानूनी संरक्षण र उत्तरदायित्वका लागि भएको देखिन्छ । मूलतः कानूनले दिएको जिम्मेवारी र अधिकारको प्रयोग गर्ने अधिकारी वा कानून कार्यान्वियन गर्ने अधिकार प्राप्त अधिकारीले गर्नुपर्ने कार्य असल नियतले गरिएको वा बदनियतपूर्वक गरिएको भन्ने आधारमा संरक्षण प्राप्त हुने र उत्तरदायित्व सिर्जना गरिने व्यवस्थाका सन्दर्भमा यी शब्दको प्रयोग गरिएको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८८ लगायत विभिन्न कानूनमा सार्वजनिक पदधारण गरेको व्यक्ति वा कानूनी जिम्मेवारी बहन गर्नुपर्ने पदाधिकारीले कर्तव्य पालनाका सिलसिलामा असल नियतले गरेको निर्णय वा काम कारबाहीका सम्बन्धमा प्रश्न उठाउन, कानूनी कारबाही गर्न वा सजाय गर्न नहुने गरी कानूनी संरक्षण प्राप्त छ । तर कसैलाई पनि बदनियतपूर्वक वा नियतपूर्वक गरिएका काममा भने उन्मुक्ति हुँदैन । कर्तव्य पालनाका आधारमा मात्र सार्वजनिक

°सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

पदधारण गरेको व्यक्ति, पदाधिकारी वा कुनै व्यक्तिलाई पनि बदनियतसाथ गरिएको कार्यमा उत्तरदायी बनाउने कुराले भने कामकारबाही र कार्य सम्पादनमा असर पर्ने अवस्था रहन्छ ।

असल नियत र बदनियत एक अर्कामा विपरित शब्द हुन । इमान्दारीता, स्वच्छता र कानूनी व्यवस्था अनुसार गरिएको कार्यमा असल नियत देखिन्छ । होसियारीपूर्वक र बिना हेलचक्राई उचित सावधानी र ध्यान दिई सही नियतका साथ गरिएको कार्यमा असल नियत देखिन्छ । जसमा धोका वा गलत कार्य गर्ने मनसायको अभाव रहन्छ । बदनियत भनेको खराब मनसाय वा उद्वेश्य हो । यसमा कसैलाई नोक्सानी वा क्षति गराउने वा आफू वा अरूलाई अनुचित लाभ प्राप्तिको मनसाय रहन्छ । नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० ले लापरबाहीसाथ गरेको वा नगरेको जे भएता पनि वास्तवमा ईमान्दारीसाथ गरिएको काम कारबाहीलाई असल नियतले गरेको मानिनेछ भनी परिभाषित गरेको र उक्त कानून अन्य कानूनको प्रयोगमा पनि समान रूपमा लागु हुने हुँदा अनुसन्धानकर्ता वा अभियोजनकर्ताले फौजदारी कसूरको अनुसन्धान र अभियोजनमा इमान्दारीसाथ गरेको कार्यमा उत्तरदायी हुनुपर्ने अवस्था देखिदैन । बदनियतपूर्वक गरिएका कार्यले भने अनुसन्धानकर्ता र अभियोजनकर्ताका लागि उत्तरदायित्व सिर्जना गर्दछ । कस्तो कार्य बदनियतपूर्वक गरेको मान्ने भन्ने कुरा त्यस्तो काम इमान्दारी वा असल नियतले गरिएको छ छैन कुरामा नै निर्भर हुन्छ । अनुसन्धानकर्ता र अभियोजनकर्ताले गरेको कार्यको प्रकृति र परिणामका आधारमा बदनियतलाई हेर्न सकिन्छ । खराब मनसायले, अरूलाई नोक्सानी हुन्छ भन्ने जानी जानी र कसूरमा निर्दोष व्यक्तिलाई कसूरमा दोषी देखाउने गरी तथा दोषी व्यक्तिलाई उम्काउने गरी गरिएको अनुसन्धान र अभियोजन कार्यमा भने बदनियत देखिन्छ । सर्वोच्च अदालतले पदीय कर्तव्य पालनामा अनिवार्य रूपमा पालना गर्नुपर्ने विधि र प्रक्रिया नअपनाई संस्थालाई हानी नोक्सानी गराउने गरी गरेको कार्य बदनियतपूर्वक गरेको मानिने व्याख्या गरेको छ ।

## २. कानूनी व्यवस्था

मुलुकी अपराध संहिता, २०७४ को दफा ९९ मा बदनियतपूर्वक अनुसन्धान र अभियोजन गर्ने कार्य कसूर हुने र त्यस्तो कार्य गर्ने अनुसन्धानकर्ता र अभियोजनकर्तालाई छ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था रहेको छ । उक्त दफामा बदनियत हेर्ने

आधारको रूपमा अनुसन्धान अधिकारी वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान र अभियोजन गरेको कुरालाई समावेश गरिएको छ । यस व्यवस्थाको उद्धेश्य फौजदारी कसूरको बारेमा अनुसन्धान र प्रमाण संकलन गर्दा अनुसन्धान अधिकारीले वस्तुनिष्ट रूपमा सही र निष्पक्ष तरिकाले गर्नुपर्ने र अनुसन्धानले देखाएको तथ्य र प्रमाणका आधारमा अभियोग लगाउनुपर्ने देखिन्छ । अनुसन्धान अधिकारीले दोषी व्यक्तिलाई उम्काउने गरी प्रमाण खडा गर्ने वा निर्दोषलाई फसाउने गरी प्रमाण सिर्जना गर्ने कार्य गरेकोमा र अभियोजनकर्ताले सोही आधारमा अभियोग लगाउने कार्य गरेको बदनियत मानेको देखिन्छ । यसले असल नियत राखी गरेको अनुसन्धान र अभियोजनका लागि भने जवाफदेहीता सिर्जना गर्दैन । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १८८ ले अनुसन्धान अधिकारी र अभियोजनकर्ताले असल नियतले फौजदारी कसूरको अनुसन्धान र अभियोजनका सम्बन्धमा गरेको कार्यमा कुनै कारबाही नहुने गरी संरक्षण प्रदान गरेको छ । तर अनुसन्धान र अभियोजनको असफलता वा अदालतमा परीक्षण भएका प्रमाणका आधारमा अभियोग लगाईएको व्यक्तिले सफाई पाएको कार्यले बदनियत सिर्जना गर्ने र सो आधारमा उत्तरदायी बनाउने कुरा यसको क्षेत्रभित्र पर्ने देखिदैन । कानूनी जिम्मेवारी बहन गर्नुपर्ने अधिकारीलाई कार्य गर्न सहजता हुने र खराब नियतबाट गरिएकोमा जिम्मेवार बनाउने उद्धेश्यबाट यस प्रकारको व्यवस्था गरिएको देखिन्छ । असल नियतबाट गरिएको कार्य र बदनियतपूर्वक गरिएको कार्यको अन्तरलाई उत्तरदायित्वका आधारमा हेर्नुपर्ने हुन्छ । असल नियत र बदनियतको व्याख्या हरेक विषय वा केस वा विवादको तथ्य र प्रमाणका आधारमा गरिनु पर्दछ ।

नेपाल कानूनमा बदनियतपूर्वक गरिएको काममा कारबाही हुने र असल नियतले गरिएका काममा बचाउ हुने व्यवस्था विभिन्न ऐनहरूमा रहेको देखिन्छ । कानून व्याख्या सम्बन्धी ऐन, २०१० मा असल नियतको परिभाषा गरिएको छ । प्रहरी ऐन, २०१२ को दफा ३७ मा प्रमुख जिल्ला अधिकारी वा प्रहरी अधिकारीले सो ऐन वा प्रचलित कानून बमोजिम गर्नुपर्ने कर्तव्यपालना गर्दा वा पाएको अधिकार प्रयोग गर्दा वा अदालतले दिएको आदेश वा आज्ञप्ती वा वारेण्ट जारी गर्दा आदेश पालना गर्दा असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्न भागी हुँदैन भन्ने उल्लेख

रहेको छ । काठमाडौं उपत्यका प्राधिकरण ऐन, २०४५ को दफा २४ मा असल नियतले गरेको काममा बचाउको व्यवस्था रहेको छ भने अनावश्यक दुःख वा हैरानी वा झन्झट दिने नियतले कुनै काम गरेकोमा उत्तरदायी हुनुपर्ने व्यवस्था गरिएको छ । सार्वजनिक सुरक्षा ऐन, २०४६ मा बदनियतपूर्वक कसैलाई नजरबन्दमा राखेकोमा त्यस्तो अधिकारीबाट क्षतिपूर्तिका लागि अदालतमा उजूरी दिन सक्ने र नजरबन्दको आदेश बदनियतसाथ जारी गरेको ठहरेमा विभागीय कारबाही हुन सक्ने व्यवस्था रहेको छ । लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा २२ (ख)मा सो ऐन बमोजिम असल नियतले गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा कुनै सरकारी कर्मचारी उपर मुद्धा चलाई वा अन्य कुनै कानूनी कारबाही नगरिने व्यवस्था छ ।

सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २६ मा सशस्त्र प्रहरीले सो ऐन वा सो ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नुपर्ने कर्तव्यपालना गर्दा वा पाएको अधिकार प्रयोग गर्दा असल नियतले गरेकोमा सजाय भागी हुनेछैन भन्ने व्यवस्था रहेको छ । सैनिक ऐन, २०६३ को दफा २२ मा गरिएको सो ऐनको अधिकार क्षेत्र भित्र पर्ने व्यक्तिले कर्तव्यपालनाको सिलसिलामा असल नियतले गरेको कार्यबाट कसैको मृत्यु भएमा वा कसैलाई क्षति भएमा त्यस्तो व्यक्ति उपर मुद्धा चलाउन सकिने छैन भन्ने बचाउको व्यवस्था रहेको छ । सुशासन ऐन, २०६४ को दफा ४३ मा असल नियतले गरेको काम कारबाहीका विषयलाई लिएर कसैलाई मुद्धा चलाईने छैन भन्ने व्यवस्था रहेको छ । संगठित अपराध निवारण ऐन, २०७० को दफा ६१ मा असल नियतले प्रचलित कानून बमोजिम पदीय कर्तव्य पालना गर्दा संगठित अपराध मानिने कुनै कार्य हुन गएकोमा त्यस्तो कार्य बापत कुनै सरकारी अधिकारीलाई सो ऐन बमोजिम मुद्धा चलाईने वा अन्य कुनै प्रकारको सजाय गरिने छैन भनी उन्मुक्ति प्रदान गरिएको छ ।

उल्लिखित कानूनमा भएका व्यवस्थालाई हेर्दा कानूनले तोकेको कार्य सम्पादनका क्रममा अधिकार प्राप्त अधिकारीले असल नियतले गरेको अवस्थामा कुनै हानी नोक्सानी वा क्षति भएकोमा सो को दायित्वबाट छुट दिने वा सजायको लागि उत्तररदायी हुनुपर्ने गरी संरक्षण प्राप्त रहेको देखिन्छ । यो व्यवस्था अधिकार प्राप्त अधिकारीले कानूनको प्रयोग गर्दा असल नियतले गरेको कार्यमा बचाउ गर्नेसम्म व्यवस्था हो । यसले बदनियत वा स्वेच्छाचारी रूपमा गरिएको कार्यबाट सिर्जित

परिणामका सम्बन्धमा जवाफदेहीताबाट उन्मुक्ति दिँदैन । नेपाल कानूनमा विगत देखि नै असल नियतले गरिएका काममा बचाउ हुने र बदनियत वा लापरबाहीका साथ गरिएका काममा जवाफदेही हुने व्यवस्था गरिदै आएको अभ्यास देखिन्छ । कर्तव्य पालनाका क्रममा असल नियतले गरेका काममा मात्र बचाउ हुने र बदनियत राखी गरेकोमा भने जिम्मेवार बनाउनुपर्ने विधिशास्त्रीय मान्यतालाई नेपाल कानूनमा स्वीकार गरिएको पाईन्छ ।

बदनियतपूर्वक गरिएका काममा कानूनी उत्तरदायित्व बहन गर्नुपर्ने र असल नियतले गरिएका कामबाट सिर्जित परिणामका लागि कारबाही नहुने गरी कानूनले संरक्षण गर्ने व्यवस्था नेपालमा धेरै पहिलेदेखि हुँदै आएको छ । प्रहरी ऐन २०१२ देखि वन ऐन, २०७६ सम्म यस प्रकारका व्यवस्थाहरू गरिएका छन् । लामो समय देखि गरिदै आएको विधायिकी अभ्यासले पनि यसको आवश्यकता र औचित्य पुष्टि गर्दछ । कर्तव्य पालनामा राष्ट्रसेवक कर्मचारीलाई बढी जिम्मेवार बनाउन र कानूनसम्मत कार्यमा कर्तालाई संरक्षण र बचाउ गर्ने उद्धेश्य यस व्यवस्थामा निहित रहेको छ । विशेष कार्य प्रकृतिका कारण कर्तव्य पालना गर्दा अनावश्यक मुद्धा मामिला तथा दायित्वबाट छुट्कारा दिन यस प्रकारको बचाउको व्यवस्था राखिन्छ । यो प्रावधान जुनसुकै अवस्थामा लागू हुने नभई कानूनद्वारा अधिकार प्राप्त अधिकारीले सदनियत राखी कानूनी प्रक्रियाको विपरित नहुने गरी गरेको कार्यबाट सिर्जित हानी वा कसूरजन्य कार्यमा मात्र लागू हुन्छ । राष्ट्रिय हित र सुरक्षाका दृष्टिकोणबाट कर्तव्य पालना गर्नेलाई बचाउ गर्न सुरक्षा कवचको रूपमा यो व्यवस्था राखिएको हो भन्ने न्यायिक दृष्टिकोण सर्वोच्च अदालतले एक मुद्धामा राखेको छ । (ने.का.प. २०७६ संवैधानिक इजलास खण्ड २ निर्णय नं ००१९) तर कसैले बदनियत वा खराब नियतबाट गरिएको कामका लागि यो सुरक्षा कवच हुँदैन । यस सम्बन्धी व्यवस्था हेर्दा बदनियतपूर्वक वा जानी जानी खराब मनोभावना राखि गरिएका कार्यबाट भएको कसूरजन्य कार्य वा क्षतिका लागि जो कोही पनि जवाफदेही बन्नुपर्दछ ।

### ३. न्यायिक दृष्टिकोण

नेपालको सर्वोच्च अदालतले असल नियत र बदनियतको सम्बन्धमा व्याख्या गरेको पाईन्छ ।

### ३.१. ने.का.प. २०२२ अंक १, नि.न.२९५

सर्वोच्च अदालतको पूर्ण इजलासले असल नियतले गरेको कार्यको व्याख्या यस मुद्धामा गरेको छ । सरकारी

कर्मचारीले व्यक्तिगत रिसइवीले नियतपूर्वक निवेदकलाई थुनामा राखेकोले बदनियत रहेको भन्ने आधारमा बन्दीप्रत्यक्षीकरणको निवेदन गरिएको यस मुद्दामा कुनै कर्मचारीले ईमान्दारीका साथ कुनै कानूनले दिएको अधिकार प्रयोग गर्दछ भने त्यसलाई असल नियतले नै प्रयोग गरेको मान्नुपर्ने हुन्छ भनी असल नियतलाई इमान्दारीताका आधारमा हेर्नुपर्ने व्याख्या गरेको छ । इमान्दारी साथ नगरेको भनी भन्न वा ठहराउन उक्त मुद्दाको अतिरिक्त अरू ठोस सबुद प्रमाणको आवश्यकता देखिने न्यायिक दृष्टिकोण यसमा राखिएको छ ।

**५.२. तेजिन्द्र न्यौपाने वि.नेपाल सरकार नेकाप २०७७ अंक २ नि.न. १०४३६**

नागरिकता सम्बन्धी कसूरको अनुसन्धानको सिलसिलामा निवेदकलाई २५ दिनसम्म हिरासतमा राखी पुनः संगठित अपराध तर्फ हिरासतमा राख्न म्याद थप लिएकोमा अभियोजन हुँदा नागरिकताको कसूरमा मात्र अभियोगपत्र दायर भएकोले संगठितको कसूर तर्फ अनुसन्धानका क्रममा हिरासतमा राख्न म्याद थप गरिएको कार्य बदनियतसाथ भएकोले बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिपाँउ भन्ने निवेदन जिकिर रहेको यस मुद्दामा सर्वोच्च अदालतले अनुसन्धानको क्रममा असल नियतबाट अनुसन्धान गर्दै जाँदा संगठित तर्फ समेत कसूर गरेको भन्ने आधारमा हिरासतमा राख्न अदालतबाट म्याद थप गरि अनुसन्धान गरेको कार्य गैरकानूनी मान्न नमिल्ने व्याख्या गरेको छ । अपराधको अनुसन्धान गरी अभियोजन गर्न अख्तियार प्राप्त अधिकारी वा निकायका पदाधिकारीले बदनियतपूर्वक अनुसन्धान गरी थुनामा राखी अभियोग लगाएको पुष्टि भएमा कारबाही हुन सक्ने मुलुकी अपराध संहिताको दफा ९९ मा व्यवस्था रहेको हुँदा गलत नियत राखी व्यक्तिलाई बढी थुनामा राख्ने नियतले अनुसन्धान कार्य गर्ने छुट अनुसन्धानतकर्ता र अभियोजनकर्तालाई नहुँने भन्ने व्याख्या समेत यसमा गरिएको छ । बदनियत वा गलत नियत राखी अनुसन्धान गरेको कुरा प्रमाणका आधारमा देखिनु पर्ने र केवल अनुमानका आधारमा मान्न सकिदैंन भन्ने सिद्धान्त यस मुद्दामा प्रतिपादन भएको छ ।

**३.३. माधव गौतम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय समेत ने.का.प. संवैधानिक इजलास खण्ड २०७६ अंक २ नि.न.००१९**

प्रहरी ऐन, २०१२ को दफा ३७ मा रहेको कर्तव्यपालना गर्दा वा पाएको अधिकार प्रयोग गर्दा वा अदालतले दिएको आदेश वा आज्ञप्ती वा वारेण्ट जारी गर्दा वा आदेश पालना

गर्दा प्रहरी कर्मचारीले असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्न भागी हुदैन भन्ने बचाउ सम्बन्धी कानूनी व्यवस्थाले कानून कार्यान्वयन गर्ने प्रहरी कर्मचारीलाई निजहरूले कर्तव्यपालनाका क्रममा गरेको जुनसुकै काममा प्रभावकारी अनुसन्धान र सजायबाट उन्मुक्ति प्रदान गरेको र कानून कार्यान्वयन गर्ने पदाधिकारीलाई जवाफदेहीता भन्दा बाहिर राखी दण्डहिनता बढाउने अवस्था रहेकोले उक्त कानूनी व्यवस्था समेत संविधानको वैयक्तिक स्वतन्त्रताको हक र सम्मानपूर्वक बाँच्न पाउने हक समेतको विपरित रहेकोले बदर गरी पाउँ भन्ने निवेदन जिकिर रहेको यस मुद्धामा सर्वोच्च अदालतको संवैधानिक इजलासले कर्तव्यपालनाका सिलसिलामा कानून बमोजिमको अधिकार प्राप्त अधिकारी वा कर्मचारीले असल नियतले गरेको काममा बचाउ गरिने व्यवस्था संविधान प्रतिकूल नरहेको र यस्तो कानूनी व्यवस्था आवश्यक रहेको व्याख्या गरेको छ । कर्तव्य पालनामा जिम्मेवारी दिएपछि त्यसको पालना र प्रयोगमा संरक्षण रहनुपर्ने आवश्यक हुन्छ । असल नियत राखि गरेको काममा पनि सम्बन्धित व्यक्तिलाई उत्तरदायी बनाउने हो भने कानूनी जिम्मेवारी पूरा गर्न कठिनाई पर्न सक्छ । कानूनी जिम्मेवारी असल नियतबाट बहन गर्दा निश्चित संरक्षण दिनुपर्दछ । यो व्यक्तिगत फाईदा वा लाभको लागि प्राप्त हुने होइन । कर्तव्य पालनामा कर्मचारीलाई बढी जिम्मेवार बनाउन र कानूनसम्मत कार्यमा कर्तालाई संरक्षण र बचाउ गर्ने उद्धेश्य यस व्यवस्थामा निहित रहेको छ भन्ने व्याख्या गरेको छ । कर्तव्य पालना गर्दा अनावश्यक मुद्धा मामिला तथा दायित्वबाट छुट्कारा दिन यस प्रकारको बचाउको व्यवस्था राखिने भन्दै सर्वोच्च अदालतले बदनियतसाथ वा कानूनी प्रक्रिया छली वा कानूनी प्रक्रिया विपरित कर्तव्यबाट च्युत भई गरिएका कामका लागि भने बचाउको व्यवस्था आकृष्ट नहुने सिद्धान्त पनि यसै मुद्धामा प्रतिपादन गरेको छ ।

**४. निष्कर्ष**

नेपालमा विद्यमान धेरै कानूनहरूमा असल नियतले गरिएको काममा संरक्षण प्राप्त हुने र बदनियतपूर्वक गरिएको काममा उत्तरदायित्व सिर्जना गरिने व्यवस्था गरिएको छ । कार्य प्रकृतिका कारण कर्तव्य पालना गर्दा अनावश्यक मुद्धा मामिला तथा दायित्वबाट छुट्कारा दिन र कर्तव्य पालना गर्न सहजता प्रदान गर्न उत्तरदायित्वबाट बचाउको व्यवस्था राखिन्छ । तर यस्तो संरक्षण

असल नियतले कानून बमोजिम गरिएका कामबाट सिर्जित परिणामका लागि मात्र हो । कसैले द्वेष पूर्ण वा बदनियतसाथ वा जानीजानी गरिएको कार्यबाट सिर्जित परिणामका लागि भने बचाउ वा संरक्षण प्राप्त हुन सक्दैन । अनुसन्धानकर्ता र अभियोजनकर्तालाई निजले गरेका काममा जवाफदेही बनाउनका लागि दफा ९९ को व्यवस्था गरिएको हो भन्ने कुरामा स्पष्ट हुन जरूरी छ । मूलतः फौजदारी कसूरको अनुसन्धानको अधिकार कानूनले प्रहरीलाई दिएको र अभियोजनको अधिकार सरकारी वकिललाई दिएको हुँदा यी अधिकारी जिम्मेवार बनी निष्पक्ष र स्वच्छ रूपमा अनुसन्धान र अभियोजनको कार्य गरून भन्ने कानूनको उद्धेश्य रहेको देखिन्छ । कर्तव्य पालनाका क्रममा असल नियतले गरेका काममा मात्र बचाउ प्राप्त हुने र नियतवस वा बदनियत राखी गरिएका हरेक कार्यले भने जवाफदेहीता बहन गर्नुपर्ने कानूनी बाध्यता रहने कुरमा यो विधायिकी व्यवस्था रहेको हो । इमान्दारीसाथ कानूनले दिएको अधिकार बमोजिम गरिएको कार्यमा असल नियत हुने र कानूनी प्रक्रिया छली वा कानूनी प्रक्रिया विपरित कर्तव्यबाट च्युत भई गरिएका कामबाट बदनियत देखिन सक्ने न्यायिक मान्यता रहेको हुँदा बचाउको व्यवस्थालाई सोही अनुरूप हेर्ने र कानूनी अख्तियारी प्राप्त व्यक्ति वा कर्मचारीले सोही अनुरूप पालना गर्नुपर्ने हुन्छ । जथाभावी र गलत नियतवस गरिएका अनुसन्धान र अभियोजनका कार्यमा कुनै पनि प्रकारको कानूनी संरक्षण कसैलाई पनि प्राप्त नहुने हुँदा यसमा सम्बन्धित अनुसन्धान अधिकारी र सरकारी वकिल सजग र सचेत हुन आवश्यक छ । अन्यथा अपराध संहिताको दफा ९९ को व्यवस्थाले जवाफदेही बनाउछ । ♦♦

## गजल



✍ **सरस्वती श्रेष्ठ 'सरु'**

बुबाको काँध चढेर म जवान भएकी छु  
र त अहिले छोरा समान भएकी छु

सधैं दुःख गर्नु हुन्छ बाआमा हाम्रा लागि  
अब त ती मुहारको मुस्कान भएकी छु

हट्ला बिस्तारै कुरितीको तुवाँलो अब  
समाज परिवर्तनकारी तुफान भएकी छु

हेर्दै छोरी मख्ख पर्दा हुन् बा पनि अचेल  
बिस्तारै बिस्तारै कुलको पहिचान भएकी छु ।

# मृत्युकालीन घोषणा



✍ उपन्यायाधिवक्ता
सोमकान्ता भण्डारी °

## १. मृत्युकालीन घोषणाको परिभाषा

नेपाल कानूनमा मृत्युकालीन घोषणाको परिभाषा गरिएको छैन । सामान्य रूपमा मृत्युकालीन घोषणालाई मृतकले मृत्यु हुन पूर्व आफ्नो मृत्युको बारेमा व्यक्त गरेको भनाइको रूपमा लिन सकिन्छ । सूक्ष्म रूपमा मृत्युकालीन घोषणा भन्नाले मरणासन्न अवस्थामा पुगेको व्यक्तिले आफ्नो मृत्युको कारणका सम्बन्धमा मृत्यु पूर्व गरेको बयान हो । त्यस्तो बयान निजको होस् रहेको अवस्थामा व्यक्त गरेको र निजको बयान निजकै मृत्युको कारणका सम्बन्धमा गरेको हुनु पर्दछ ।[1] मर्न लागेको मानिसले आफ्नो मृत्युको आभाष भई सकेपछि आफ्नो मृत्युको कारण वा आफ्नो मृत्यु हुने परिस्थितिको बारेमा व्यक्त गरेको भनाइ (Statement) लाई प्रमाण कानूनको दुनियाँमा मृत्युकालीन घोषणा भनिन्छ ।[2] मृत्युकालीन घोषणा स्वभावले सधैं सुनि जान्ने प्रमाणको रूपमा अदालतमा प्रस्तुत हुन्छ । मृत्युकालीन घोषणालाई सुनिजान्ने प्रमाणको अपवादको रूपमा प्रमाणमा ग्राह्य हुने व्यवस्था प्रमाण ऐन, २०३१ को दफा ११ ले गरेको छ । जस अनुसार "कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्युको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ" । मृत्युकालीन घोषणा जसको मृत्यु कसले गरेको हो भनी अदालतमा ठहर गर्नु पर्ने अवस्था

° एलएल. एम. (फौजदारी कानून र संवैधानिक कानून), सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।

१. प्रा.डा. रजितभक्त प्रधानाङ्ग, सोमकान्ता भण्डारी, नेपाल कानून व्यवसायी परिषद् बुलेटिन, वर्ष २३ अंक २२ (२०७७) नेपाल कानून व्यवसायी परिषद् ललितपुर, पृ. २७ ।

२. डा. श्रीप्रकाश उप्रेती, फौजदारी न्यायः सिद्धान्त र प्रयोग, (२०७७), पैरवी बुक हाउस प्रा.लि., पृ. १४९ ।

छ । सो अवस्थामा मर्ने व्यक्तिले आफू मर्न लागेको अवस्थामा मर्नुभन्दा अगावै होस छँदै आफ्नो मृत्युको के कति कारणले कसले कसरी गरेको हो भनी व्यक्त गरेको हुनु पर्दछ । तर आफू बाहेक अरू कुनै व्यक्तिको मृत्युको सम्बन्धमा व्यक्त गरेको कुरालाई मृत्युकालीन घोषणा भनिदैन । नेपाल सरकार वि. अजीज मुसलमान समेत भएको कर्तव्य ज्यान मुद्धामा[३] सर्वोच्च अदालतले देहाय बमोजिम सिद्धान्त प्रतिपादन गरेको छ :

- कुनै कागज मृत्युकालीन घोषणा हो वा होइन निर्क्यौल गर्न घोषणाकर्तालाई आफू मृत्युको सन्निकट रहेको आभाष भएकै हुनुपर्ने मानेको छ । सिद्धान्ततः आफू पक्कै मर्ने अवस्थामा पुगेको आभाष घोषणाकर्तालाई भएको सम्बन्धित कागजबाट देखिएको छ भन्ने स्थापित भएपछि मात्र त्यसका अन्तरवस्तुमा प्रवेश गर्न मिल्ने ।
- मृतकको कथन मृत्युकालीन घोषणा हुनका लागि घोषणाकर्ता कति समयभित्र मर्न पर्छ भन्ने सीमारेखा तोकिएको हुँदैन । तर, सो कथन र मृतकको मृत्युका बीच मृत्युका अन्य कारण र अवस्था विद्यमान हुन भन्न नहुने ।
- प्रमाण ऐनको दफा ११ को सीमामा परेन भन्दैमा कुनै लिखित अभिव्यक्ति प्रमाणशून्य हुँदैन । प्रमाण ऐनका अन्य कुनै व्यवस्था अन्तर्गत त्यो प्रमाण हुन सक्दछ भने त्यसको न्यायिक मूल्याङ्कन हुन सक्ने ।

## २. मृत्युकालीन घोषणा र कानूनी व्यवस्था

मृत्युकालीन घोषणा सुनिजान्ने प्रमाणको नियमको अपवादको रूपमा प्रस्तुत हुने एक महत्वपूर्ण प्रमाण हो । यसलाई प्रमाण ऐन, २०३१ ले मात्र कानूनी रूप प्रदान गरेको हो । सो ऐनको दफा ११ मा "कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्युको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ" भनी उल्लेख गरेको छ । मृत्युकालीन घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्युको कारणका सम्बन्धमा उल्लेख गरेको कुरा सुन्ने व्यक्तिले अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्थामा प्रमाणमा ग्राह्य मानिन्छ । साथै सो प्रमाणलाई अन्य प्रमाणबाट समर्थित गरेको अवस्था हुनु पर्दछ । यो आफैमा सुनिजान्ने प्रमाण भएको हुँदा प्रमाण कानूनमा अपवादको अवस्था हो । मृत्यु हुने

३. ने.का.प. २०६७, अंक ४, नि.नं. ८३५४, पृ.६३० ।

व्यक्ति मरिसकेको हुने र निजले आफ्नो मृत्युको कारण होस छँदै व्यक्त गरेको कुरा प्रमाणमा लिँदा त्यसलाई सतर्कतापूर्वक लिने गरेको देखिन्छ । प्रमाण ऐनमा मृत्युकालीन घोषणालाई प्रमाणमा लिन सकिने उल्लेख भए पनि यसका कार्यविधिका बारेमा विस्तृत उल्लेख नभएको हुँदा अदालती व्याख्यालाई आधार लिनु पर्ने अवस्था रहेको छ । मृत्युकालीन घोषणाका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा के कस्तो अवस्थाको मृत्युकालीन घोषणालाई प्रमाणमा ग्रहण गर्ने नगर्ने सम्बन्धमा अदालतको दृष्टिकोणलाई समेत अलग्गै शीर्षकमा उल्लेख गरिएको छ ।

**३. मृत्युकालीन घोषणालाई प्रमाणमा ग्रहण गर्नुपर्ने कारण**

मृत्युकालीन घोषणा सुनिजान्ने प्रमाण हो अर्थात मृतक व्यक्तिले सो कुरा व्यक्त गरेको अवस्थामा सुन्ने वा थाहा पाउने, कुनै प्रकारले लेखबद्ध गर्ने वा यान्त्रिक उपकरणहरूको सहयोगबाट टिपोट गर्ने व्यक्तिले अदालत समक्ष आएर सोबारे व्यक्त गर्नुपर्ने हुन्छ ।[४]

मृत्युकालीन प्रमाण सुनिजान्ने प्रमाण भए तापनि अपवादको रूपमा प्रमाणमा ग्राह्य गरिनु पर्दछ । मृत्युको नजिक पुगेको व्यक्ति जसलाई कुनै व्यक्ति प्रति पूर्वाग्रह नहरने, सांसारिक माया, ममता, मोह, नहुने, कुनै व्यक्ति प्रति द्वेष वा ईर्ष्याको भावना रहँदैन । मरणासन्न अवस्थामा रहेको मानिसमा सच्चाई तथा इमान्दारी जस्ता प्रवृत्ति र भावनाहरू जागृत भएका हुन्छन् ।[५] 'Truth sits upon the lips of dying person' अर्थात मरणासन्न अवस्थामा पुगेको व्यक्तिको ओठमा सत्यको बास रहेको हुन्छ भन्ने अंग्रेजी सिद्धान्तको आधारमा पनि यसलाई भर गर्न सक्ने भएको मानी प्रमाणमा ग्राह्य गरिन्छ ।[६]

शास्त्रीय हिसाबले समेत मर्नुअघि व्यक्ति झुट्टो बोलेर मर्न चाहँदैन । साथै बनावटी कुराले उसको दिमाखमा प्रवेश गर्न नै सक्दैन । साथै कसूरदारले कसूरजन्य कार्य गर्दा सकभर सो वारदात घटेको देख्ने, सुन्ने वा थाहा पाउने व्यक्ति नहुने गरी गर्दछ । कुनै अवस्थामा सो घटना देख्ने वा थाहा पाउने व्यक्ति मृतक बाहेक अन्य व्यक्ति नहुन सक्ने अवस्था हुन्छ । आफू मर्न लागेको कारण वा आफ्नो मृत्युको घटनाक्रमबारे मात्र सो मर्न लागेको व्यक्तिले व्यक्त गर्न

४. प्रा.डा. रजितभक्त प्रधानाङ्ग, सोमकान्ता भण्डारी, नेपाल कानून व्यवसायी परिषद् बुलेटिन, वर्ष २३ अंक २२ (२०७७) नेपाल कानून व्यवसायी परिषद् ललितपुर, पृ. २८ ।

५. प्रस्तावित प्रमाण विधेयक मसौदा र प्रतिवेदन, पृ. २१ ।

६. पूर्वपाद टिप्पणी नं. ४, पृ. २८ ।

सक्दछ र ऊ नै आफ्नो मृत्युको कारणबारे जान्न, थाहा पाउने नजिकको साक्षी हो । तसर्थ निजले आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको कुरा प्रमाणका रूपमा ग्राह्य नगरिने हो भने न्यायको उद्धेश्य नै विफल हुन्छ । यसैले पनि, मृत्युकालीन घोषणालाई प्रमाणमा ग्राह्य गरिन्छ ।[७]

मृत्युकालीन घोषणालाई प्रमाणमा लिनु पर्ने अर्को कारणमा 'Nemo moriturus proesumuntur' अर्थात मानिसले मर्न लागेको अवस्थामा आफ्नो सृष्टिकर्ता ईश्वरलाई झुट्टा वा असत्य कुरा बोलेर भेट गर्न चाहँदैन भन्ने प्राचीन रोमन सूत्रको आधारमा पनि यसलाई प्रमाणमा ग्राह्य मानिन्छ । अर्को शब्दमा मानिस धार्मिक वा आध्यात्मिक कारणले गर्दा पनि मर्नुअघि झुट्टो बोलेर मर्न चाहँदैन र सत्य कुरा बोलेर मर्नुपर्छ भन्ने भावना निजमा जागृत भइरहेको हुन्छ । यसैले गर्दा पनि मृत्युकालीन घोषणा प्रमाणमा ग्राह्य गरिन्छ ।[८]

**४. मृत्युकालीन घोषणा प्रमाण लिन आवश्यक पर्ने शर्तहरू**

मृत्युकालीन घोषणालाई सुनिजान्ने प्रमाणको अपवादको रूपमा सबै कानूनी व्यवस्थामा प्रमाणमा ग्राह्य गरिन्छ । तर, यसलाई ग्राह्य गर्न कानूनले निर्धारण गरिने बन्देजका शर्तहरूमा एक अर्कामा अन्तरहरू छन् । तसर्थ, यहाँ नेपाली प्रमाण कानूनमा निर्धारण गरिएका शर्तहरूलाई विवेचना गर्दै आवश्यकता अनुसार भारतीय तथा बेलायती प्रमाण कानूनसँग तुलना गरिएको छ । मृत्युकालीन घोषणा ग्राह्य हुन निर्धारण गरेका शर्तहरूमध्ये कुनै एकको अभाव भएमा त्यसलाई प्रमाणमा ग्राह्य गर्न सकिदैन । सर्वोच्च अदालतले जीतेन्द्र कार्की वि. नेपाल सरकार[९] भएको मुद्दामा मृत्युकालीन घोषणा प्रमाणमा ग्राह्य हुनका निम्ति निश्चित शर्तहरू पूरा भएको हुनु पर्ने उल्लेख गरेको छ :

**(क)** मृत्युकालीन घोषणालाई प्रमाणको रूपमा पेश गर्दाको अवस्थासम्ममा सो घोषणा गर्ने व्यक्तिको मृत्यु भई सकेको हुनु पर्ने,

**(ख)** घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्यु पूर्व घोषणा गरेको हुनु पर्ने,

**(ग)** घोषणा आफ्नो मृत्युको कारण वा परिस्थितिसँग सम्बन्धित हुनु पर्ने,

७. रजितभक्त प्रधानाङ्ग, मृत्युकालीन घोषणा : एक चर्चा, नेपाल कानून परिचर्चा, वर्ष ९ अंक २, पृ. ३४ ।

८. पूर्वपाद टिप्पणी नं. ४, पृ. २८ ।

९. नेकाप २०७६ अंक ७, नि.नं. १०३१२, पृ. १४७२ ।

**(घ)** घोषणा गर्ने व्यक्तिले आफू बाँच्न सक्छु कि भन्ने आशा त्यागी सकेको हुनु पर्ने,

**(ङ)** मर्ने व्यक्तिले आफ्नो वास्तविक ज्ञानको आधारमा स्वेच्छिक रूपमा गरिएको घोषणा हुनु पर्ने,

**(च)** मर्ने व्यक्तिले आफू होसमा हुँदा नै सो घोषणा गरेको हुनु पर्ने,

**(छ)** घोषणा गर्ने व्यक्ति मानसिक रूपले सबल रहेको हुनु पर्ने,

**(ज)** घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्युको कारणको बारेमा एक भन्दा बढी फरक फरक घोषणा गरेको हुन नहुने,

**(झ)** मृत्युकालीन घोषणा सुन्ने व्यक्ति अदालतमा साक्षीको रूपमा उपस्थित हुनको निम्ति योग्य हुनु पर्ने, र

**(ञ)** मृत्युकालीन घोषणा मौकामा व्यक्त भई अदालतमा आएर पुष्टि गरिएको हुनु पर्ने ।

## ५. निष्कर्ष

न्याय प्रदान गर्नु सत्यको खोजी गर्नु हो । सत्यता पहिल्याउन, पहिचान गर्न प्रमाण आवश्यक हुन्छ । अझ फौजदारी मुद्दामा प्रमाण मात्र होइन, प्रमाणको पर्याप्तताका आधारमा कसूर ठहर हुने अवस्था हुन्छ । अन्यथा अभियोग दावी ठहर हुन सक्दैन । शंकाको सुविधा अभियुक्तले पाउँदछ । कर्तव्य ज्यान कसूरमा प्रत्यक्ष पीडितको मृत्यु भएको हुन्छ । प्रत्यक्षदर्शीको अभाव भएको, पीडितको मृत्यु भएको अवस्थामा ठोस प्रमाणको सम्भावना हुँदैन र संकलन गर्न नसकिने हुन्छ । साथै प्रमाण कानूनको प्रमुख सिद्धान्तले सुनिजान्ने प्रमाणलाई प्रमाणमा नलिने भन्दछ । यस अवस्थामा मृतक जसले आफ्नो मृत्युको बारेमा घटना पछि व्यक्त गरेको छ । त्यस लगत्तै निजको मृत्यु भयो । सो घटना देख्ने व्यक्ति अब कोही छैन । यस्तो अवस्थामा सुनिजान्ने प्रमाणको अपवादको रूपमा रहेको मृत्युकालीन घोषणालाई प्रमाणको रूपमा ग्रहण गर्नु पर्दछ । यो प्रमाण मृतकले अदालतमा भन्दा बाहिर आफ्नो मृत्युको बारेमा व्यक्त गरेको हुन्छ । सो सुन्ने व्यक्तिले अदालतमा उपस्थित भई आफूले सुनेको कुरा बकपत्र गर्ने गर्दछन् । अदालतमा बकपत्र गर्ने व्यक्ति मृतकको भनाइ सुन्ने व्यक्ति हुन् । त्यस्तो भनाइलाई प्रमाणमा लिनु पर्दछ । मृत्युकालीन घोषणालाई प्रमाणमा नलिँदा सो घटना देख्ने वा थाहा पाउने प्रत्यक्ष व्यक्तिको मृत्यु हुने । निज बाहेक अरू प्रत्यक्षदर्शी नहुने हुँदा त्यस्तो प्रमाणलाई प्रमाणमा लिनु पर्दछ । त्यसको असर कसूर गर्ने व्यक्तिले सजाय नपाउने र दण्डहीनताको सिर्जना हुने अवस्था हुन्छ । त्यसकारण यस प्रकृतिको प्रमाणलाई ग्रहण गर्दा अति संवेदनशील हुन जरूरी देखिन्छ । ♦♦♦

# प्रारब्ध कर्म



पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

संचित कर्मबाट जो कर्म फल दिनको लागि अगाडि (सम्मुख) हुन्छ त्यस कर्मलाई प्रारब्ध कर्म भनिन्छ । प्रारब्ध कर्महरूको फल अनुकूल या प्रतिकूल परिस्थितिको रूपमा अगाडि आउछ । परन्तु ती प्रारब्ध कर्महरूलाई भोग्नको लागि प्राणीहरूको प्रवृत्ति तीन प्रकारबाट हुन्छ ।

१. स्वेच्छापूर्वक
२. अनिच्छा (दैवेच्छा)पूर्वक
३. परेच्छापूर्वक

**१.** स्वेच्छापूर्वक : कुनै व्यापारीले सामान खरिद गऱ्यो उसलाई फाईदा भयो । यस्तै कुनै अर्को व्यापारीले सामान खरिद गऱ्यो, त्यसमा घाटा लाग्यो । यी दुवैमा नाफा र घाटा लाग्नु त उनीहरूको शुभ-अशुभ कर्महरूले बनेको प्रारब्धको फल हो । तर सामान खरीद उनीहरूको स्वेच्छापूर्वक भएको हो ।

**२.** कुनै व्यक्ति कतै गइरहेको थियो, अगाडि रहेको नदिमा बाढी आएको कारण एउटा धनको टोकरी बहेर आयो र त्यस व्यक्तिले पायो । यस्तै कुनै व्यक्ति कतै गहिरहेको थियो, उसमाथि एउटा रूखको हाँगा खस्यो र उसलाई चोट लाग्यो । यी दुईमा धन पाउनु र चोट लाग्नु त उनीहरूको शुभ र अशुभ कर्महरूबाट बनेको प्रारब्धको फल हो । परन्तु धनको टोकरी मिल्नु र रूखको हाँगो लाग्नु अर्थात खस्नु यो प्रवृत्ति अनिच्छा (दैवेच्छा) पूर्वक भएको हो ।

**३.** कुनै धनि व्यक्तिले कुनै बच्चालाई ग्रहण गऱ्यो अर्थात उसलाई छोराको रूपमा स्विकार गऱ्यो, जसले गर्दा उसको सम्पूर्ण धन त्यस बच्चालाई मिल्न गयो । यस्तै चोरहरूले कसैको धन लुटेर लिए । यी दुई अवस्थामा बच्चालाई धन मिल्नु र चोरीमा धन लुटिनु त उनीहरूको शुभ-अशुभ कर्महरूबाट बनेको प्रारब्धको फल हो । तर धर्मपुत्रमा जानु र चोरी हुनु यो प्रवृत्ति परेच्छापूर्वक भएको हो ।

**(चित्र-१)**

प्रारब्ध कर्म

अनुकूल परिस्थिति
- स्वेच्छापूर्वक क्रिया (प्रवृत्ति)
- अनिच्छापूर्वक क्रिया
- (परेच्छपूर्वक क्रिया )

मिश्रित
- स्वेच्छापूर्वक क्रिया
- अनिच्छापूर्वक क्रिया
- परेच्छापूर्वक क्रिया

प्रतिकूल परिस्थिति
- स्वेच्छापूर्वक क्रिया
- अनिच्छापूर्वक क्रिया
- परेच्छापूर्वक क्रिया

यहाँ एउटा कुरा बुझ्न जरूरी छ कि कर्महरूको फल 'कर्म' हुदैन, बरू 'परिस्थिति' हुन्छ । अर्थात प्रारब्ध कर्महरूको परिस्थितिरूपबाट अगाडि आउछ । यदि नयाँ (क्रियमान) कर्मलाई प्राब्धको फल मान्ने हो भने फेरि त 'यस्तो गर यस्तो नगर' यो श्रास्त्रहरूको, गुरूजनहरूको विधि निषेध निरर्थक भइहाल्दछ । अर्को कुरा पहिला जस्तो कर्म गरिएको थियो, त्यही अनुसार जन्म हुन्छ र त्यही अनुसार कर्म हुन्छ तब त्यो कर्म फेरि अगाडि नयाँ पैदा गर्नेछ । जसले गर्दा यो कर्म-परम्परा चलिरहला अर्थात यसको कहिले अन्त नहोला । प्रारब्ध कर्मबाट मिल्नेवाला फलको दुईवटा भेद (प्रकार) छ । प्राप्त फल र अप्राप्त फल । अहिले प्राणीको अगाडि जुन अनुकूल वा प्रतिकूल परिस्थिति भईरहेको छ त्यो "प्राप्त" फल हो र यसै जन्ममा जो अनुकूल या प्रतिकूल परिस्थिति भविष्यमा आउनेवाला छ त्यो 'अप्राप्त' फल हो ।

क्रियमाण कर्महरूको जुन फल अंश संचितमा जम्मा रहन्छ । त्यहि प्रारब्ध बनेर अनुकूल, प्रतिकूल र मिश्रित परिस्थितिको रूपमा मानिसको सामुन्ने आउदछ अर्थात जबसम्म संचित कर्म रहन्छ तब सम्म प्रारब्ध बनिरहन्छ । प्रारब्ध परिस्थितिको रूपमा परिणत हुँदै रहन्छ । यो परिस्थिति मानिसलाई सुखी-दुःखी हुनको लागि बाध्य गर्दैन । सुखी-दुःखी हुनको लागि त परिवर्तनशील परिस्थितिसँग सम्बन्ध जोड्नु नै मुख्य कारण हो । तर परिस्थितिसँग सम्बन्ध जोड्नु अथवा नजोड्नुमा मानिस सर्वथा स्वतन्त्र अर्थात स्वाधीन हुन्छ । पराधिन छैन। जो परिर्वतशील परिस्थितिसँग सम्बन्ध मान्दछ, त्यो अविवेकी पुरूष त सुखी-दुःखी भइरहन्छ । परन्तु जो परिस्थितिसँग सम्बन्ध मान्दैन, त्यो विवेकी पुरूष कहिले सुखी कहिले दुःखी हुदैन अर्थात उसको स्थिति स्वतः साम्यावस्थामा हुन्छ । जो कि वास्तवमा उसको स्वरूप हो ।

कर्महरूमा मानिसको प्रारब्धको प्रधानता हो या पुरूषार्थको ? अथवा प्रारब्ध बलवान छ या पुरूषार्थ ? यस विषयमा धेरै शंकाहरू हुने गर्दछन् । त्यसको समाधानको लागि पहिले यो सम्भिन जरूरी छ, प्रारब्ध र पुरूषार्थ के हो ? मानिसमा चार किसिमका चाहना हुने गर्दछन् । १. धनको २. धर्मको ३. भोगको ४. मुक्तिको । प्रचलित भाषामा यी चारै चाहनाहरू लाई अर्थ, धर्म, काम र मोक्ष भनिन्छ ।

१. अर्थ-धनलाई "अर्थ" भनिन्छ । धन दुई किसिमका हुन्छन् । स्थावर र जंगमा सुन, चाँदी, रूपैयाँ, जमिन, घर आदी स्थावर हो र गाई, भैंसी घोडा, ऊट, भेडा, बाख्रा आदि जंगम हुन् ।

२. धर्म-संकाम अथवा निष्काम भावले जो यज्ञ, तप, दान, व्रत, तिर्थ आदि गरिन्छ त्यसलाई धर्म भनिन्छ ।

३.काम-संसारिक सुख-भोगलाई "काम" भनिन्छ । त्यो सुखभोग आठ किसिमका हुन्छन् । शब्द, स्पर्श, रूप, रस, गन्ध, मान, बडाई र आराम ।

३.१. शब्द-शब्द दुई किसिमका हुन्छन् । वर्णात्मिक र ध्वन्यात्मक । व्याकरण कोष साहित्य, उपन्यास, गल्प कहानी आदि "वर्णात्मक" शब्द हुन । वर्णात्मिक शब्दमा पनि दस रस हुन्छ । श्रृङ्गार, हाँस्य, करूण, रौद्र, वीर, भयानक, विभत्स, अद्भभूत, शान्त र वात्सल्य । खाल, तार र फूँकको तीन बाजा र तालका आधा बाजा यी साढे तीन प्रकारका बाजा "ध्वन्यात्मक" शब्दलाई प्रकट गर्दछन् । दोल दोलकी, तबला, पंखावज मृदंग आदि खोल (छाला) बाट बनेको हुन्छन् । सितार, सरंगी मोरचंग आदि "तार" बाट, मशक पेरी (हारमोनियम), बाँसुरी, पूँगी आदि फूँक अर्थात फुकेर तथा भाभ, मंजीरा करताले आदि "ताल" बाजा ' हुन । यी वर्णात्मिक र ध्वान्यात्मक शब्दहरूलाई सुनेर जो सुख आउछ त्यो शब्द सुख हो ।

३.२ स्पर्श- स्त्री, पुत्र, मित्र, आदि सँग साथ मिलनाले तथा ठण्डा, गरम, कोमल आदिबाट अर्थात वाचावाट (छालाबाट) संयोग (छुनाले) जो सुख हुन्छ, त्यो स्पर्शको सुख हो ।

३.३. रस-मधुर (मीठा ) अम्ल (खट्टा ) लवण (नमकीन) केटु (कडवा) तिक्ति (तिखा) र कषाय (कसैला) यी छ रसहरू चाखनाले जुन सुख हुन्छ ती रसका सुख हुन ।

३.४.रूप-आँखाबाट खेल, तमाशा सिनेमा बाजी गरी वन पहाड, सरोवर मकान आदि को सुन्दरता देखेर जुन सुख हुन्छ त्यो रूपको सुख हो ।

३.५. गन्ध-नाकबाट अत्तर तेल, फुलेल, लवेण्डर, पुष्प आदि सुगन्धवाला र लसुन, प्याज आदि दुर्गन्धवाला पदार्थहरू सुघ्नाले जो शुख हुन्छ, त्यो गन्धको सुख हो ।

३.६. मानव शरीरको आदर सत्कार हुनाले जो सुख हुन्छ, त यसलाई मानको सुख भनिन्छ ।

३.७.बडाई-नामको प्रशंसा, वाह-वाह हुनाले जो सुख हुन्छ, त्यो वकाईको सुख हो ।

३.८.आराम-शरीरबाट परिश्रम नगर्नाले अर्थात निकम्मा पल्टीरहनेले जो सुख हुन्छ, त्यो आराम सुख हो ।

४.मोक्ष-आत्मसाक्षतात्कार, तत्वज्ञान, कल्याण उद्धार मुक्ति भगवदर्शन, भागवत्प्रेम आदिको नाम मोक्ष हो । यी चारै (अर्थ, धर्म, काम र मोक्ष) मा विचार गऱ्यो भन्ने अर्थ र धर्म दुवै परस्पर एक-अर्काको वृद्धि गर्नेवाला हुन । परन्तु धर्मको पालन कामना पूर्तिको लागि गरियो भने त्यो धर्म पनि कामनापूर्ति गरेर नष्ट भइहाल्छ र अर्थलाई कामना पूर्तिमा लगायो भन्ने त्यो अर्थ पनि गरेर नष्ट भईहाल्छ । यसको तात्पर्य यो हो कि कामना धर्म र अर्थ दुवैलाई खाई दिन्छ । यसैकारण गीतामा भगवान कामनालाई'महाशन' (बहुत खानेवाला) बताएर त्यसको त्यागको कुरा विशेषतासँग भन्नु भएको छ । (गीता-३-३७, ३८, ३९, ४०, ४१, ४२, ४३, श्लोक)

यदि धर्मको अनुष्ठा कामनाको त्याग गरेर गरियो भने त्यो अनुष्ठाले अन्तःकरण शुद्ध गरेर मुक्त गरिदिन्छ । यसरी नै धनको कामना त्याग गरेर अर्काको उपकारमा, हितमा, सुखमा खर्च गरियो भने त्यो धनले अन्तःकरण शुद्ध गरेर मुक्त गरिदिन्छ । अर्थ, धर्म काम र मोक्ष यी चारमा अर्थ (धन) र काम (भोग) को प्राप्ति प्रारब्धको मुख्यता र पुरूषार्थको गौणता हुन्छ । तथा धर्म र मोक्षमा पुरूषार्थको मुख्यता र प्राब्धको गौणता हुन्छ । प्राब्ध र पुरूषार्थ दुवैको क्षेत्र अलग-अलग छ र दुवै आ-आफ्नो क्षेत्रमा प्रधान छन् । यसै कारण भनिएको पनि छ, "संतोषस्त्रिषु कर्तव्यः स्वदारे भोजने धने । त्रिषु चैव न कर्तव्यः स्वाध्याये जपदानयोः।।" अर्थात आफ्नो स्त्री, पुत्र, परिवार, भोजन र धनमा सन्तोष गर्नु पर्दछ । साथै स्वाध्याय पाठ-पुजा, नाम-जप, किर्तन र दान गर्ने कुरामा कहिले पनि सन्तोष गर्नु हुँदैन । यसको तात्पर्य यो भयो कि प्रारब्धको फल, धन र भोगमा सन्तोष गर्नु पर्दछ । किनकी त्यो प्रारब्ध अनुसार जति मिल्नेवाला छ त्यतिनै मिल्दछ । त्यस भन्दा बढी मिल्नेवाला छैन । तर धर्मको अनुष्ठा र आफ्नो कल्याण गर्ने कुरामा कहिलै सन्तोष गर्नु हुदैन । किनकी यो नयाँ पुरूषार्थ हो र यही पुरूषार्थको लागि मनुष्य शरीर प्राप्त भएको हो । कर्मको दुईवटा प्रकार हुन्छ । शुभ (पुण्य) र अशुभ (पाप) शुभकर्मको फलबाट अनुकूल परिस्थिति प्राप्त हुन्छ र अशुभ

कर्मको फलबाट प्रतिकूल परिस्थिति प्राप्त हुन्छ । कर्म बाहिरबाट गरिन्छ । यस कारण ती कर्महरूको फल पनि बाहिरी परिस्थितिको रूपमा प्राप्त हुन्छ तर ती परिस्थितिहरूमा जुन सुख-दुःख हुन्छ, त्यो भित्र हुन्छ । यस कारण ती परिस्थितिहरूमा सुखी तथा दुःखी हुनु शुभाशुभकर्मको अर्थात प्रारब्धको फल होईन । बरू आफ्नो मूर्खता फल हो । यदि यो मूर्खतालाई हटायो भने भगवान माथि अथवा प्रारब्धमाथि विश्वास भयो भने प्रतिकूल भन्दा प्रतिकूल परिस्थिति आए पनि चित्तमा प्रसन्नता हुन्छ अर्थात रहन्छ, हर्ष हुन्छ । किनकी प्रतिकूल परिस्थितिमा पाप काटिन्छ त्यसपछि पाप गर्न विषयमा पनि सावधानी आउछ र पापहरूको नष्ट भएपछि अन्तःकरण शुद्धि हुन्छ ।

साधकले अनुकूल र प्रतिकूल परिस्थितिको सदुपयोग गर्नु पर्दछ । दुरूपयोग होईन । अनुकूल परिस्थिति आयो भने अनुकूल सामग्रीलाई अरूको हितमा सेवा वृद्धिद्वारा खर्च गर्नु अनुकूल परिस्थितिको सदुपयोग हो र त्यसलाई सुख-दुःख बुद्धिबाट भोग गर्नु दुरूपयोग हो । यस्तै प्रतिकूल परिस्थिति आयो भने सुखको ईच्छालाई त्याग गर्न र मेरो पूर्वकृत पापहरूको नाश गर्नको लागि भविष्यमा पाप नगर्नको लागि सावधानी राख्नको लागि र मेरो उन्नति गर्नको लागि नै प्रभु-कृपाबाट यस्तो परिस्थिति आएको हो । यस्तो सम्झेर परम प्रसन्न रहनु प्रतिकूल परिस्थिति सदुपयोग हो र त्यसमा दुःखी हुने दुरूपयोग हो । ♦

## कविता

**मनिष प्रयत्न**

के गाल्छ चरेसले, जति गाल्छ हरेसले
के ज्ञान मिल्छ होसमा जति सिकाउछ मधहोसले ।।

कहाँ छ र शान्ति यहाँ मनभित्र खोजि हेर
उज्यालो किन सधैं अधेंरी नि रोजी हेर ।।

सासकै सर्कोले यहाँ शरीरलाई गलाउँछ
आयु के हो सुखको क्षणभरमै ढलाउँछ ।।

कति पर्छ लागत यहाँ एक दिन रमाउन
कति पसिना बेच्नु पर्छ दुई मुस्कान कमाउन ।।

पाईलै सार्न असक्षम म यहाँ भईरहेको बेलामा
को सक्रिय भइरहेछ यो ज्यान चलाउन ।।

# अपराध रोकथाममा प्रविधिको प्रयोग



✍ पूर्व प्र.व.उ.विक्रम गुरुङ

आजको परिवर्तित सामाजिक परिवेशमा व्यक्तिको अपेक्षाहरू दिनप्रतिदिन बढ्दै गइरहेका छन् र ति अपेक्षाहरू ठिक तरिकाले पूर्ण हुन सक्दैन । यसका लागि उसले वैध अवैध तरिकाहरू अपनाउन थाल्दछ । वर्तमान समय भनेको वैज्ञानिक युगको समय हो यसर्थ अवैध तरिका अपनाउनेहरूले प्रत्येक दिन नयाँ विधिहरू अपनाउने गर्दछन् । यसबाट उनीहरूले सफलता पनि प्राप्त गरिरहेका छन् । यो सफलता कानून निर्माण र कार्यान्वियन गर्ने संघ संस्थाहरूको लागि चुनौतीको विषय बनेको छ । जुन प्रकारले दैनिक नयाँ प्रकृतीका घटनाहरू भईरहेका छन् त्यस्तै प्रकारले त्यसको नियन्त्रणको लागि नयाँ प्रविधिहरूको खोजी भईरहेको छ तर अपराधीहरू पनि त्यस्ता प्रविधिहरूलाई चुनौती दिन जोडतोडले लागिरहेका हुन्छन् ।

प्रतिस्पर्धाको यस युगमा मानिसहरूको आकांक्षा असीमित हुँदै गएको छ । रातै रात धनी भएर सबै सुख प्राप्त गर्न चाहन्छ । मानव प्रवृत्तिमा आएको यस प्रकारको परिवर्तनले समाजमा आज अपराधको संख्या र त्यसको गम्भीरतामा लगातार वृद्धि भइरहेको छ । आज विज्ञानले हरेक क्षेत्रमा आफ्नो उपस्थिति देखाउँदै गईरहेको अवस्थामा अपराधीहरूले पनि अपराध कार्यमा अत्याधुनिक प्रविधिहरूलाई प्रयोग गरिरहेका छन् । एकातर्फ अपराधीहरूले अत्याधुनिक प्रविधिको प्रयोग, समाज र मानवजातिको विरूद्ध गरिरहेका छन् भने अर्कोतर्फ प्रहरी तथा अन्य सुरक्षा निकायहरूले पनि आधुनिक प्रविधिहरू प्रयोग गर्न थालेका छन् जसको सहायताले अपराधिक घटना हुनबाट रोक्न सकिन्छ, अपराधको रोकथाम गर्न सकिन्छ ।

अपराधिहरूको विरूद्ध प्रविधिको प्रयोग दुई प्रकारले गरिन्छ । आपराधिक घटना घटिसके पछि अपराधीको पहिचान गर्न वैज्ञानिक प्रविधि, विधि

विज्ञान वा फरेन्सिक विज्ञान अन्तर्गत डि.एन.ए. विश्लेषण, नार्को परीक्षण, पोलिग्राफ र ब्रेन म्यापिङ ईत्यादी । विधि विज्ञानको महत्व आज कसैले पनि अस्विकार गर्न सक्दैनन् तर यसभन्दा महत्वपूर्ण पक्ष भनेको अपराध हुनुभन्दा अघिनै रोक्न सक्ने प्रविधि अर्थात यस्तो प्रविधि जसको प्रयोगद्वारा अपराध नियन्त्रण गर्न सकिन्छ । विज्ञानले आज प्रविधिको यति विकास गरिसकेको छ की अपराध हुनु भन्दा अघि नै नियन्त्रण र रोकथाम गर्न सकिन्छ ।

यसबाट सकारात्मक परिणामहरू पनि प्राप्त भइरहेको छ ।

**कविता**



✍ **मनिष अर्याल**

काम यस्तो गर्न सकुँ कि
जिउदैमा सालिक बन्न सकुँ
दया करूणाले सबैलाई रिभ्काउदै
जगतकै दिलको मालिक बन्न सकुँ

प्रत्येक पाइलामा सफलता
मेरो जीवनको लक्ष्य होइन
जहाँ पाइला टेकु उही
म सर्वाधिक बन्न सकुँ

आम नागरिकहरूले पनि प्रविधिमा आधारित उपकरणहरू प्रयोग गर्न थालेका छन् । सवारी साधनलाई चोरी हुन बाट बचाउनको लागि र आवासको सुरक्षाको लागि जडान गरिने अत्याधुनिक सुरक्षा उपकरणहरू यही श्रेणीमा पर्दछन् । बैंकिङ्ग क्षेत्रद्वारा पनि यस्ता धेरै प्रविधिहरूको प्रयोग भइरहेको छ जसको प्रयोगले आपराधिक घटना हुनबाट बचाइ रहेको छ ।

अपराध र अपराधीहरूको पहिचान गर्न विधि विज्ञानको सहयोग धेरै पहिला देखि हुँदै आएको हो तर आजकल अपराध रोकथाम तथा नियन्त्रण गर्नको लागि यति धेरै प्रविधिको विकास भइसकेको छ जसको प्रयोगबाट घटना हुनु पहिल्यै नियन्त्रण गर्न सकिन्छ । ईलेक्ट्रोनिक्स सर्विलेन्स, मोबाईल सर्विलेन्स, भिडियो सर्विलेन्स, मोबाईल ट्रेकर्स, बायोमेट्रिक्स र एण्टीहैकिङ उपकरण, केही यस्ता प्रविधिहरूको प्रयोगद्वारा घटना हुनु पूर्वनै रोकथाम गर्न सकिन्छ ।

आजकल प्रहरीले पनि आधुनिक प्रविधिको प्रयोगद्वारा नागरिकलाई सुरक्षा प्रदान गरिरहेको छ । पहिला प्रहरीलाई घटना भएको धेरै समय पश्चात घटनास्थलमा आएको आरोप लाग्ने गरेको थियो तर

अब प्रहरी घटना हुनु भन्दा पूर्व अपराधीहरूलाई पक्राउ गर्न सक्षम हुन सकेका छन् । यो सबै प्रहरी द्वारा प्रविधिको प्रयोग भएर मात्र सम्भव हुन सकेको हो ।

आजकल अपराध रोकथामको क्षेत्रमा 'बायोमैट्रिक्स' शब्द खुबै चर्चामा छ । बायोमैट्रिक्स को अर्थ हो व्यक्तिको व्यवहार अथवा ऊ द्वारा छोडिएको अवशेष सम्बन्धी जैविक विशेषताको आधारमा उसको पहिचान स्थापित गर्नु । रेटिना एवं आइरिस स्कैनिङ, हत्केला तथा औंठा छापको पहिचान, अनुहारको पहिचान गर्ने तरिका (Facial recognition System) हस्ताक्षरको पहिचान गर्ने विधि बायोमेट्रिक्स अन्तर्गत पर्दछ ।

आजकल आतंकवादीहरूले कम्प्युटर, इन्टरनेट, मोबाइल र सैटेलाईट फोन जस्तो अत्याधुनिक संचार साधनको प्रयोग गरिरहेका छन् । यस्तो अवस्थामा इलेक्ट्रोनिक्स निग्रानीद्वारा आतंकवादको रोकथाम गर्न पनि निकै सरल भएको छ । मोबाइल र भिडियो निग्रानीको माध्यमद्वारा आतंकवादको नियन्त्रण गर्न सहज भएको छ । यसबाट स्पष्ट हुन्छ की आपराधिक घटना र आतंकवादी गतिविधिहरूको रोकथाममा प्रविधिको प्रयोग प्रहरी र अन्य सुरक्षा निकायहरूद्वारा पर्याप्त मात्रामा प्रयोग हुन थालेको छ ।

**प्रहरीद्वारा प्रविधिको प्रयोग**

कुनै समय यस्तो थियो प्रहरी भन्ना साथ एक कठोर, संवेदनहिन र अल्पबुद्धि व्यक्तिको अनुहार सामुन्ने आउने गर्दथ्यो । तर आधुनिक प्रविधिको विकासको कारणले प्रहरीको छवीमा पनि सुधार भएको छ । आज लगभग सबै प्रदेश प्रहरी कार्यालयहरूमा साइवर अपराध शाखा र सर्विलेन्स शाखा जस्तो शाखामा प्रशिक्षित प्रहरी कर्मचारी, अत्याधुनिक उपकरणहरूको सहायताले अपराधको रोकथाम गर्दै गरेको देख्न सकिन्छ । प्रहरीद्वारा संवेदनशिल क्षेत्रहरूमा क्लोज सर्किट टिबी (CCTV) जडान गरेर गतिविधिहरूको निग्रानी गरिन्छ । विद्युतिय प्रविधि मार्फत विनाशकारी घटना हुनबाट बचाउन सकिएको दृष्टान्तहरू सञ्चार माध्यम मार्फत थाहा पाएका छौं। अपराध रोकथामको लागि प्रहरीद्वारा निम्नलिखित उपकरण तथा प्रविधिहरू प्रयोग गर्न सकिन्छः

१) CCTV (Close Circuit TV)
२) टेलिफोन वार्तालाप सुन्ने यन्त्र
३) GPS Tracking
४) Directional Microphone
५) Cover Listening Device
६) Night Vision Device

७) Computer Surveillance
८) Internet Surveillance
९) Mobile Surveillance
१०) Metal Detector
११) Explosive Detector
१२) Dog Squad

उपरोक्त सबै उपकरण वा प्रविधिको प्रयोग गर्नमा प्रहरी कर्मचारीहरूलाई अभ्यस्त बनाउनको लागि विश्वको अन्य देशका प्रहरीहरू सँग साथै देश भित्र पनि अत्याधुनिक प्रशिक्षण कार्यक्रम र कार्यशाला गर्नु पर्दछ । प्रविधिमा आधारित अत्याधुनिक उपकरण वा यन्त्रको कुशल उपयोगको लागि प्रशिक्षित प्रहरी कर्मचारीको आवश्यकता पर्दछ । ♦♦

कविता

## मायाको खेल



✍ **होम थापा**

सायद खुसी छ्यौ तिमी
आफ्नो बेफ्रिक जिन्दगीमा
म त आफ्नै नीरस जिन्दगी बाँचेको छु
तिमी आफ्नो जीतमा हाँसे जस्तै
म मेरै हारमा रमाएको छु
भन्थे माया गर्नेहरू कहिल्यै हार्दैनन्
म त तिम्रै मायामा पराजित भए
मुस्कुराउन त पीडा भित्र पनि सकिदो रहेछ
तर आँसु नै नियती भएपछि
मुस्कानको के अर्थ रह्यो र ?
भैगो दोष तिमीलाई दिन्न अब
म मेरै भाग्यलाई दोष दिउँला
तिमी आफ्नै भाग्यको नूरमा चम्किनु
भन्थे जीत्नेहरूसँग हारको अनुभूति हुँदैन
बाच्नेहरूसँग मृत्युको आभाष नभए जस्तै
यहाँ हार र जीतको खेलमा
जीवन र मृत्युको लडाईमा
खै कति खेर हारले आत्मसात गर्ने हो
कुन पलमा मृत्युले अगाल्ने हो
भैगो नलडौं अब खोक्रो आडम्बरमा
नखेलौं जीत र हारको यो खेल
नगरौं राग, ईर्ष्या र वैमनस्य
बरूआउ खेलौ सँगै
न तिमी हार्ने न म हार्ने
फगत जीत नै जीतको खेल
हो जीत नै जीतको खेल
मायाको खेल हो
हो त्यही मायाको खेल ।

नियात्रा

# चुइगम खोल खोल



✍ युवराज नयाँघरे

सुइँयय... सुइँयय !

सिठी बज्यो एकदमै कडासँग । शे फोक्सुण्डो ताल किनारबाट उकालिएको गोरेटो निकै अप्ठेरो छ । ढुङ्गा र बालुवासँगै भीर छ डरलाग्दो । तल छाँगाछुर भीर गएर हरियो दहमा टाँसिएको छ ।

हामी असिनपसिन भएर माथि रोकिएका थियौं ।

त्यै बेला हुल आयो खच्चडको ।

कानै खानेगरी सिठी बजेपछि दक्षिणतिर हेरें ।

पिर्ती कराइरहेथे-'रोक, रोक रूप्सी !'

खच्चडको ताँती रोकियो ।

हामी निकै बेर पानी खाएर पसिना ओबाउन सुस्तायौं । दम फुलेको छातीले थकाइ मार्‍यो । फोक्सोमा सास भर्‍यौं निकै ।

फेरि खच्चड अघि बढे । हामीले बाटो दियौं ।

धुलो उडाई-उडाई गयो खच्चडको हुल । धेरै परसम्म तिनको घन्टी बजेको सुनेर म शान्त भइरहें ।

खच्चडले कहिले जित्ने । कहिले हामी अघि हुने भइरह्यो । सालघारीमा बस्दा अलिक फुर्सद भयो गफ गर्न ।

मैले सोधेथें कुमारलाई- 'तिम्रा कति छन् खच्चड ?'

'५ वटा छन् !'

उनले आफ्ना खच्चडका नामहरू बताए- 'मैयाँ, रूप्सी, काले, हजारी, चुइगम !'

खानपान, आनीबानी र स्वभाव पनि फरक-फरक हुँदो रहेछ खच्चडको । मान्छेसँग घुलमिल हुने खच्चडको जन्म र चालामाला अनुसार राखिँदो रहेछ नाम ।

कुमारले भनेथे-'खच्चडका धनीले सिठी बजाउँदा तिनले चिनिहाल्छन् अनि रोकिन्छन् !'

'तिनको नाम लिनुस् त पुलुक्क हेर्छन् । कान ठाडा पारिहाल्छन् ।'

मैले नाम लिएर बोलाएँ । बाटा

छेउमा पानी खाइरहेको काले खच्चडले पुलुक्क हेऱ्यो र बुर्कुसी मारेर कद्यो ।

पिर्तीका ५ वटा थिए खच्चड ।

उनी निकै रमाइला थिए । भारी ओराले लगत्तै पाखा, खर्क र पाटनतिर खच्चड धपाउन पिर्ती नै कुद्ने गर्थे ।

'कति छन् खच्चड ?'

'मैले त पाँच मात्र ल्या' छु । हिमाली, बुके, लाले, कान्छो र डल्ली छन् मेरा !'

उनले नाम टिपाए ।

कान्छोका छेउमा पिर्ती हुन्थे । बुकेले अगाडि-अगाडि बाटो लागेपछि अन्तिममा कान्छो हुन्थ्यो । पिर्तीको टाठो स्वर खच्चड खेदिरहँदा सुन्ने गर्थें म ।

उनले बजाएको सिठी निकै कडा नै लाग्थ्यो मलाई ।

खच्चड खेद्नेहरूमा डम्मर अर्का रमाइला र निकै हार्दिक तन्नेरी थिए । ती बाटोमा हिंड्दा-हिंड्दै पनि तास फिटेको देख्थें म ।

उनले खैरू, डल्ली, क्यामा, कान्छी र हिमाली नाउँका खच्चड ल्याएका थिए । खच्चडका काठी कस्न सिपालु थिए डम्मर । भारी कम-बेसी नपरोस् भनेर चनाखा हुन्थे ती । दिल खोलेर हाँस्थे डम्मर ।

'खच्चड चार खुट्टाले हिंड्छ । थोरै हिंड्छ । म दुई खुट्टाले हिंड्छु । धेरै हिंड्छु ।'

भेटेकै दिन उनले भनेथे । डम्मरका कुरा गहिरा थिए ।

राति खच्चडको बाँधबुध गर्ने र बिहान धपाएर पाटन खेद्न ती निकै खट्थे । चरून् है चरून्- प्रायः उनले खच्चड भोका नहून् भनेर चासो लिएको लाग्थ्यो मलाई ।

दलबहादुर रोकायका दुई घोडा थिए- तारे, काले ।

उनी आफू घोडाको साहू भएकोमा अलिक बेग्लै हैसियत देखाउँथे- 'म खच्चडे भन्दा अलिक माथ्लै हुँ नि !'

उनको बोली र सोच झण्डै उस्तै-उस्तै देखिन्थ्यो ।

बाटोमा खैरेलाई अप्ठेरो पर्दा उनकै घोडा तेर्सिन्थे ।

'मेरो घोडा मर्ला नि !'

अलिकति भारी कसैले थप्यो कि उनी चिन्ता गर्थे ।

'घोडाको काम भारी बोक्ने हो । रित्तै हिंडाउँदा त उसले पनि म धर्तीकै भारी भएँ भन्छ । तर सारा पृथ्वीकै भारी बोकाउनु त भएन नि बड्डा !'

शे ला पासमा मैले झोला दिन खोज्दा उनले भनेको गुन्जिरहेथ्यो मेरो कानमा । बरू उल्टै मेरो झोला उनैले काँधमा भिरेथे ।

'हामी खच्चडे होइनौं ।

खच्चडवाला पनि होइनौं । खच्चड ड्राइभर भन्नु न । हाम्रो इज्जत पनि बढ्छ । मेरो नाम हो खच्चड ड्राइभर !'

छेप्कामा बेलुका आगो ताप्दा दलबहादुरले भनेथे ।

त्यो दिनदेखि म अलिक ख्याल गरी बोलाउँथें उनलाई ।

तराई, पहाड र हिमालसम्म खच्चडको प्रयोग गरिँदो रहेछ । नेपालमा दुई खालका खच्चड पाइने रै'छ ।

आफ्नै स्थानीय उत्पादनको नाम रहेछ- सिटे । अर्को रहेछ- इन्डेन । भारतबाट ल्याइएको यो प्रजाति कमजोर, चाँडै भोकाउने र रोगी खालको हुँदो रहेछ । समथरमा मात्र हिंड्ने इन्डेन निकै फितलो हुने बताए-धनबहादुरले ।

'सिटे त उकालो निकै हिंड्छ । बलियो हुन्छ नि गजबको !'

दलबहादुरले बताएथे ।

'दाना मात्र खाने त हो नि । अलिकति भारी बोकाएर उकालो खेदे-धकाएर हिंड्नै सक्तैन । के गर्नु त्यस्तो खच्चड !'

उनले इन्डेनको कुरा काटेथे ।

छुओरमा हामी खोला छेउमा बिसाएर खान थाल्यौं ।

पुग्दा नै ढिलो भइसकेथ्यो ।

पुगेर मात्र भएन । पकाउनु पर्‍यो । खानै पर्‍यो । खैरे, भरिया, भान्साका सहयोगीसँगै खच्चड ड्राइभरसम्मले खाँदा समय निकै लाग्यो ।

प्रायः एक घन्टासम्ममा सबै जना खाईपिई हिँडिसक्थ्यौं ।

बिहान त्यो दिन दाना खुवाउन राम्रोसँग भ्याएनन् कि के हो- छुओरमा खैरीले विध्वङ्स मच्चायो ।

हामी खाना खाइरहेथ्यौं- उफ्रीपाफ्री गर्‍यो खैरीले । ढाडको भारी खसेर डोरीमा अल्झियो । भित्तामा राखिएका भारी लडेर गुडे यता र उता । तरकारी, अन्डा, पाउरोटी धुलोपीठो होला भनेर पिर्ती, डम्मर कुमार र दलबहादुरले खैरीलाई समाते ।

चामल, दाल र मट्टितेल घोलघाल होला भनेर डालप्रसाद, ध्यार र जयबहादुरले मिसिएका भारी छुट्याए झटपट ।

उफ्रिन छोडेन ऊ ।

चरिरहेका अरू खच्चडहरू पनि कान ठाडा-ठाडा पारेर आँखा पल्याकपुलुक पार्न थाले । एक खालको अत्यास सबैमा थियो । खैरी बस्ने, उठ्ने गर्न थाल्यो ।

त्यसो गर्दा भारी झरेर छिरलबिरल भो । ऊ यताउता कुद्दा भुइँका भारी त किचिमिची भए-भए । छेउछाउ चरिरहेका अरू खच्चडका भारी पनि चुँडिए ।

एक खालको ठूलै खलबली भो ।

सबै मिलेर खैरीलाई समाते । पिर्तीले गर्धन सुम्सुम्याए । निधार मुसारे डम्मरले । दलबहादुर र कुमारले दुईतिर छेकेर फकाए ।

चार जनाले निकै जोरजुलुमसँग समातेर थामथुम पार्नु पऱ्यो । बेला–बेलामा खुट्टा बड्काउन खोज्थ्यो खैरी ।

भुइँमा थचक्कै बसाएर राखे ड्राइभरले ।

खाना खाएर झटपट हिँड्ने बेलामा पिर्तीलाई सोधेँ–'के भो ? रण संग्रामै पो मच्चायो त खच्चडले !'

'धेरै बेर उभिनु परेकोमा रिसायो खैरी !'
उनले भने ।

'हामीले खाना खाउन्जेल खच्चड चर्थे । हाम्रा लागि ती रोकिएका थिए । धेरै बेर लगायौं हामीले । अनि रिसाएको हो खैरी ।'

पिर्तीले खुलस्त पारे ।

शे गुम्बामा राति अबेरसम्म खचचड ड्राइभरहरू आगो तापेर बसिरहेथे ।

'मुख निन्याउरो देख्छु । के भो ?'

'आरा नखाने ?'

मैले सोधेँ दलबहादुरलाई ।

'खचचड बिरामी छ । ऊ बिरामी भएपछि मलाई कसरी रूच्छ ?'

दलबहादुर आगो छेउमा घोत्लिइरहे ।

अरूहरू बगरमा देउसी खेल्न गए । उठेको पैसाले रमाइलो गर्ने भएथे– डम्मर, पिर्ती, कुमारले । तर दलबहादुरले एक थोपो रक्सी नखाई खच्चडको खैखबरी गरिरहे ।

बिहानीपख पो भने– 'साऱ्है थोरै पिसाब गऱ्यो । अहिलेलाई बाँच्यो । भरेसम्ममा हेरूँला !'

हामीले शे गुम्बा छोड्दा पनि उज्यालो अनुहार थिएन दलबहादुरको । खच्चडसँगै उनी पनि बिरामी परेथे ।

साल्दाङमा राम्रै हिउँ पऱ्यो । घर पछाडिको बलेँसीमा ठूलो तिर्पाल तेर्छो पारेर राखिएथ्यो । आँगनको त्यो फराकिलोमा बास बनाइएको रै'छ ड्राइभरहरूका लागि ।

खुबै हाँसो मच्चिएथ्यो अबेरसम्म ।

छिरिङ झम्टी–झम्टी तिर्पालमा आएर केटाको खलबली रोक्थे ।

'रातभरि फोन आएर हैरान भयो मोबाइलमा !'

बिहान मैले सोधेँ कुमारलाई ।
'अनि के भो त ?'

फेरि खसखस पोखेँ ।

'म खच्चड हुँ भनेको । केटी मान्दिनँ । फोन गऱ्यागऱ्यै गरी ।'

कुमारले भने ।

धनबहादुरले थपे– 'भरे फोन

आउँदा कुरो मिलाउनु !'

'तेरो काटेर खच्चडलाई । अनि खच्चडको बन्दुक ताछेर तेरोमा फिट गर्नु पर्छ । अनि कुरो मिल्छ । नत्र खच्चड भनिसकिस्- बर्बाद भै हाल्छ नि !'

हाँसो मच्चियो धेरै बेर ।

होहल्ला सुनेर डेबिड बाहिरै आएथे ।

ज्यान्तला पास नाघ्ने बेलुकी हामी हाइक्याम्पमा बसेथ्यौं ।

चुइगम बिरामी पऱ्यो ।

सानो, अलिक दुब्लो र ज्ञानी खालको थियो- यो खच्चड । कुमारको खच्चड थियो चुइगम ।

ज्यान्तला पास ५,२२० मिटर उचाइमा थियो । असाध्यै जाडो भएकाले म त तिर्पालभित्र छिरिसकेको थिएँ । ठूलो चौरमा हाम्रा तिर्पाल गाडिएका थिए ।

कोही भान्सामा, कोही स्लीपिङ व्यागभित्र ।

बाहिर खल्लीबल्ली भएको सुनेर आएँ म ।

चुइगम बिरामी भएछ । निकै बेरदेखि उसलाई छटपटी भएको रहेछ ।

पिसाब गर्न नसकेर यताउता गरिरहेथ्यो । चर्नलाई मुख जोते पनि फेरि लुरूलुरू हिँड्थ्यो । उसको छटपटी देखेर धन, पिर्ती, कुमार र दलबहादुर उसलाई नियालिरहेथे ।

चुइगम बस्न खोज्थ्यो-सबै मिलेर हाहा, हुहु गरी धपाइहाल्थे । कसैगरी उसलाई बस्नै दिएनन् ।

तीन-चार घन्टादेखि छटपटाएको चुइगम मर्ने हालतमा पुगेको चिन्तामा धनबहादुर र कुमार थिए ।

निकै बेरदेखि आफैं ठीक होस् भनेर उनीहरू चुइगमका वरिपरि हेरेर घुमिरहे । तर ऊ झन्-झन् अरर्रिएर फनफनी घुम्न थाल्यो ।

धनबहादुर, कुमार र दलबहादुर भएर खच्चडलाई डोरीले अल्झाएर लडाए । थुतुनो च्यापेर बसे पिर्ती ।

अनि चुइगमको पिसाब गर्ने अङ्गमा रातो धुले खोर्सानीको एक पोका हाले । त्यसपछि बेस्सरी मुक्का हानेर कुदाए ।

'खोल, खोल !'

पिसाब गर भनेर उनीहरूले भनिरहे- 'खोल ! खोल !!'

तर चुइगम छटपटाएर यताउता गरिरह्यो । उसको पिसाब खुलेन । झोक्राएर ऊ घरी चौर, घरी पाटन, घरी खोलातिर, घरी हाम्रै तिर्पालतिर हिँडिरह्यो लुरूलुरू ।

खाली बस्न मात्रै खोज्थ्यो । तर हाहा-हुहु गरेर धपाइहाल्थे । ऊ कति-कति बेला त भुइँमा थेच्चिइहाल्थ्यो ।

तर चिमोटेर, घचेटेर, ठेलेर,

लात्तीले ठोकेर, तानेर उसलाई खेदिछाड्थे ।

निकै बेरसम्म पनि उसले खोलेन । उसको पिसाब खुलेन ।

अनि एक मुठी लसुन मुखमा हालिदिए चुइगमको । त्यसको पिरोले पिसाब फेर्ला कि ? फेरि कुदाए बेस्सरी । लखक-लखक ऊ कुद्यो । तैपनि पिसाब चुहिएन चुइगमको ।

दश-पन्ध्र मिनेट बाटो हेरे । अहँ, मुत्नै सकेन चुइगमले ।

यसो पुच्छर उठाएर कठीनसँग एक डल्लो लिदी निकाल्यो । तर मरिगए पिसाब गर्न सकेन ।

बरू लत्रङ्ग लिङ्ग निकालेर हिँडिरह्यो ।

सबै कराइरा'छन्- 'खोल ! खोल !!' जति गरे पनि उसले पिसाब फेरेन ।

ऊ टाङ फट्याएर उभिन्थ्यो पिसाब फेर्न । तर आउँदैन्थ्यो एक थोपा । कनेर एक-दुई थोपा भए पनि निकाल्न खोज्थ्यो ऊ । तर सकिरहेको थिएन ।

उसका आँखैबाट बरू आँसु चुहिएर बगिरहेथे ।

कुद्दा-कुद्दा ऊ थाकेथ्यो । कुद्ने जातै हो नि खच्चड । आज ऊ कुद्न मानिरहेको थिएन । तर कुदाई-कुदाई उसलाई बचाउन खोजिरहेथे ।

'लोकल ओखतीले काम गरेन !'

माटो फुकफाक गरेर छ्यापे धनबहादुरले ।

हाम्रो तिर्पाल छेउमा आएर बस्न खोजेथ्यो चुइगम । घेरा हालेर डोरीले कसेर लडाए ।

खच्चडको लामो पुच्छर पन्छाएर चक्कुले टुप्पोमा घोचेर घाउ बनाए । त्यसरी चिरेपछि केही अत्तालियो चुइगम । पीडामा रन्थनिएर झण्डै घुँडा टोकिदिएथ्यो कुमारको ।

'खोई रगतै आउँदैन त यस्किमा टोक्नेको !'

धनबहादुरै आत्तिइसकेथे ।

थुतुनोमा पनि चक्कुले चिरे । दुई ठाउँमा काटेपछि पीडाले अत्तालिएर पिसाब फेर्दो रहेछ खच्चडले । केही अघि डाक्टरी ओखती पनि खुवाएथे ।

'गर्नु विधि सबै भयो !'

'अब एक घन्टामा पनि छ्वालछ्वाली मुतेन भने भरे फेरि गर्धनमा सुई ग्वाम्म रोप्नु पर्छ ।'

'पिर्ती, सुई ठीक पारिराख है !'

धनबहादुर कराइरहेथे ।

केहीअघि भाङ र आफ्नै पिसाब पनि खुवाएथे चुइगमलाई । तर यति धेरै ओखतीमुलो गर्दा पनि उसले पिसाब तुर्काएन ।

'खोल-खोल !'

अरू खच्चडलाई पनि पिसाब

फेर भन्दै थिए- कुमार, पिर्ती । अरूले पिसाब फेरेको देखेर कतै चुहिन्थ्यो कि चुइगमको ? आशा मरेको थिएन ।

म तिर्पालभित्र पस्दा पाखातिर लखेटिरहेकै थिए- चुइगमलाई मुताउनकै लागि । बिहानै सोधें- 'के छ खबर चुइगमको ?'

'मुत्यो, आधा रातमा !'

धनबहादुर बोले ।

'अब मर्दैन । बाँच्यो-बाच्यो !' पिर्तीले थपथाप गरे ।

खच्चडको जीवनशैली अनौठो रहेछ । आफ्नै सन्तान हुँदो रहेनछ खच्चडको । त्यसलाई घोडासँग सहबास गराएपछि खच्चड जन्मिँदो रहेछ । खच्चडका भालेपोथीको सम्भोगबाट खच्चड जन्मिँदो रहेनछ ।

खच्चडले यौनतिर्खा मेटाउन घोडालाई टोकी-टोकी सहबास गराउँदो रहेछ । खच्चडबाटै संसर्ग गर्दा सन्तान नजन्मिने भएकाले पोथी खच्चड पनि घोडातिरै आकर्षित हुँदो रहेछ ।

खच्चडहरू पिसाब फेर्न नसक्दा बिरामी हुँदा रै'छन् । पिसाब फेर्ने बेलामा कसैले बाधा पुऱ्याए- खच्चडको पेट फुल्दो रहेछ । अनि समयमा पिसाब नखुले, केही घन्टामा मर्दो रहेछ खच्चड ।

त्यै भएर पिसाब गराउने बेला-बेलामा ड्राइभरहरू कराइरहेकै हुन्थे- 'खोल-खोल !' अनि ताँती लागेर खच्चडका हुल छ्वालाला तुर्काइरहेका हुन्थे । मानौं- सानोतिनो खहरे झर्दैछ छङछङाएर ।

तिवाको उकालो चढ्दै गर्दा खोलामै रोकिएँ म ।

तल खोलादेखि नै खच्चडका बथान ठाउँठाउँमा माथि डाँडैसम्म रोकिएथे । तल पुछारमा बस्ने धनबहादुर कराए- 'खैरेहरू रोक्नु है । कोही पनि नजानु !'

अनि हामी सबै बगरमै उभियौं । बेस्सरी थियो हावा र चिसो स्याँठ । बेला-बेला घाम पनि जड्गिएर चर्कन्थ्यो । 'खोल ! खोल !!'

फकाई-फकाई धनबहादुर कराए जोडले । पिर्ती र कुमार पनि कराए चर्कैसँग- 'खोल ! खोल !!'

अनि माथि डाँडैदेखि उभिएका सबै खच्चडले छलछली पिसाब फेरे ।

एउटाले फेरेको देखेपछि अर्काले, अर्काले फेरेपछि झन् अर्काले । यसरी नै सबैले पिसाब फेरे ।

हिजैदेखि थल्लिएको चुइगमले पनि मरीतरी दुईचार थोपा तुर्क्यायो । अरूले आरी घोप्टाए झैं मुते पनि चुइगमले तुर्क्याएकोमा उज्यालो अनुहार थियो धनबहादुरको ।

उनको उज्यालोमा थपिएथ्यौं हामी पनि ! ◆◆◆

# नेपालमा लागुपदार्थ दुर्व्यसनको कारण, समस्या तथा निराकरणका उपाय



✍ गम्भीरबहादुर हाडा

चिकित्सकको परामर्श विना जथाभावी औषधी खाने प्रक्रियालाई लागुपदार्थ दुरूपयोग भनिन्छ । कुनै पनि औषधी वा वस्तुलाई नशाको रूपमा प्रयोग गर्ने प्रचलनलाई पनि लागुपदार्थ दुरूपयोग भनिन्छ। नेपालको सन्दर्भमा लागुपदार्थको दुरूपयोग प्राचीनकालदेखि नै हुँदै आएको छ । तर यसबाट उत्पन्न हुने असर वा विकृतिहरू वर्तमान समयमा ज्यादै देखिएका हुन् । गाँजा सेवन यसको राम्रो उदाहरण हो । यसको प्रयोगले नेपालको सहरी तथा ग्रामीण क्षेत्रका सम्पूर्ण तह र वर्गका मानिसलाई समेटेको छ । सन् १९६० को दशकपछि सहरी क्षेत्रमा विकसित भएको पश्चिमाहरूको हिप्पी संस्कृतिले हेरोइन, अफिम, चरेस, कोकिनको प्रयोगलाई व्यापक बनाइदियो । लागुपदार्थको दुरूपयोगले प्रयोग गर्ने व्यक्तिको जीवन बर्बाद गर्छ नै यसबाहेक परिवार, समाज र देशकै अर्थतन्त्र र संस्कृतिलाई नष्ट पार्दछ । समाजमा हत्याहिंसा, चोरीडकैती, वेश्यावृत्तिजस्ता विकृतिहरूबाट मानिस आक्रान्त बन्न पुग्दछन् । नेपालमा खास गरी साथीभाइको संगत, बेरोजगारी, परिवारको भूमिकामा कमी, पश्चिमा संस्कृतिको प्रभाव, लागुपदार्थको व्यापारबाट छिट्टै धनी बन्ने व्यापारीका चिन्तन आदिले नेपालमा लागुपदार्थको दुरूपयोग बढ्दो छ । विश्व स्वास्थ्य संगठन (WHO), को परिभाषा अनुसार लागुऔषध भनेको कुनै पनि किसिमको रासायनिक पदार्थ हो । जुन स्वस्थ (Normal) शरीरको लागि प्रयोग गर्न आवश्यक छैन र यसको प्रयोगले शारीरिक (Biological), कार्य तथा यसको बनावटमा परिवर्तन ल्याउन सक्छ । नेपालको लागुऔषध नियन्त्रण ऐन, २०३३ का अनुसार लागुऔषध भन्नाले गाँजा, औषधोपयोगी गाँजा, अफिम, तयारी अफिम, औषधोपयोगी अफिम, कोकाको भारपात, अफिम वा

कोकाको सारतत्व, मिश्रण वा लवणसमेत मिलाई तयार गरिने पदार्थ र सरकारले तोकिदिएका प्राकृतिक वा कृत्रिम लागुऔषध तथा मनोद्वीपक पदार्थ (साइकोट्रपिक सब्स्टान्स) र तिनको लवण तथा अन्य पदार्थ सम्झनुपर्छ ।'

नेपालमा लागुऔषधको स्थितिलाई केलाउँदा पुरानो समयमा गाँजा, भाङ, धतुरो आदि चाडपर्वहरूमा साधारण मानिसहरूले र जोगी जस्ताहरूले चाडपर्वहरूमा मठ, मन्दिरमा सेवन गर्ने गर्दथे भने कतिपयले बिरामी भएको अवस्थामा औषधोपचारको रूपमा समेत सेवन गर्ने प्रचलन थियो । विकसित देशहरूमा विकासको लहरसँगै आएको विकृतिहरू विगत ३० वर्षको समयमा बढ्दो बेरोजगारिता, मनोविनोदका साधनहरूको उपलब्धि तथा प्रयोग, विशेषतः युवा पिढीका बढ्दो आकांक्षाहरूबाट अशान्त मनस्थिति हुनु आदि कारणहरूले लागुऔषधप्रतिको बढ्दो भुक्तान यिनै वर्षहरूमा विशेषतः पाश्चात्य देशहरूमा देखिएको र त्यसको प्रभाव हाम्रो देशमा समेत पर्न गएको देखिन्छ । लागु औषधीलाई लागुऔषध नियन्त्रण ऐन २०३३ को दफा ३ मा लागुऔषध भन्नाले गाँजा, औषधोपयोगी गाँजा अफिम, तयारी अफिम, ओषधोपयोगी अफिम, कोकाको झार र पात, तत्कालीन श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको प्राकृतिक वा कृत्रिम लागु औषध वा मनोदिपक पदार्थ र तीनका लवणहरू तथा अन्य पदार्थहरू समेत सम्झनुपर्छ भन्ने उल्लेख गरिएको छ । लागुऔषधको दुर्व्यसनीको कथा मानिसको दुःखद अन्तको कथा हो भने लागुऔषधको व्यापारको कथा मानिसको क्रुरता तथा अन्धो स्वार्थीपनको उत्कृष्ट उदाहरण हो । यौन विकृति तथा वेश्यावृत्ति, परिवार भित्र अशान्ति, झै-झगडा, चोरी, लुटपाट जस्ता सबै अपराधमा लागुऔषधको दुर्व्यसन र दुरूपयोग सदैव अप्रत्यक्षरूपमा सघाउ पुऱ्याइरहेको हुन्छ । लागुऔषधको कारोबार गर्ने अपराधीहरूलाई समन गर्न विभिन्न देशहरूले विभिन्न नीति निर्धारण गरेका छन् । ती देशहरूमा जस्तै लागुऔषधबाट उपार्जित सम्पत्ति जफत गर्ने कानूनी प्रक्रिया अपनाउन नेपालमा पनि प्रयास हुँदै आएकोमा प्रभावकारी कानूनी प्रावधानको अभावमा यो उद्धेश्य पूरा हुन सकेको छैन । यस्तो कानूनी व्यावधानको निवारणको लागि हाल संसद्‌बाट पारित भएको नयाँ लागु औषध सम्बन्धी ऐन, २०३३ को संशोधित रूपले यसको प्रयोग र सफलताको लागि बढी आशावादी बनाएको छ । साथै यस ऐनको बलियो आधार भएमा प्रायः

लागुऔषध नियन्त्रण कार्य गर्ने निकायहरूले ती अपराधीहरूलाई त्यही प्रहार गर्न सक्दछन् जहाँ उनीहरूलाई बढी मर्म पर्न जान्छ र त्यो हो लागुऔषधको कारोबारबाट उपार्जित सम्पत्तिको सरकारी करण । तर एउटा अति महत्वपूर्ण कुरा के छ भने लागुऔषध नियन्त्रण गर्ने कार्यमा रोकथाम पक्षलाई कम महत्व दिएर कानूनी कार्यान्वयन पक्षलाई मात्र प्राथमिकता दिँदा सम्पूर्ण योजना नै लंगडो जस्तो हुन जान्छ । हामीले समाजको, लागुऔषध समस्याप्रतिको सम्पूर्ण धारणालाई नै परिवर्तन गर्नुपर्दछ । त्यसको लागि कानूनी कार्यान्वयन भन्दा पनि जनचेतना तथा अन्य शैक्षिक नीतिले अझ बढी महत्वपूर्ण र प्रभावकारी भूमिका खेल्न सक्दछ ।

लागुपदार्थलाई दुई समूहमा विभाजन गर्न सकिन्छ । अवैध घोषित भएका र रोक तथा कानूनी रोक नलागेका पदार्थहरू । चुरोट, बिडी, खैनी, रक्सी, जस्ता नरम लागुपदार्थहरूलाई कानूनले यसको सेवन बन्द गरेको छैन । तर यी पदार्थ पनि धेरै समय प्रयोग गरे दम, क्यान्सर, ब्रोङ्काईटीस जस्ता रोग उत्पन्न हुँने हुँदा अर्को जस्तै हानीकारक हुन आउँछ । मानव जीवनका निम्ति स्वस्थ, सफल र दीर्घायु हुन ड्रग आवश्यक छ तर जब एउटा उद्धेश्यका लागि निर्माण गरिएको औषधी अर्को उद्धेश्यले चिकित्सकको निरीक्षण र सल्लाह बीना नै आफूखुसी प्रयोग गरिन्छ । त्यसलाई औषधीको दुरूपयोग वा दुर्व्यसन (Drug Abuse) भनिन्छ । यस प्रकारको सेवनले पीडा, थकान र दुखाईलाई कम गरी निन्द्रा लगाउनुका साथै शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक संरचना र क्रियात्मक पक्ष नै परिवर्तन गरिदिन्छ । यसैलाई लागुऔषधी (Naroctio Drug) भनिन्छ । लागुऔषध अपराध एक मानव सिर्जित विश्वव्यापी समस्या हो । यसले राष्ट्रको आर्थिक, सामाजिक, उत्पादनशील जनशक्तिलगायत सबै पक्षमा नकारात्मक प्रभाव पार्दछ । लागुऔषध दुर्व्यसन केवल आपराधिक गतिविधिसँग मात्र सम्बन्धित नभएर यो एउटा जटिल सामाजिक समस्याको रूपमा पनि देखा परिरहेको छ । विगतमा गाँजा, चरेस र हेरोइनको सेवनमा सीमित रहेका लागुऔषध प्रयोगकर्ताहरूले सन् १९९० को दशकको शुरूवातसँगै सुईको माध्यमबाट समेत लागुऔषध प्रयोग गर्न थालेका छन् । त्यसमा पनि १३ देखि १९ उमेरबीचका युवक युवतीहरू लागु औषध दुर्व्यसनमा बढी आकर्षित हुने गरेको विभिन्न अध्ययनहरूबाट थाहा हुन आएको छ । खासगरी भारतसँगको खुला सिमानाको कारणले गर्दा

लागुऔषधका अन्तर्राष्ट्रिय माफियाले नेपाललाई अवैध कारोबारको परिवहन बिन्दुको रूपमा समेत प्रयोग गर्ने गरेको पाइन्छ । विशेष गरी तराईका जिल्लाहरूमा अवैध गाँजा तथा अफिम खेती गर्ने प्रवृत्ति बढ्दै गएको छ भने लागुऔषध तथा मनोद्वीपक पदार्थहरूको अवैध बेचबिखन तथा ओसारपसारका कारण हाम्रा सामु बग्रेल्ती चुनौतीहरू देखिएका छन् ।

लागुऔषध दुर्व्यसन रहित स्वस्थ र समुन्नत समाजको प्राप्तिको लागि लागुऔषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ लागु भइसकेको छ । लागुपदार्थको अवैध ओसार-पसार, कारोबार एवं आपूर्तिमा कडाईका साथ नियन्त्रण (Supply Control) गरी यससँग सम्बन्धित अपराधमा कमी ल्याउन विभिन्न नियन्त्रणमुखी कार्यक्रमहरू सञ्चालन गर्नु पनि उत्तिकै जरूरी छ । यसैगरी लागुपदार्थको अवैध खेती एवं ओसारपसारलाई निरूत्साहित गर्न विभिन्न दवावमूलक कार्यक्रमका साथै सोसँग सम्बन्धित सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी तुल्याउनु, आवश्यक देखिन्छ । अतः लागुऔषधको प्रयोगबाट जोखिममा परेका समूहहरूको पहिचान गरी त्यस्ता समूह लक्षित समुदायमा आधारित विभिन्न कार्यक्रमहरू सञ्चालन गरी लागुपदार्थको माग घटाउ (Demand Reduction) अभियानलाई थप प्रभावकारी बनाउनु जरूरी छ ।

नेपालमा लागुऔषध दुरूपयोग नियन्त्रणका लागि खासगरी गृह मन्त्रालय क्रियाशील रहेको छ । यस क्रममा मन्त्रालय मार्फत लागुऔषध दुरूपयोगको माग घटाऊ कार्यक्रम, आपूर्ति नियन्त्रण अभियान र क्षति न्यूनीकरणका कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन भइरहेका छन् ।

लागुपदार्थ प्रयोगका प्रकारहरूमाः प्राकृतिक लागुपदार्थहरू (Natural Drugs) भन्नाले शुरूको उत्पादन अवस्थालाई जनाउँदछ । यो केवल बिरूवाको रूपमा हुन्छ र यसलाई साधारण तरिकाले प्रशोधन गरी प्रयोग गर्ने गरेको पाइन्छ । जस्तैः गाँजा, चरेस, कोका (कोकाबाट Cocaine बनाइन्छ) आदि । अर्ध औषधी मिश्रित लागूपदार्थ (Synthetic Drugs) भन्नाले बिरूवाका रूपमा प्रयोग भएको पदार्थलाई प्रशोधन गरी प्रयोग गर्न योग्य तुल्याइएको पदार्थलाई जनाउँदछ । जस्तैः मर्फिन, हिरोइन, कोकिन, गाँजा (Mariduana) आदिका पाउडरहरू यस श्रेणीमा पर्दछन् । यिनलाई निकै असरदार मानिएको छ । आजको विश्वमा प्राय यसै प्रकारको लागुपदार्थ सेवन गरेको पाइन्छ । औषधी मिश्रित लागुपदार्थ

(Synthetic Drugs) यो पूर्णतया रासायनिक तत्वहरूको मिश्रण गरी बनाइएको हुन्छ । यस्ता प्रकारका औषधीहरू निकै असरदार हुन्छन् । LSD (Lyserigic Acid Dielhylan Phetamine), DC (Phemyclidile), Aerosols gasoline, glues, कोडिन, फस्फेट चक्की, फोर्टविन, डाइजिन आदि ।

लागुऔषधलाई विभिन्न किसिमबाट वर्गीकरण गर्ने गरिन्छ । लागुऔषधको प्राप्तिको स्रोतको हिसाबबाट प्राकृतिक र कृत्रिम गरी दुई किसिमबाट वर्गीकरण गरिन्छ भने कानूनी रूपमा कानूनी, गैर कानूनी र नियन्त्रित गरी तीन प्रकारमा बाँड्ने गरिन्छ । त्यसैगरी लागुऔषधको असरको हिसाबबाट हेर्दा यसलाई निम्नानुसार वर्गीकरण गर्ने गरिन्छ ।

**(क)** स्वापकजन्य वा पीडाहरू (Narcotic Analgesic),

**(ख)** अवसादक वा आलस्यजनक (Depressants),

**(ग)** उत्तेजक (Stimulants),

**(घ)** मतिभ्रामक (Hallucinogens)

निद्रा लगाउने, चेतनाको अवस्थामा बदलाब ल्याउने, साथै पीडाहरू कम गराउन प्रयोग गरिने औषधीलाई स्वापकजन्य वा पीडाहरू (Narcotic) भनिन्छ । केन्द्रीय स्नायु प्रणालीको गति वा कामलाई तीव्र गति दिने औषधीलाई उत्तेजक भनिन्छ । यस वर्गमा पर्ने औषधीहरूले उत्तेजना बढाउने, भोक हटाउने र थकाई मेटाउने जस्ता प्रभाव पार्दछन् ।

वर्षेनी हजारौंको संख्यामा बढ्दै गइरहेको लागुऔषध दुर्व्यसन, लागुऔषधको बढ्दो अवैध खेती, उत्पादन, भण्डारण तथा ओसारपसार विश्वव्यापी आर्थिक सामाजिक महामारीको रूपम रही आएको छ । विश्व लागुऔषध प्रतिवेदनका अनुसार विश्वका करिब ६ प्रतिशत मनिसहरू लागुऔषध सेवन गर्दछन् । विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०१५ मा ४ लाख ५० हजार व्यक्तिले लागुऔषध सेवनका कारण ज्यान गुमाए (विश्व ड्रग प्रतिवेदन, २०१८) । नेपालको लागुऔषध सर्वेक्षण २०६३ र २०६९ अनुसार वार्षिक करिब ११ प्रतिशतले लागुऔषध प्रयोगकर्ताको संख्यामा वृद्धि भइरहेको छ । त्यसैगरी कुल अपराध मध्ये ७ प्रतिशत अपराध लागुऔषधसँग सम्बन्धित रहेका छन् (NCB, 2018) ।

नेपालमा लागुपदार्थका दुर्व्यसनीहरू माथि गरिएको अध्ययन अनुसार यस्तो आदतमा पर्नुका कारणहरू निम्नानुसार देखिएका छन् :-

**(१)** बेरोजगारी, पारिवारिक बिछोड तथा

आवश्यक माया ममताको अभावमा हीनताबोध भई कतिपय युवा युवतीहरू यस्तो कुलतमा परेको पाइएको छ ।

(२) किशोर अवस्था स्वभावैले कौतुहलपूर्ण हुन्छ । कुनै पनि कुराको अनुभव लिने जिज्ञासा उनीहरूमा हुन्छ । यस क्रममा कहिलेकाहीं आफै उत्सुक भई नसालु पदार्थको सेवनतर्फ अग्रसर हुन्छन् ।

(३) लागुपदार्थको सेवन तथा कारोबार नियन्त्रणको लागि सरकारले दबाबका कारणले नियन्त्रणका उपायहरू प्रभावकारी हुन सकेका छैनन र अरू संरक्षण पाइरहेका छन् ।

(४) मानिसलाई विभिन्न किसिमका आर्थिक, पारिवारिक सामाजिक संकटहरू आइपर्दछन् । यस्ता संकटले तनावको अवस्था निम्त्याउँछन् । उनीहरू तनावबाट मुक्त हुन नसालु पदार्थको सेवनतर्फ हुँदै क्रमशः कुलततर्फ जान्छन् ।

(५) कतिपय युवा युवतीहरू बढी महत्वाकांक्षी हुन्छन् । उनीहरू लक्ष्यमा पुग्न नसक्ने अवस्थामा तनावयुक्त हुन्छन् । यस्तो तनावबाट मुक्त हुन लागुपदार्थको सेवन आवश्यक हुन्छ भन्ने गलत सोचाई भएको पाइन्छ ।

(६) ठूलो मानिसको सिको गर्न खोज्दा, उत्सुकता, अज्ञानतावशको कारणले, अधिकार खोज्न-अधिकारको लागि शरीरलाई सुरो तुल्याउनु, समाजको पुरातन धारणा नमान्न लागुपदार्थ लिएर सुरक्षित रहने महसुस गरी विद्रोह गर्नु आदि।सहरीकरण र बेरोजगारी साथीहरूको अनुरोध हार्न नसकेर । छोराछोरीलाई दिएको पैसाको कसरी उपयोग भएको छ भनेर खोजी नीति नगर्नु, छोराछोरीलाई झुठा आश्वासन दिनु, छोराछोरीलाई नराम्रो क्रियाकलाप र व्यवहार गर्नबाट नरोक्नु, छोराछोरीको आवश्यकता, उमेरको परिवेश र बाहिरी वातावरणको तारतम्य मिलाउन नसक्नु ।

(७) पाश्चात्य देशहरूमा लागुऔषधको बढ्दो प्रयोग भएबाट त्यसको प्रभाव पर्नु, बढ्दो पर्यटकहरूको आवागमन र तिनीहरूबाट लागुऔषधको प्रयोग गर्नु, पुरातन समयदेखि नै लागुऔषध प्रयोगको परम्परा रहनु ।

(८) लुकाई छिपाई लागुऔषधको खेती हुनु, लागुऔषध नियन्त्रणमा संलग्न संघसंस्थाको समन्वय नरहेको र प्रभावकारी रूपमा समेत कार्य गरेको नदेखिएको, लागुऔषध नियन्त्रण ऐनले दोहोरो जवाफदेही काम गरेको हुँदा झन् काम हुन नसक्नु ।

(९) लागुऔषध सेवन तथा बिक्री वितरणको वास्तविक स्थितिको अध्ययन गरी त्यसलाई प्रभावकारी तरिकाबाट नियन्त्रण गर्ने ठोस मार्ग निर्देशन निर्क्योल नहुनु ।

(१०) साथीहरूको बचनलाई नकार्न नसक्नु र लागुऔषध सेवन गर्ने

साथीहरूको संगत हुनु, कसैले लागु औषध प्रयोग गरेको देखिएमा जानकारी बिना नै त्यसको नक्कल गर्नु ।

(११) घर परिवार र साथीभाइबाट सकारात्मक र रचनात्मक सहयोग र सुझावको अभाव हुनु र मदिरा तथा धुम्रपानको खुला र वैधानिक कारोबार हुनुको साथसाथै लागुऔषधीको प्राप्ति सहज हुनु पनि लागुऔषधी प्रयोग गर्नुका केही कारणहरू रहेका छन् ।

**लागुपदार्थ दुर्व्यसनका लक्षणहरू (Symptoms of Drug Addiction)**

लागूपदार्थ सेवन गर्ने व्यक्तिलाई हत्तपत्त ठम्याउन गाह्रो परेता पनि सामान्यतया निम्न लक्षणका आधारमा उनीहरूको पहिचान गर्नमा सहयोग पुग्ने पाइन्छ :

- स्वभाव, आनीबानीमा परिवर्तन आउँदै जानु, जस्तैः प्रसन्न र चलाख मानिस एकाएक खिन्न र सुस्त हुनु ।
- साना–साना कुरामा झर्कनु वा रिसाउनु
- जिब्रो लरखराउनु, मुख र शरीरबाट दुर्गन्ध आउनु,
- पढ्नमा मन नलाग्नु, स्कूलमा अनियमित हुनु,
- मानसिक स्थिति ठिक नभएको व्यक्ति जस्तो जताततै बरालिएर हिँड्नु
- स्त्री भएमा देह व्यापारमा संलग्न हुनु,
- सरसफाइमा ध्यान दिन छाड्नु,
- खानेकुरामा रूचि हराउनु र बढी पानी पिउन थाल्नु,
- औषधीका चक्की, झोल औषधी, इन्जेक्सनको सुई धूलो औषधी, चुरोटको झिलमिले कागज आदि वस्तुहरू खल्तीमा वा कोठामा फेला पर्नु आदि ।
- आँखा रातो देखिनु, बोली लर्बरिनु र लट्ठ देखिनु
- अचानक स्वभाव, बोल्ने भाषा, पहिरनमा परिवर्तन आउनु
- विनाकारण झगडा गर्नु र परिवारबाट टाढा रहन खोज्नु
- सधैं नयाँ बहाना बनाएर चाहिनेभन्दा बढी पैसा माग्नु र खर्च गर्नु
- घरबाट पैसा र अन्य बहुमूल्य सामानहरू हराउनु
- शौचालयमा लामो समय बिताउनु
- कपडामा गाँजा जस्ता पदार्थहरूको गन्ध आउनु तथा गाँजाका दाना भेटिनु,
- शरीरमा काटिएको खत, निलडाम, चोटपटक देखिनु
- व्यक्तिगत सरसफाइमा ध्यान नदिनु, एउटै कपडा धेरै दिनसम्म लगाई राख्नु
- हेर्दा बिरामी वा कुपोषण लागेको जस्तो देखिनु, बान्ता गर्नु, डराउनु, काम्नु
- घरमा अनावश्यक र नयाँ साथीहरू ल्याउनु
- स्कुल/कलेजमा बारम्बार अनुपस्थित

हुनु र पढाइमा ध्यान नदिनु

- सुत्ने र उठ्ने समयमा अचानक परिवर्तन आउनु,
- लाइटर, चाँदी जल रङको कागज, मसिनो पाइप, बेरिएको नोट, औषधीका शिशीहरू, ब्लेड, सुई, सेतो/खैरो धुलो, आदि भेटिनु आदि ।

लागुऔषध तस्करमा अवरोध हटाउन आर्थिक स्रोतको प्रयोग र राजनीतिक चलखेल गरी राज्य शासनमा आफ्नो अनुकूलको राजनीतिक नेतृत्व ल्याउन, सुरक्षा अधिकारीलाई रकम दिएर खरिद गर्ने, विरोधीहरूको हत्या जस्ता आतंककारी गतिविधिलाई नार्कोटेररिज्म भन्दछ । लागुऔषधको अर्थोपार्जन विश्वव्यापी संगठित आपराधिक संजाल विस्तार गर्नेदेखि लिएर राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीतिक प्रभुत्व कायम गर्ने गतिविधिमा प्रयोग हुने गरिएको छ । कोकिन दक्षिण अमेरिकाको एन्डिएन देशहरू बोलिभिया, कोलम्बिया, पेरूमा उत्पादन हुन्छ । कोकाको पातलाई प्रशोधन गरेर कोकिन बनाइन्छ । कोकिनको मूल्य अत्याधिक भएकोले धनी राष्ट्रमा तस्कर हुने र धनाढ्य वर्गले नै दुर्व्यसन गर्दछ । यसैले कोकिनलाई धनी (रिच एलिट ड्रग) लागुऔषध भनिन्छ । नेपालमा विभिन्न लागुऔषध दुर्व्यसनीहरूको संख्या एक लाख रहेको आँकलन गरिएको । लागु औषध दुर्व्यसनीहरूले पारिवारिक वातावरण

**गजल**



✍ **टिकाराम दुलाल**

सिधा सिधा आँखा नजुदाउने सँग डराउनु
कसैको सामु स्वयम् नआउनेसँग डराउनु

कर्के नजरले बिगार्छ दोचारेले पो बिगार्छ
मैलो हैन यहाँ अत्तर गनाउनेसँग डराउनु

गरिब मनको धनी हुन्छ धनी पिपासु जस्तै
सेतो हैन कालो कोट लाउनेसँग डराउनु

यहि छ फरक जीवनदाता र न्यायदातामा
आमाको आँसु अहो बिकाउनेसँग डराउनु

दुस्मन हुदैनन् भाइ भाइ कोही र कसैको
घरमा वा देशमा भाइ लडाउनेसँग डराउनु

अशान्त र तनावपूर्ण बनाएका छन् । स्थानीय र अन्तराष्ट्रिय तस्करहरूले नेपाललाई ट्रान्जिटको रूपमा हेरोइन, अफिम, कोकिन तस्कर गर्न प्रयोग गरेको र गाँजा, चरेस, तरल चरेस नेपालबाटै युरोप, अमेरिकाको बजारमा तस्करी गर्ने गरेको छ । लागु औषधको दुर्व्यसनीहरूको संख्या २०१४ मा दुई अर्ब नौ करोड र प्रति वर्ष दुई लाख दुर्व्यसनीहरू मृत्यु हुने गरेको देखिन्छ । दुर्व्यसनीहरू २०५० सम्ममा २५ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । साथीहरूको दबाब, विरक्तता, उत्सुकता, असफल, अप्ठ्यारा परिस्थितिबाट पन्छिन खोज्ने युवालाई लागुऔषध विक्री गर्नेहरूले समस्या समाधान हुने गलत सल्लाह दिएर क्षणिक आनन्द प्राप्तीको लागि सेवन गराउने गर्छन् । एम्फोमिनको असरलाई अङ्ग्रेजीमा "सामोरिया" सस्त्रबोध भन्छन् । चिकित्सा विज्ञान अनुसार मानवको मस्तिष्कमा सेरोटेनिन र एन्डोरफिन्स दुई प्रकारका रासायनहरू बन्छन्, जसले मानवको मनस्थिती, भावना, स्वभाव, पिडा र आवेगमा असर गर्दछ । यस प्रकारको लागुऔषधले रासायनिक पदार्थले असर गरेजस्तै गर्दछ । त्यही प्रकारको असर गर्ने लागुऔषध सेवन गरेमा मस्तिष्कमा रहेका रासायनहरू बनाउने ग्ल्यान्डहरू निष्क्रिय हुन जान्छ । फलस्वरूप सेवनकर्ताले मानसिक र शारीरिक रूपमा सामान्य हुनको लागि अनिवार्य र नियमित रूपमा लागुऔषध सेवन गर्नुपर्ने हुन्छ ।

लागुऔषध त्यस्तो खतरनाक चिज हो जसले जस्तोसुकै व्यक्तिको जीवन लागुऔषधमा निर्भरता बनाउछ । शिक्षित, अशिक्षित, धनी, गरिब, कुनै वर्ग, जाति, लिङ्ग भन्ने हुँदैन । जस्तो सुकै व्यक्तिको पहिचान सकारात्मकबाट नकारात्मक बनाउँछ । जति नै सभ्य समाज भए पनि असभ्य बनाउँछ ।

लागुऔषध मानिसले पहिलो चोटी भ्रममा परेर सेवन गर्दछन् । सेवन गरिसकेपछि केन्द्रिय स्नायु प्रणालीमा असर पर्न गई भ्रम सिर्जना गर्दछ र त्यही भ्रममा परेर बारम्बार प्रयोग गरिरहन्छन् । लागुऔषध सेवन गर्ने धेरै कारणहरू छन् । जस्तैः साथीभाइको दबाब, उत्सुकता, डर, चिन्ता, असफलता, वियोग, मनोरञ्जन, फरक र अलग वा फेसनेवल शैली आदि भएता पनि हाल आएर सेवन गर्नुको कारणमा घरका अभिभावक, वैदेशिक रोजगारमा जानु र पर्याप्त मात्रामा पैसा हुनुको कारणले सेवन गर्ने प्रयोगकर्ताहरू बढ्न थालेको अवस्था छ । मानिसको उमेरसँगै शारीरिक अंग अनि विचारहरू पनि विकसित हुँदै जाने अवस्थामा स्कूल कलेजका विद्यार्थीहरू लागुऔषधको

धरापमा परिरहेको वा स्कूल कलेजदेखि सेवन गर्नेको संख्या बढिरहेको पुष्टि माथिको अभिलेखले पुष्टि गर्दछ, किशोर अवस्थामा ज्ञान कम र उत्सुकता बढी भएको कारणले फस्न फसाउन सजिलो हुने । समूहमा रहने हुनाले एक अर्काबाट सजिलै प्रभावित गराउन सकिने, स्कूल कलेजमा लागुऔषध विरूद्ध सम्बन्धी सचेतना अभियानका कार्यक्रमहरू नहुनाले स्कूल र कलेजका विद्यार्थीहरू लागुऔषधको धरापमा फसिरहेका छन् । शिक्षाको मुख्य लक्ष व्यक्तिको व्यवहारमा सकारात्मक परिवर्तन गर्दै समाज र देशलाई नै परिवर्तन गराउने, प्रगतिको नयाँ उचाइमा देश र आफूलाई पुऱ्याउनु भन्ने हुनु पर्दछ भन्ने सिद्धान्तलाई आत्मसाथ गरेर विद्यार्थीको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन लागुऔषध विरूद्ध कार्यक्रम संचालन गर्न सकेमा लागुऔषधको धरापबाट धेरै विद्यार्थीहरू बच्ने कुरामा दुई मत छैन । लागुऔषध केही समय प्रयोग गरिसके पछाडि मानिस त्यसमा निर्भरता छन् । अर्थात लागुऔषध सेवन नगरी ऊ केही गर्न नसक्ने अवस्थामा पुग्छ । त्यस अवस्थालाई दुर्व्यसनको रोग "Diseases of addiction" भनिन्छ । आजभन्दा ६ दशक अगाडि विश्व स्वास्थ्य संगठन र अमेरिकन मेडिकल साईन्सले विभिन्न अनुसन्धानपछि लागुऔषध प्रयोगकर्ताहरू रोगी हुन भनेर सामान्य प्रदान गरे पनि नेपालको सन्दर्भमा अहिले पनि अपराधीको रूपमा हेरी अपहेलना र सजाय दिइरहेको अवस्था छ । प्रयोगकर्तालाई पक्रेर जेलमा राखेर वा सजाय दिएर समस्याको समाधान हुने भए रोग हो भनेर प्रमाणित हुने नै थिएन । जेलमा बसेर उसले जुन समय बर्बाद गर्दछ धरौटी बापतको जुन रकम उसले बुझाउँदछ त्यो समय र रकम उपचारमा खर्च गर्ने हो भन्ने अधिकतमले सेवन गर्न छोडने कुरामा दुइमत छैन । जेलमा बसेर निस्किदा आफूमाथि अपराधिको उपनाम, आत्माग्लानी समाजमा घुलमिलमा समस्या आदि कारणले गर्दा ९९ प्रतिशत पुनः नसा सेवन गर्ने सम्भावना ।

**लागुऔषध नियन्त्रण ऐन २०३३ सँग सम्बन्धित अन्य ऐनमा रहे भएका व्यवस्थाहरूः**

लागुऔषध नियन्त्रण ऐन २०३३ को उद्धेश्य प्राप्तिका लागि यो ऐन पर्याप्त छ भन्न सकिदैन । अनुसन्धान तहकिकात र मुद्दा दायर गर्ने प्रक्रिया, अपराध अपराधी पत्ता लगाई तत् सम्बन्धमा कानूनी कारबाही गर्न अरू ऐनबाट व्यवस्थित पदाधिकारीहरूको भूमिका समेतलाई दृष्टिगत गर्दा निम्न बमोजिम केही नेपाल ऐन तथा कानूनी

व्यवस्थाहरूको सम्बन्ध लागुऔषध नियन्त्रण ऐन २०३३ सँग अन्योन्याश्रित रूपमा रहेको पाइन्छ ।

**सरकारी मुद्धा सम्बन्धी ऐन २०४९ः**

लागुऔषध नियन्त्रण ऐन २०३३ अन्तर्गत सजाय हुने मुद्धाहरू सरकारी मुद्धा सम्बन्धी ऐनको अनुसूचि १ मा समावेश भएको कारण लागुऔषध सम्बन्धी मुद्धाहरूको अनुसन्धान तहकिकात र मुद्धा दायर गर्दा यस ऐन र अन्तर्गत बनेको नियमावली अनुसार गर्नुपर्ने हुन्छ । अर्को शब्दमा भन्ने हो भने अपराधको सूचना जाहेरी दरखास्तको रूपमा दर्ता भए पश्चात अभियुक्त पक्राउ गर्ने र अभियुक्तलाई दशी सहित अदालतमा उपस्थित गराउने, हिरासतमा राख्न अनुमति लिने, सरकारी वकिल समक्ष अनुसन्धान अधिकृतले बयान लिने सनाखत गराउने, अन्य प्रहरी कार्यालयको क्षेत्र भित्र अपराध भएमा सम्बन्धित प्रहरी कार्यालयलाई सूचना दिने तहकिकात गरी सबुत प्रमाण संकलन गर्ने, प्रमाण परीक्षण गराउने, खानतलासी गर्ने विशेषज्ञको राय लिने, सनाखत गराउने सरकारी वकिल समक्ष प्रारम्भिक परीक्षण पठाउने र निर्देशन लिने, राय सहित अनुसन्धान मिसिल सरकारी वकिल कहा पठाउने, मुद्धा नचलाउने निर्णय भएमा जाहेरवालालाई सूचना दिने, हिरासतमा रहेका व्यक्तिहरूलाई सरकारी वकिलको सहमतिमा हाजिर जमानतमा छाड्ने यस ऐन अन्तर्गत अनुसन्धान गरिएको मुद्धा अनुसन्धान पश्चात अर्को निकायसँग सम्बन्धित देखिए सोहीमा पठाउने लगायतका प्रक्रियागत काम कुराहरू सरकारी मुद्धा सम्बन्धी ऐन २०४९ अन्तर्गत सम्पन्न हुन्छन् । यहीनेर लागुऔषध नियन्त्रण ऐन २०३३ ले व्यवस्था गरेको औषधी नियन्त्रण प्रशासन, लागुऔषध कानून कार्यान्वयन निकाय मुख्य औषधी नियन्त्रण अधिकारी, अनुसन्धान अधिकारी जस्ता बुँदाहरूमा चर्चा गरिनु सान्दर्भिक हुन्छ ।

लागुपदार्थको दुरूपयोगको रोकथाम त्यति बेला मात्र हुन सक्छ जब सरकार र समुदायले मिलेर नियन्त्रणका कदमहरू चाल्न सक्छन् । यदि लागु पदार्थहरू बजारमा सजिलै पाइन्छन् भने अभिभावक तथा शिक्षकहरू छोराछोरी तथा विद्यार्थीको आनीबानीको ख्याल गर्दैनन् भने र समुदायले भावी पुस्ताको बारेमा सचेत हुँदैन भने लागु पदार्थको दुरूपयोगलाई नियन्त्रण गर्न सकिँदैन । अतः अभिभावकहरूले आफ्ना बच्चाहरूको रेखदेखमा ध्यान पुऱ्याउने, उनीहरूको क्रियाकलापमा चासो राख्ने, तिनीहरूको समस्या समाधान गर्न सहयोग गर्ने आदि क्रियाकलापहरू गर्नुपर्दछ ।

विद्यालयका शिक्षकहरूले पनि किशोरावस्थाका विद्यार्थीहरूलाई लागुपदार्थको प्रयोग गर्न बाट रोक्न सक्दछन् । लागुपदार्थको दुरूपयोगबाट उत्पन्न हुने खराब असरहरूको बारेमा छलफल गर्ने, विद्यार्थीहरूलाई सिर्जनशील कार्यमा लाग्न उत्साहित पार्ने किशोरावस्थाका समस्याहरूका बारे छलफल गरी समाधान गरिदिने कार्यबाट युवायुवतीहरूमा सकारात्मक असर पर्दछ । त्यसैगरी समुदायले आफ्नो क्षेत्रभित्र लागुपदार्थ खरिद बिक्रीमा रोक लगाउने । थाहा पाएमा सुरक्षाकर्मीलाई सूचना दिई सहयोग गर्दा पनि लागुपदार्थको दुरूपयोगलाई नियन्त्रण गर्न सकिन्छ ।

लागुऔषध सेवन तथा बिक्री वितरण गरिरहेको व्यक्तिलाई उपचार गराउनु पर्दा लागुऔषधको कम मात्रा दिंदै उपचार गराउनु पर्ने अवस्था सिर्जना हुन्छ र दफा ५ बमोजिम अनुमति प्राप्त पसलबाट लागुऔषध खरिद गर्न सकिने कानूनी व्यवस्था भए तापनि व्यवहारमा त्यो लागू छैन । जसले गर्दा लागुऔषधको व्यापारलाई प्रश्रय दिएको देखिन्छ । त्यस्तै चिकित्सकले बद्नियत साथ बढी डोज प्रेस्काइव गरेमा रोक्ने कानूनी व्यवस्था छैन । लागुऔषध मुद्धाको अनुसन्धान तहकिकात गर्दाका प्रक्रियाहरूमा बरामदी गराउँदा बस्ने साक्षीहरू खोज्न गाह्रो पर्दछ । त्यस्तै सर्जमीनमा बस्न समेत गाह्रो मान्ने स्थिति हुन्छ लागु औषध अन्तर्राष्ट्रिय स्तरको व्यापार भएको हुँदा यसमा एक ठाउँको अपराधी अर्को ठाउँमा फेला पर्दा त्यहाँ सर्जमिनको औचित्य केही देखिन्न । लागुऔषधमा संलग्न व्यक्ति अन्य देशमा जेल सजाय भुक्तान गरी आएपछि आज पुन, सोही मुद्धा चलाउँदा दोहोरो सजाय परेको देखिन्छ । जसले गर्दा स्वस्थ भईसकेको नागरिक समेत हतोत्साही हुने स्थिति रहेको देखिन्छ । लागुऔषध दूर्व्यसन सम्बन्धी चेतनामूलक कार्यक्रमहरूमा बालबालिकाहरूलाई सहभागी बनाउनुपर्दछ ।

रोकथाम, दण्ड सजाय र उपचार तथा सेवाको सन्तुलित १० वर्षे कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्ने, स्थानीय तहले रोकथामको नेतृत्व लिई सोही बमेजिम कार्यक्रम र बजेट व्यवस्था गर्ने, प्रदेश सरकारले उपचार तथा सेवाको नेतृत्व लिने, केन्द्र सरकारकाले दण्ड सजाय, कानून, नीति कार्यक्रम तर्जुमाा र अन्तर्राष्ट्रिय समन्वय एवं साझेदारी गर्ने । साथै अध्ययन, अनुसन्धान र समग्र समन्वय गर्ने, सबै क्षेत्रगत नीति र कार्यक्रमको एकीकरण (Clubbing) गरी कार्यान्वियन गर्ने र सोही बमोजिम दातृ निकाय र गैर

सरकारी संस्थाहरूको कार्यक्रम कार्यान्वयन गर्ने, लागुऔषध नियन्त्रणका मुलभूत तीन वटा आयाममा नीतिगत मार्गदर्शन र समन्वय गर्न सक्षम हुनेगरी गृह मन्त्रालयमा कम्ती एउटा छुट्टै महाशाखाको संरचना स्थापना गर्ने, लागुऔषध नियन्त्रण ब्यूरोको संस्थागत क्षमता अभिवृद्धि गर्ने, रोकथामको राष्ट्रिय नीति र निर्देशिका एवं समुदायमा आधारित उपचार तथा पुनर्स्थापना केन्द्र सम्बन्धी प्रोटोकल विकास गरी लागू गर्ने, स्वास्थ्य कर कोष र मदिरा नियन्त्रण सेवा दस्तुर वापतको रकम लागुऔषध नियन्त्रणको

रोकथाममूलक क्रियाकलापमा पनि उपयोग गर्ने । लागुऔषधका प्रयोगकर्ताको उपचार र एचआईभीको रोकथाम, उपचार र रेखदेख महिलाहरूका विशिष्ट आवश्यकता अनुरूप हुनुपर्ने । फौजदारी न्यायका पेशाकर्मीहरूले महिला तथा बालबालिकाहरूका विशिष्ट आवश्यकताहरू र खास पृष्ठभूमिलाई पहिचान गर्नु आवश्यक छ । लागुऔषधमा युवा, महिला तथा ज्येष्ठ नागरिकको संलग्नतामा भईरहेको वृद्धि र यसले बढाएको जटिलताका सम्बन्धमा अनुसन्धान, लगानी तथा नवप्रवर्तन आवश्यक छ । ♦♦♦

**कविता**

## मलामीमा जन्ती

✍ **हेमन्त प्रसाद दाहाल**



नपाक्दै ती बेल
कहाँ खान मिल्थ्यो ।
चाहँदैमा स्वर्ग
कहाँ जान मिल्थ्यो ।।

खरानी घसेरै
पनि बित्दो रै'छ ।
के नै पाउँछु भन्थें
फगत रित्तो रै'छ ।।

जता मादल बज्थ्यो
त्यतै नाँचिदिन्थें ।
अरू हाँस्या देख्दा
म नि हाँसिदिन्थें ।।

नदीतट किनार
जली लास देख्छु ।
उमेरै नपुग्दै
पनि अन्त्य देख्छु ।।

मलामीमा जन्ती
मिसिंदैछ आज ।
जनताको नाममा
पिसिदैछ आज ।।

म हुँ मेरो आज
भनी छाँद हाल्दै ।
जाने बाटो त्यै हो
मृत्यु काँध हाल्दै ।।

नियात्रा

# थकित पैताला टेकेर



✍ लीलाराज दाहाल

"हैन, यो दर्के झरीमा त नगए नि हुन्न पदयात्रामा ?" श्रीमतीको प्रेमिल कचकच थामिएको थिएन । बिहानको छ बजेर तीस मिनेट भईसकेको थियो । झमझम पानी परिरहेकै छ बाहिर ।

"जान त जान्छु ! आज शनिबार हो । एकछिनमा पानी रहन्छ होला !" यति भनेर हतार हतार झोला ठीक पार्न थालें ।

२०७६ साल श्रावण चार गते बिहान सात तीस बजेसम्म बल्खुमा उपस्थित भई सक्नु भन्ने स्नेही हुकुम छ संयोजक शीतल गिरीको ! कोठामै सात बज्न लागेकाले पानी रहने आशा नगरी झोला र छाता टिपेर हतार हतार बाहिरिन्छु कोठाबाट !

बल्खु चोक पुग्दा संयोजक शीतल गिरी र डा-धनप्रसाद सर बाहेक अन्य पदयात्रीको अनुपस्थितिले आफू छिटो दगुरेकोमा चिनी बिनाको सर्बत जस्तो खल्लो भयो मन ! अब हामी माझ अन्य पदयात्रीको प्रतीक्षा गर्नु बाहेक अरू विकल्प पनि थिएन !

पदयात्रीहरू कोही कताबाट कोही कताबाट थपिने क्रम जारी थियो । लेखक एवम् सम्पादक नवराज रिजाल, (गीतकार) संगीतकार नारायणप्रसाद भण्डारी जनकपुरी, साहित्यकार दम्पती परशुराम पराशर शारदा पराजुली, घनश्याम प्रसाईं र वसन्त रिजालको उपस्थितिले आजको पदयात्राको इज्जत जोगिने अनुमानका साथ पदयात्रा टोली बल्खुबाट प्रस्थान गरेको थियो !

कुमारी क्लबबाट बाल साहित्यकार प्रा.डा. धुर्ब घिमिरे र शुन्दरीघाटबाट मन्दिरा मधुश्री, शान्ति सापकोटा र निशा के. सी. को टोली आएर मिसिएपछि हाम्रो टोली चोभारतिर लाग्यो ।

बल्खु दक्षिणकाली सडकखण्डको टी.यु. गेट पार गरेपछि पुरै सडक अधिनस्थ गरी पदयात्रीहरू लंगमार्च गर्दै अघि बढिरहेका थियौं । हिँडाइको गति मापन गर्दै पदयात्री शारदाको ओठ

खुल्यो, "उकालो हिँड्न त जति पनि सक्छु तर ओरालोमा गाह्रो हुन्छ कि !"

"गाह्रो भए बोक्नलाई परशु दाजु हुनुहुन्छ नि ! किन आत्तिएको ?" मन्दिरा मधुश्रीले यति भन्दा एकपटक हाँसोको लहर फैलियो । बोल्न को भन्दा को कम ! हिँडेर मात्रै हो र बाटो काटिने !

चोभार गेटबाट आदिनाथतर्फ उक्लदा कोही फोटो खिच्न त कोही वनस्पति र पर्यावरण अवलोकनमा व्यस्त रहे । आदिनाथको आधा उकालो पार हुन लाग्दा पो लघुकथाकार एवं पत्रकार डिल्लीरमण सुवेदी झुल्किए । बीच बाटोमा स्वागत गर्ने उनको यस्तो शैली साँच्चै तारिफयोग्य थियो ।

हाम्रो लक्ष्य भनेको न त फोटो खिच्नु मात्रै हो न त खुरूखुरू हिँड्नु मात्रै, बरू यी सबै कुराका अतिरिक्त जनजीवन र संस्कृतिको अध्ययन, अवलोकन मुख्य कुरा हो । केही बेरमै हामी सल्लाघारी बिचैबिच उक्लिदै आदिनाथको मन्दिर परिसरमा पुग्यौं । मन्दिर पुजाको विरोध गरे पनि मन्दिर पुगेपछि कसैले घण्ट बजाएको, कसैले पुजारीबाट टीका थापेको त कसैले मूर्तिमा शीर राखेको दृश्य भने रमाइलो थियो !

आजको बारेमा तपाइँले लेख्नु पर्ने भएकोले यस मन्दिरको संस्कृति र पुरातात्विक महत्वको बारेमा जानकारी लिनुहोला भन्दै मतिर फर्केर संयोजक शीतल गिरीले अरू थपे, "आदिनाथ भनेका गोरखनाथका पनि गुरू हुन् । रोगबाट जोगिन र भाकल पुरा गर्न यस मन्दिरमा भाँडाकुडा चढाउने चलन छ ।"

हामीलाई न त भाकल पुरा गर्नु थियो न त केही माग्नु नै थियो । यस्ता कुरामा विश्वास पनि थिएन । मन्दिर अवलोकन र फोटो खिच्ने कार्य सम्पन्न गरी हामी छिटै नै बाहिरियौं ।

हामी मन्दिरको खोजीमा नभए पनि फेरि बाटोमा वैष्णोदेवीको मन्दिर आइपुग्यो । मन्दिरको छेउमा रहेको रूख, जुन रूखको बिरूवा जंगबहादुर राणाले बेलायतबाट ल्याएर रोपेको भन्ने गरिन्थ्यो, बाँदर झुक्किने रूखका रूपमा प्रसिद्ध थियो । चारैतिरबाट घुमीघुमी बाँदर झुक्याउने रूखको अवलोकन गरेपछि साथीहरू त्यसैको फेदमा केहीबेर सेल्फीको आनन्दमा रमाए ।

केही पदयात्री भने अलि तल रहेको मसानघाटको अवलोकनार्थ जाँदै थिए । केही थाकेकी जस्ती देखिएकी मुक्तककार निशा के.सी. भन्दै थिइन्, "लौ तपाईंहरू नै जानुस्, हेर्नुस् ! आफ्नो त त्यता जाने बेला भएको छैन ! यतै बसिरहन्छु !"

उनको भनाइ सुनेर हामी निकैबेर हाँसिरह्यौं । उनको ठट्टाले गहन अर्थ बोकेको थियो । मसानघाट हेरेर पदयात्रीहरू फर्केपछि संयोजक

एवं पुरातात्विक अन्वेषक शीतल गिरीले भने, सार्वजनिक स्थानमा मानव अतिक्रमणले पुरातात्विक सम्पदाहरू नास हुने क्रममा छन् । त्यसको ज्वलन्त उदाहरण यो आर्यघाट पनि हो । यो अहिले निकै खुम्चिएको छ !"

त्यहाँबाट हामी अघि बढेका थियौं करिब नौ बजेतिर ! भाजंगल, पाँगा हुँदै हाम्रो यात्रा दुध पोखरीतिर सोझियो । खेतको फाँट नियाल्दै हिँड्दा पर पर देखिने धानको हरियालीमा रमायो मन ! धान खेतका गरालाई टुक्रा टुक्रामा विभक्त गरेर घडेरी बनाएको देखेर नवराज रिजालको मनमा विभिन्न कुरा खेल्न थाले । उनले सोचमग्न भएर भने, "लु हेर लीला भाई ! धान फल्ने ठाउँमा सिमेन्टका पिल्लर फल्न थालेपछि कृषिमा कसरी आत्मनिर्भर हुन्छ देश ?"

वास्तवमा कुरा सत्य थियो । अलि पर पुग्दा व्यवसायिक तरकारी खेती गरेको देखेपछि मात्रै उनको उदास मन प्रसन्न भएको थियो । तरकारी बारीमा फलेका कलिला काँक्रामा एनबी जनकपुरीका आँखा अड्किए ! उनी तरकारी टिप्दै गरेकी महिलातिर फर्केर कराए, "काँक्रा कसरी बेच्ने हो साहुनी ?"

सय रूपैंयामा पाँचवटा कलिला काँक्रा लिन सफल भएका जनकपुरी दाइ भित्रैदेखि प्रसन्न देखिएका थिए । उनीबाट उपहार स्वरूप प्राप्त काँक्राले तिर्खाएको आंत केही रसिलो भएको थियो मेरो पनि ! अलि अगाडि अगाडि हिँडेका पदयात्रीहरू त बाटामा पर्ने पसलमा बसेर फेन्टाको चिसोमा रमाउदै रहेछन् !

त्यहाँबाट खेतको आली आली हिँडेर हामी पाँच पोखरी पनि भनिने दुध पोखरीमा पुग्यौं । अवलोकन गर्यौं। चारैतिर हेर्‍यौं । ढुंगे धाराको प्रयोग सम्बन्धमा पालना गर्नु पर्ने नियमहरू उल्लेखित सूचना पाटीमा सबैका आँखाहरू अल्झिए केहीबेर ! सूचना पाटीमा वास्तविक कुरा लेखिएका भए पनि हाम्रा आँखाहरूले अश्लिल अर्थ लगाइरहेका थिए ! अझ भक्त राई पनि भएको भए उनका आँखाले छुट्टै अर्थ लगाउँथे भन्ने सोचेर म केहीबेर भित्रैदेखि मुस्कुराएँ ! धारा परिसरमा कपडा धुन लागेका नवयौवनाहरूसँग त्यहांको वस्तुस्थिति बुझ्नका लागि पदयात्री मन्दिरा , शान्ति र निशा अन्तवार्ता लिन तयार पत्रकारझैं झुम्मिएका थिए !

धारामा नुहाइरहेका पुरूषहरूप्रति लक्षित सूचनाबाट आँखा हटाएर वरिपरिको पर्यावरण नियाल्दा ढुंगेधाराको छेउमा शालीन् हंसमुख नियात्राकार, संस्मरणकार अच्युत खनाल भेटिनु भयो ! उहाँसँग  केहीबेर बातचित भए । उहाँ उसै भेटिनु भएको भने होइन । शायद नवराज रिजालको जनाउ थियो उहाँलाई ।

हाम्रो यात्रामा उहाँले निकैबेर साथ दिनुभएको थियो ।

हामी त्यहाँबाट मत्स्यनारायण तर्फ बढ्यौं । बाटोमा भोजनको लागि उपयुक्त स्थानको खोजी पनि गर्दै थियौं । चुन्देवी मन्दिर परिसरलाई भोजनालय मानेर पेट पूजा गर्दा मध्यान्न भई सकेको थियो । आपसमा खानेकुरा बाँडेर खाँदाको आनन्दले शरीरको आलस्यता पुरै दुर भई सकेको थियो ! शीतल पवनको स्पर्शले थकित ज्यानमा नयाँ उमंग भरियो ! त्यसमाथि भोको पेटमा परेको अन्नको उर्जाले सबैको अनुहार सूर्योदयपछिको क्षितिज जस्तो उज्यालो देखिएको थियो !

केहीबेर सुस्ताएपछि त्यहाँबाट अघि बढेको हाम्रो टोली मत्स्यनारायणको मन्दिरमा पुगेर अडियो । शिकार अगाडि पुगेको शिकारीले हतियार ठिक्क पारे झैं सबैले आ-आफ्ना मोबाइल झिकेर क्यामेरा ठिक्क पारे फोटो खिच्नलाई ! फोटो खिचेर फेसबुकमा राख्ने चलन हाम्रो जीवनको अभिन्न अंग भई सेकेको छ अचेल !

"आखिर नयाँ ठाउँमा पुगेको प्रमाण भनेकै फोटो त हो !" लघुकथाकार डिल्लीरमणको निष्कर्ष यस्तै थियो ! वरिपरिको वातावरणमा रमाउदै थिए सबै ! मेरो मनमा भने एक्कासी एउटा हाइकु रचनाको बिजारोपण भयो !

नयाँ नेपाल
मन्दिर घुमी पूजा
भौतिकवादी !

यतिखेरै पानी दर्कन थाल्यो ! झोलाहरूबाट छाता निस्किए ! त्यहाँबाट हामी अघि बढ्यौं । अब हाम्रो अन्तिम गन्तव्य भनेको मातातीर्थ ! लामा लामा पाइला गरेका छौं । मुक्तककार निशाले रेनकोट लगाएपछि कसले चिन्ने ! मन्दिरा र शान्ति आफ्नै तालमा गफिँदै हिंडिरहेका थिए । नवराज रिजाल, धनप्रसाद र म पनि चुप लागेका थिएनौं ।

श्रीमतीले ओढेको छाता आधा आफूतिर ढल्काएका पति परशुरामलाई कवि शारदा भन्दै थिइन, "आफ्नो छाता चाहीं कहिलेलाई साँच्नु भएको हजुरले ?" परशुराम शारदा बीचको प्रेमिल ठट्टा मस्करीले यात्रालाई अझै रोचक बनाइरहेको थियो ।

मलाई हिंड्न गाह्रो भईरहे पनि मातातीर्थ आइपुग्न लागेको सूचनाले खुसीको लहर छाएको थियो मेरो अनुहारभरि ! गोडाहरू एकछिन सुस्ताउने रहरमा थिए ! सबै भन्दा जेष्ठ शीतल गिरी नवयुवक झैं ठमठम हिंड्दै थिए । घनश्याम, धुर्व वसन्त, नवराजहरू अझै बिसौं कोशको दूरी नाप्न सक्ने उर्जा लिएर अघि बढ्दै थिए ! म पो निकै गलेको थिएँ यो

पटक !

मातातीर्थ परिसरमा पुगेपछि पो पदयात्रीहरू खुसीले भरिंदै माताको मूर्ति वरिपरि झुम्मिए ! मातातीर्थ मन्दिर परिसरमै साहित्यिक कार्यक्रम गर्ने योजना थियो ! बस्ने ठाउँको अभावले केहीबेर अलमल भएपनि अन्तत आफूले बोकेका पत्रिकाहरूलाई ओछ्याएपछि कार्यक्रम स्थल तयार भएको थियो !

डिल्लीरमणाको उद्घघोषणमा साहित्यिक कार्यक्रम सुरू भयो । मातातीर्थको प्रांगण भएकाले धेरै सर्जकहरूले आफ्ना सिर्जनामा आमालाई सम्झिए ! कार्यक्रम रोचक मात्रै भएन, हरेक हिसाबले सम्झन लायक पनि भयो ! घनश्याम प्रसाईंको गीतमाथि धुर्व घिमिरेको टिप्पणी उल्लेखनीय थियो । बाचक मात्रै भएनौं, स्रोता पनि भएका थियौं हामी !

करिब दुई तीस भन्दा बढी भई सकेको थियो समय ! आजको पदयात्राको घोषित अन्तिम बिन्दु पनि यही थियो । मातातीर्थबाटै बस चढेर फर्कने कि थानकोट झर्ने भन्ने विषयले टड्कारो समस्याका रूपमा केहीबेर गिजल्यो हामीहरूलाई ! धेरै सदस्यहरूको राय थानकोट झर्ने भन्ने रहेकाले फेरि यात्रा बढायौं ! तर थकित पैतालाहरू भने मातातीर्थबाटै बस चढ्ने अडानमा एकमत थिए ! ♦♦

## गीत



✍ **बद्रीप्रसाद ढकाल**

बिर्सनलाई सम्झन्छु म घरिघरि
किन आउछन् यादहरू घुम्दै वरिपरि
आकाशमा तारा गनी भुलाउँछु पिर
सम्झनाका विगतहरू हुन्छन् छरिवरि

किन आँखा रसाउँछ मुटु दुख्ने गरी
कहिले दुख्छ छातीभित्र कतै सरी सरी
पाइला आफै पछ्याउछ एकान्तको बास
किन आउँछ यादहरू नमेटिने गरी
बिर्सन............
जिन्दगीलाई सोच्दा सोच्दै
निकासलाई खोज्दा खोज्दै
आधा बाटो काटिएछ
पत्तै भएन ! साँच्चै थाहै भएन !
रातमा फुलेर
बिहानमा झर्ने पारिजातको फूलजस्तै
मनमा सजाएर
संयोगमा मर्ने आकाड्क्षाको मूलजस्तै
यो जिन्दगीको भो कुरै नगरौ !
भो कुरै नगरौ !

बिर्सनलाई सम्झन्छु म घरिघरि
किन आउँछन् यादहरू घुम्दै वरिपरि

# बहिर्क्षेत्रीय प्रयोग र नेपाल बाहिर भएको कसूरको अनुसन्धान



✍ प्र.ना.उ. मोहन कुमार थापा

**विषय प्रवेशः-**

विधिशास्त्रिय दृष्टिकोणमा कुनै पनि न्यायिक वा अर्ध न्यायिक निकायले कानूनले तोकेको सीमा भित्र रही निर्दिष्ट विषयवस्तु र क्षेत्र भित्र रही मुद्धा हेर्न र निर्णय गर्न पाउने अधिकारलाई नै क्षेत्राधिकार भनिन्छ । घटित अपराधका सम्बन्धमा कुनै पनि राज्यलाई फौजदारी न्याय प्रशासन संचालन गर्न पाउने अधिकारलाई क्षेत्राधिकार भनिन्छ । न्यायिक तथा अर्ध न्यायिक निकायको क्षेत्राधिकारको सिर्जना कानूनद्वारा गरिएको हुन्छ । अधिकारक्षेत्रको अभावमा कुनैपनि मुद्दामा मुद्धा हेर्ने अधिकारीले निर्णय गर्न मिल्दैन । न्यायिक वा अर्ध न्यायिक निकायहरूले कानूनले तोकेको सिमा भित्र रही मुद्धा मामिला दर्ता गर्ने, प्रतिवादी भिकाउने, साक्षी सबुत प्रमाण बुझ्ने, सुनुवाई गर्ने, आदेश गर्ने, फैसला गर्ने, प्रतिवेदन सुन्ने, पुनरावेदन सुन्ने, फैसला कार्यान्वयन गर्ने लगायतका कामहरू न्याय प्रशासनको सिलसिलामा गर्दछन् ।

सामान्यतया आफ्नो इलाका भित्र भएका कुनै पनि कसूर वा अपराधको अनुसन्धान गर्ने, अभियोजन गर्ने र न्यायिक कारबाही गर्ने राज्यको सार्वभौम अधिकार हो । हरेक राज्य सार्वभौम सम्पन्न भएकोले आफ्नो इलाकामा भए गरेको कुनै पनि काम कारबाही वा घटना उपर नियमन वा कारबाही गर्ने अधिकार रहेको हुन्छ । तर कतिपय कसूरहरूमा राज्यको आफ्नो इलाकाको क्षेत्र भित्र मात्र नभएर अन्य राज्यको इलाका भित्र घटित कसूरको आफ्नो इलाका भित्र सरह मानी अनुसन्धान गर्ने, अभियोजन गर्ने र न्यायिक कारबाही गर्ने गरी राज्यले फौजदारी कानूनमा क्षेत्राधिकार विस्तार गर्न सक्दछ । आफ्नो इलाका बाहेकको क्षेत्रमा आफ्ना नागरिकले गरेको वा आफ्ना नागरिक विरूद्ध वा मुलुकको

सार्वभौमिकता विरूद्ध भएका काम कारबाही उपर नियमन गर्ने अधिकार हुन्छ । यसरी राज्य भित्र र राज्य बाहिर घटित कसूर वा अपराधमा समान रूपमा आकर्षित हुने क्षेत्राधिकारलाई बहिर्क्षेत्रीय क्षेत्राधिकार भनिन्छ । कुनै पनि राज्यको फौजदारी कानूनमा बहिर्क्षेत्रीय क्षेत्राधिकार समाविष्ट भएका अपराधको वारदातस्थल वा घटनास्थल जुनसुकै मुलुकमा भए पनि सोही मुलुकमा भए सरह मानी क्षेत्राधिकारको प्रयोग गर्न सक्दछ ।

**क्षेत्राधिकार सम्बन्धी विकसित सिद्धान्तहरू:**

क्षेत्राधिकार सम्बन्धमा विभिन्न सिद्धान्त वा आधारहरू रहेका छन् । विश्वव्यापिकरणको अहिलेको सन्दर्भमा राज्यले आफ्नो क्षेत्राधिकार भन्दा बाहिर भएका कसूरमा पनि विभिन्न आधारमा क्षेत्राधिकार ग्रहण गर्न सक्दछ । मुलुकी अपराध संहिता, २०७४ को दफा २ मा पनि नेपाल बाहिर घटित कसूरमा संहिताको बहिर्क्षेत्रीय प्रयोग भई क्षेत्राधिकार कायम हुने व्यवस्था गरिएको छ । क्षेत्राधिकार सम्बन्धी विकसित केही सिद्धान्तहरू यस प्रकार छन् ।

**प्रादेशिक अधिकारक्षेत्र (Territorial Principle):**

यस सिद्धान्त अनुसार अपराध वा घटना जहाँ घटेको छ, सो सम्बन्धमा कारबाही गर्ने अधिकार सोही ठाउँको अदालतलाई रहन्छ । यो मान्यतालाई विश्वव्यापी रूपमा स्वीकार गरिएको छ । घटना जहाँ घट्छ त्यही मुलुक प्रभावित हुने भएकोले सो घटनामा प्रादेशिक क्षेत्राधिकार प्राप्त हुनु आवश्यक मानिन्छ । प्रादेशिक क्षेत्राधिकार भित्र स्थल जल वा खुल्ला आकास पनि समावेश हुन्छ । यो मान्यतालाई सबै कानून प्रणालीमा स्वीकार गरिएको छ ।

**वैयक्तिक अधिकार क्षेत्र (Nationality Principle):**

आफ्ना नागरिकको सुरक्षा र संरक्षणको हित आफ्नो मुलुकले राम्रो सँग गर्न सक्दछ । नागरिकका गलत क्रियाकलापको प्रभाव पनि सोही राज्यलाई पर्ने भएकोले आफ्ना नागरिकले मुलुक बाहिर फौजदारी कानूनको उल्लङ्घन गर्छ भने पनि कारबाही गर्ने अधिकार हुन्छ । आफ्नो देशको कानूनले कसूर मानेको कार्य कसूर गरेको मुलुकमा गैरकानूनी रहेनछ भने पनि कारबाही गर्ने अधिकार यो सिद्धान्तले दिन्छ ।

**निष्क्रिय राष्ट्रियताको सिद्धान्तः**

आफ्ना नागरिक वा राज्य विरूद्ध विदेशमा कुनै घटना भएमा त्यस्तो घटना गराउने व्यक्ति विदेशी नागरिक भए पनि सरोकारवाला राज्यको क्षेत्राधिकार रहन्छ भन्ने मान्यता

राख्दछ । यस्तो अवस्थामा ती विदेशीहरूलाई निष्क्रिय व्यक्तिको रूपमा लिईन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २ ले यो मान्यतालाई स्वीकार गरेको छ ।

**सुरक्षा वा संरक्षणबाट कायम हुने क्षेत्राधिकारको सिद्धान्तः**

कुनै राज्यको सुरक्षा र सरकारको काम कारबाहीमा अवरोध ल्याउने मुलुक बाहिर कुनै कार्य हुन्छ भने त्यस उपर कारबाही गर्ने अधिकार सम्बन्धित राज्यलाई हुन्छ । आफ्नो नागरिकले विदेशमा कुनै अपराध गरेमा अपराधी आफ्नो देशको नागरिक भएकोले त्यस उपर आफ्नो क्षेत्राधिकार ग्रहण गरी कारबाही गर्ने मान्यता राख्दछ । यसलाई प्रादेशिक सिद्धान्तको विपरितको क्षेत्राधिकारको रूपमा समेत लिईन्छ।

**विश्वव्यापी अधिकार क्षेत्रको सिद्धान्तः**

अन्तर्राष्ट्रिय समुदाय विरूद्ध हुने अपराधमा सबै राज्यले क्षेत्राधिकार ग्रहण गरी कारबाही गर्न सकिन्छ । खासगरी युद्ध अपराध, सामुद्रीक डकैती, हवाईजहाज अपहरण, जाती हत्या, मानवता विरूद्धको अपराध आदि जस्ता अपराधमा यस क्षेत्राधिकारको प्रयोग हुदै आइरहेको छ ।

**नेपालमा कानूनी व्यवस्थाः**

नेपालमा पनि विभिन्न ऐन कानूनहरूमा बहिर्क्षेत्रीय अधिकारको प्रयोग सम्बन्धी कानूनी व्यवस्था भएको छ । नेपालको सन्दर्भमा यो विषय नौलो होइन र विभिन्न विषयमा बनेका विशेष ऐन भ्रष्टाचार निवारण, सम्पत्ति शुद्धिकरण निवारण, लागुऔषध नियन्त्रण, मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन लगायतका ऐन कानूनमा व्यवस्था हुँदै आएको छ ।

**मुलुकी अपराध संहिता, २०७४ को दफा २ मा बहिर्क्षेत्रीय प्रयोग सम्बन्धमा देहाय बमोजिमको विस्तृत व्यवस्था गरिएको छ :**

- मित्र राष्ट्र विरूद्ध युद्ध वा विद्रोह गर्न नहुने बाहेक अन्य राज्य विरूद्धका कसूर, नेपालबाट कुनै व्यक्तिलाई अपहरण गरी अपहरण वा शरीर बन्धक अन्तर्गत गरेको कसूर, यातना दिन नहुने, किर्ते गर्न नहुने र जालसाजी गर्न नहुने कसूर, नेपाल भित्र चलनचल्तीमा ल्याउने वा पैठारी गर्ने उद्धेश्यले गरेको मुद्रा सम्बन्धी कसूर र टिकट सम्बन्धी कसूर, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संगठित संस्थाको कुनै पदीय हैसियतमा कार्य सम्पादन गर्दा गरेको कसूर कसैले नेपाल बाहिर गरेमा निजलाई नेपाल

भित्र नै त्यस्तो कसूर गरे सरह यस संहिता बमोजिम सजाय हुनेछ भन्ने व्यवस्था गरेको छ ।

- त्यसैगरी कसैले नेपालमा दर्ता भएको वायुयान वा जलयान भित्र यस संहिता अन्तर्गतको कुनै कसूर नेपाल बाहिर रहँदाका बखत गरेमा निजलाई नेपालभित्र नै त्यस्तो कसूर गरे सरह यस संहिता बमोजिम सजाय हुनेछ ।
- कुनै नेपाली नागरिक वा अन्य कसैले नेपाल बाहिर कुनै नेपाली नागरिक विरूद्ध ज्यान लिएको वा ज्यान लिने उद्योग, दुरूत्साहन वा षड्यन्त्र गरेको कसूर, असहाय व्यक्तिलाई परित्याग गरेको कसूर, अंगभंग गरेको कसूर, अपहरण, शरीर बन्धक वा गैर कानूनी थुनामा राखेको कसूर, जबरजस्ती करणी वा हाडनाता करणी गरेको कसूर, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको संगठित संस्था विरूद्ध आपराधिक उपद्रव, आपराधिक लाभ, आपराधिक विश्वासघात, किर्ते, चोरी, ठगी, डाँका वा सम्पत्तिको आपराधिक उपयोग गरेको कसूर, धर्म परिवर्तन गराउन नहुने कसूर, विवाह सम्बन्धी कसूर, नेपाल भित्र पैठारी गर्ने उद्धेश्यले खाद्य पदार्थ वा औषधीमा मिसावट गरेको कसूर, बद्नियत चिताई इलाज गर्न नहुने, लापरबाही वा हेलचेक्र्याई गरी इलाज गर्न नहुने र मन्जुरी बिना मानव शरीरमा परीक्षण गर्न नहुने (इलाज सम्बन्धी) कसूर र गाली बेइज्जती सम्बन्धी कसूर गरेमा निजलाई नेपालभित्र नै त्यस्तो कसूर गरे सरह यस संहिता बमोजिम सजाय हुनेछ भन्ने व्यवस्था गरेको छ ।

लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा २(१) मा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशका विरूद्ध हुने गरी नेपाल राज्यबाट वा नेपाल राज्यभित्र कुनै लागूऔषध निकासी वा पैठारी गरी विदेशमा बसी व्यापार गर्ने नेपाली नागरिक वा विदेशीलाई समेत यो ऐन लागू हुनेछ । उपदफा (१) बमोजिम काम कारबाही गर्ने व्यक्तिलाई निजले काम कारबाही नेपाल भित्र गरेको सरह मानी यस ऐन बमोजिम कारबाही र सजाय गरिनेछ भन्ने व्यवस्था छ ।

संगठित अपराध निवारण ऐन, २०७० को दफा १ को उपदफा (२) मा यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर रही बसी नेपाल वा नेपाली नागरिक विरूद्ध संगठित अपराध गर्ने व्यक्तिको हकमा समेत लागू हुनेछ भन्ने व्यवस्था गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १(३) मा नेपाल बाहिर बसी नेपाली नागरिक विरूद्ध यस ऐन बमोजिमको कसूर गर्ने जुनसुकै व्यक्तिको हकमा लागू हुनेछ भन्ने व्यवस्था गरेको छ ।

विदेशी विनिमय (नियमित) गर्ने ऐन २०१९ को दफा १(२) मा नेपाल बाहिर बसोबास गर्ने सबै नेपाली नागरिक तथा नेपालमा दर्ता भई नेपाल बाहिर रहेका फर्म, कम्पनी, संस्था तथा त्यस्ता फर्म, कम्पनी, संस्थाका शाखा कार्यालय तथा एजेन्सीहरू समेतलाई लागू हुनेछ भन्ने व्यवस्था गरेको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १(२) मा यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर जहाँसुकै रहे बसेका नेपाली नागरिक, राष्ट्रसेवक र यस ऐन अन्तर्गत भ्रष्टाचार गरेको मानिने कुनै काम गरी विदेशमा बस्ने गैरनेपाली नागरिक समेतलाई लागू हुनेछ भन्ने व्यवस्था गरेको छ ।

सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) ऐन, २०६४ दफा १ (२) मा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर गर्ने नेपाल भित्र वा नेपाल बाहिर जहाँ सुकै रहे बसेको व्यक्ति समेतलाई लागू हुनेछ भन्ने व्यवस्था गरेको छ ।

गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा १(२) मा जहाँसुकै रहेको भए तापनि नेपालको प्रत्येक नागरिक र जहाँसुकै रहेको भए तापनि नेपालमा रजिष्टर गरिएको प्रत्येक वायुयान र त्यसमा रहेको प्रत्येक व्यक्ति उपर पनि लागू हुनेछ भन्ने व्यवस्था गरेको छ ।

वैदेशिक रोजगार ऐन २०६४ को दफा १(२) मा कसैले नेपाल बाहिर बसी यस ऐन विपरीतका कार्य गरेमा निजको हकमा समेत यो ऐन लागू हुनेछ भन्ने व्यवस्था गरेको छ ।

नेपाल वायुसेवा निगम ऐन, २०१९ दफा १(२) मा नेपालभर र अन्त जहाँसुकै भए रहे पनि यस ऐन अन्तर्गत स्थापना भएको निगम र त्यसको शाखा तथा त्यसबाट हुने काम र त्यसमा काम गर्ने व्यक्ति समेतको सम्बन्धमा लागू हुनेछ भन्ने व्यवस्था गरेको छ ।

प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन, २०६३ दफा १(२) मा कसैले नेपाल बाहिर बसी यस ऐन विपरीतका कार्य गरेमा निजका हकमा समेत यो ऐन लागू हुनेछ भन्ने व्यवस्था गरेको छ ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ दफा १(२)

मा नेपाल बाहिर जहाँसुकै बसेको भए पनि सबै नेपाली नागरिकलाई र नेपालमा राजस्व चुहावट गरी विदेशमा बस्ने गैर नेपाली नागरिक वा संस्थालाई समेत लागू हुनेछ भन्ने व्यवस्था गरेको छ ।

विदेशी लगानी कर ऐन, २०१९ को दफा १(२) मा नेपालमा घर जग्गा भएको नेपाल बाहिर बसोबास गर्ने व्यक्ति उपर पनि लागू हुनेछ भन्ने व्यवस्था छ।

विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा १(२) मा नेपाल भित्र वा बाहिर जहाँसुकै रहे बसेको भए तापनि सबै नेपाली नागरिक र नेपालभित्र स्थापित भएको सङ्गठित संस्थाहरूलाई लागू हुनेछ भन्ने व्यवस्था छ । त्यसैगरी राहदानी ऐन, २०२४ को दफा १(२) ले बहिर्क्षेत्रीय प्रयोग हुने व्यवस्था गरेको छ ।

बहिर्क्षेत्रीय प्रयोगमा नेपाल र विदेशी राज्य बीच सहयोग आदान प्रदानका लागि महत्वपूर्ण कानून पारस्परिक कानूनी सहायता ऐन, २०७० मा नेपाल र विदेशी राज्य बीच पारस्पारिक कानूनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा द्विपक्षीय सन्धी भएको रहेछ भने नेपाल र त्यस्तो विदेशी राज्य बीच पारस्पारिक कानूनी सहायता आदान प्रदान गर्न सकिनेछ । सन्धी विना पनि कानूनी सहायता प्रदान गर्न बाधा नपर्ने भन्ने व्यवस्था रहेको छ । कानूनी सहायताका विषयहरूमा कुनै कागज वा प्रमाण बुझ्ने सङ्कलन गर्ने वा प्राप्त गर्ने, कुनै सम्बद्ध वस्तु वा ठाउँको जाँच गरी सो को सूचना र प्रमाण उपलब्ध गराउने, बैङ्क वित्तीय वा व्यापारिक अभिलेख लगायत सम्बद्ध कागजातको सङ्कलन वा प्रमाणित प्रति उपलब्ध गराउने, खानतलासी गर्ने, वस्तु बरामद गर्ने, व्यक्ति रहेको स्थान पत्ता लगाउने वा मानिसको सनाखत गर्ने, फौजदारी प्रकृतिको विषयमा सहयोग पुऱ्याउन सक्ने व्यक्तिको उपस्थिति गराउने, म्याद तामेल गर्ने चल वा अचल सम्पत्ति रोक्का राख्ने वा जफत गर्ने, फैसला कार्यान्वयन गर्ने जस्ता विषयहरू पर्दछन् । कानूनी सहायता प्रक्रियामा प्रमाण उपलब्ध गराउन अनुरोध गर्न सक्ने, व्यक्ति उपस्थित गराउने तथा व्यक्ति रहेको स्थान पत्ता लगाउन अनुरोध गर्न सक्ने, म्याद वा न्यायिक लिखत तामेल गर्न अनुरोध गर्न सक्ने, प्रमाण बुझ्न अनुरोध गर्न सक्ने, साक्षी परीक्षण र बन्द सवाल जारी गर्न अनुरोध गर्न सक्ने, सम्पत्ति रोक्का वा जफत गर्न अनुरोध गर्न सक्ने, फैसला कार्यान्वयन गरी दिन अनुरोध गर्न सक्ने, सम्बन्धित निकायबाट आदेश भएपछि केन्द्रीय अधिकारी समक्ष अनुरोध गर्नुपर्ने जस्ता कुराहरू पर्दछन् ।

**नेपाल बाहिर भए गरेको कसूरको अनुसन्धान सम्बन्धी कार्यविधिः**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३० मा नेपाल बाहिर भए गरेको कसूरको अनुसन्धानको कार्यविधि सम्बन्धी व्यवस्था गरेको छ । जसअनुसार नेपाल बाहिर भए गरेको कसूरको सम्बन्धमा नेपालको अदालतमा मुद्दा चल्ने कानूनी व्यवस्था भएमा देहाय बमोजिमको रीत पुऱ्याई अनुसन्धान गर्नु पर्ने व्यवस्था गरेको छ ।

**(क)** नेपालका अदालतमा मुद्दा चल्न सक्ने फौजदारी कसूरको अनुसन्धान एक अर्का मुलुकका अधिकार प्राप्त अनुसन्धान अधिकारीबाट हुन सक्ने गरी कुनै मुलुकसँग कुनै सन्धी भएको रहेछ भने त्यस्तो सन्धीको व्यवस्था बमोजिम भएको अनुसन्धान,

**(ख)** खण्ड (क) बमोजिमको सन्धी भएको रहेनछ भने कूटनैतिक माध्यम मार्फत कसूर भएको मुलुकको अनुमति प्राप्त गरी त्यस्तो मुलुकको अधिकार प्राप्त अधिकारीको सहयोगमा नेपाल सरकारले तोकेको अनुसन्धान अधिकारीले गरेको अनुसन्धान,

**(ग)** खण्ड (क) वा (ख) बमोजिम अनुसन्धान हुन सक्ने अवस्था रहेनछ भने जुन मुलुकमा कसूर भएको हो सोही मुलुकको अधिकार प्राप्त अनुसन्धान अधिकारीले गरेको अनुसन्धान,

**(घ)** खण्ड (ग) बमोजिम पनि सम्भव नभएको अवस्थामा जुन इलाकामा अभियुक्त फेला परेको छ सोही इलाकामा वा अभियुक्त फेला नपरेकोमा निजको स्थायी बसोबास भएको इलाकाको अधिकार प्राप्त अनुसन्धान अधिकारीले गरेको अनुसन्धान,

**(२)** उपदफा (१) बमोजिम भएको अनुसन्धानको प्रतिवेदन वा त्यससँग सम्बन्धित लिखतहरू नेपाली भाषा बाहेकको अन्य भाषामा भएका रहेछन् भने त्यस्ता लिखतको नेपाली भाषामा प्रामाणिक अनुवाद गरी अदालतमा पेस गर्नु पर्नेछ ।

**(३)** उपदफा (१) बमोजिम भएको अनुसन्धानबाट कुनै व्यक्ति उपर मुद्दा दायर गर्नु पर्ने देखिएमा सम्बन्धित सरकारी वकिलले यस परिच्छेद बमोजिम अभियोगपत्र तयार गरी अदालतमा मुद्दा दायर गर्नेछ ।

त्यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा ४६ को देहाय (ट) मा नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धी वा कानून बमोजिम विश्वव्यापी अधिकार क्षेत्र (युनिभर्सल जुरिस्डिक्शन) कायम

हुने कसूर सम्बन्धी मुद्धाको हकमा नेपाल सरकारले तोकेको अदालतले मुद्धाको कारबाही र किनारा गर्ने भन्ने व्यवस्था छ भने दफा ४७ मा नेपालमा दर्ता भएको वायुयान वा पानी जहाजमा भएको वा नेपाल बाहिर भएको कुनै कसूरको सम्बन्धमा प्रचलित कानूनले सजाय हुने व्यवस्था भएकोमा त्यस्तो कसूरको अभियुक्त नेपाल भित्रको जुन जिल्लामा फेला परेको छ, सोही जिल्लाको अदालतमा र फेला नपरेकोमा निजको स्थायी बासस्थान भएको क्षेत्रको जिल्ला अदालतमा त्यस्तो कसूर सम्बन्धी मुद्धाको कारबाही र किनारा गरिनेछ भन्ने व्यवस्था रहेको छ ।

विदेशमा घटित अपराधको अनुसन्धान नेपालमा गर्न त्यति सहज नहुने भएकाले विदेशमा भएका अनुसन्धानलाई पनि मान्यता दिनु पर्ने अवस्था आउँछ । विश्वव्यापीकरणको आजको सन्दर्भमा फौजदारी न्यायको सन्दर्भमा पनि राज्यहरू एकापसमा अन्तरनिर्भर रहने भएकाले एक अर्का देशमा भएका कानून बमोजिमका अनुसन्धानलाई वैधानिकता प्रदान गर्नु आवश्यक र अनिवार्य हुन आउछ । विदेशमा घटित अपराधको नेपालमा अनुसन्धान गर्ने अधिकार समेत पनि प्रदान गर्नुपर्ने हुन्छ । यस किसिमको व्यवस्था नगर्ने हो भने विदेशमा भएका अपराधको स्वदेशमा क्षेत्राधिकार ग्रहण गर्ने कुराको सार्थकता रहदैन । यसै कारण मुलुकी फौजदारी कार्यविधि संहितामा नेपाल बाहिर भए गरेको कसूरको अनुसन्धान सम्बन्धी विशेष व्यवस्था गरिएको हो ।

बहिर्क्षेत्रीय प्रयोग हुने कसूरहरूमा नेपाल बाहिर भए गरेको कसूरको अनुसन्धान गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३० मा उल्लिखित कार्यविधि बाहेक अन्य कार्यविधि र अनुसन्धान प्रक्रिया मुलुकी फौजदारी कार्यविधि संहिता र अन्य विशेष कानूनमा तोकिएको प्रक्रिया बमोजिम गर्नु पर्दछ । नेपालले कुनै पनि मुलुकसँग सन्धी नगरेको हुँदा विदेशमा घटित घटनाको अनुसन्धान कूटनैतिक माध्यम मार्फत कसूर भएको मुलुकको अनुमति प्राप्त गरी त्यस्तो मुलुकको अधिकार प्राप्त अधिकारीको सहयोगमा नेपाल सरकारले तोकेको अनुसन्धान अधिकारीले अनुसन्धान गर्न सक्ने व्यवस्था भएपनि त्यसरी अनुसन्धान भएको र हुन सक्ने अवस्था समेत रहेको देखिदैन । त्यसरी अनुसन्धान हुन सक्ने अवस्था नभएमा जुन मुलुकमा कसूर भएको हो, सोही मुलुकको अधिकार प्राप्त अनुसन्धान अधिकारीले गरेको अनुसन्धानलाई मान्यता दिई कारबाही अगाडि बढाउन

सकिने व्यवस्था भए पनि यो व्यवस्थाको पनि कार्यान्वयन भएको पाइएको छैन । विदेशमा भएको अपराधको नेपालमा अनुसन्धान, अभियोजन र न्यायिक कारबाही हुदै नभएको भन्ने चाही होइन । संहिताहरू लागू भएपश्चात केही मुद्धाहरूमा अनुसन्धान तथा कारबाही भएको देखिन्छ । विदेशमा हुँदा एउटा नेपालीले अर्को नेपालीको विरूद्ध भएका अपराधमा दुवै पक्ष नेपालमा आएको अवस्थामा जाहेरी दिने गरेको पाइन्छ । यस्तो अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३० बमोजिम जुन इलाकामा अभियुक्त फेला परेको छ, सोही इलाकामा वा अभियुक्त फेला नपरेकोमा निजको स्थायी बसोबास भएको इलाकाको अधिकार प्राप्त अनुसन्धान अधिकारीले अनुसन्धान गर्न सक्ने कानूनी व्यवस्था बमोजिम अनुसन्धान गरी सम्बन्धित इलाकाको अदालतमा सम्बन्धित सरकारी वकिल मार्फत मुद्धा दायर गरिएको अवस्था रहेको छ । अनुसन्धान गर्ने गरिएको भएतापनि यस्ता घटनाहरूको अनुसन्धानमा थुप्रै चुनौतीहरू व्यहोर्नु परेको छ । घटनास्थल मुचुल्का लगायतका अन्य प्रमाण संकलन गर्न कठिनाई हुने गरेको छ । तथापि विश्वव्यापीकरणको सन्दर्भमा नेपाल अन्तर्राष्ट्रिय समुदायबाट अलग रहन नसक्ने हुनाले विदेशमा भएको अनुसन्धानलाई पनि मान्यता दिनु पर्ने आवश्यकता छ । यसका साथै नेपाल विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्ष बनेको परिप्रेक्ष्यमा ती महासन्धिको दायित्वहरू पनि पूरा गर्नु पर्ने हुन्छ । यस क्रममा विभिन्न अन्तर्राष्ट्रिय महासन्धीले पारस्पारिक कानूनी सहायता सम्बन्धी व्यवस्था गरेका छन् । राज्यहरूबीच अपराधको अनुसन्धान, अभियोजन र मुद्धाको अदालती कारबाहीका तीनै चरण तथा फैसला कार्यान्वयन समेतका अवस्थामा पारस्पारिक कानूनी सहायता आवश्यक पर्दछ । यसको अभावमा कतिपय अवस्थामा अपराधको अनुसन्धान, अभियोजन र मुद्धाको अदालती कारबाही सम्पन्न गर्न नसकिने पनि हुन सक्दछ । यी सबै पृष्ठभूमिमा विदेशमा भएको कसूरको अनुसन्धान सम्बन्धमा संहितामा गरिएका व्यवस्था अनिवार्य र आवश्यक भएता पनि प्रभावकारी कार्यान्वयन गर्न सकिएको छैन ।

अन्त्यमा, विज्ञान प्रविधिको बढ्दो प्रयोग र विश्वव्यापीकरणका कारण अपराधका स्वरूप र प्रवृत्तिमा ठुलो परिवर्तन भइरहेको छ । संगठित आपराधिक समूहहरू द्वारा अन्तरदेशिय सञ्जालका

रूपमा विभिन्न अपराधहरू हुन थालेकोले यसको नियन्त्रण र अनुसन्धानमा बहिर्क्षेत्रीय प्रयोगको आवश्यकता झन बढ्दो छ । बहिर्क्षेत्रीय प्रयोग गर्न सकिने अपराधको अनुसन्धान गर्न विदेशी मुलुकसँग सुपुर्दगी सन्धी गरी पारस्परिक कानूनी सहायता ऐन कार्यान्वयनमा ल्याउनु जरूरी छ । बहिर्क्षेत्रीय प्रयोग हुन सक्ने अपराधको अनुसन्धान गर्दा मुलुकी फौजदारी कार्यविधि संहितामा उल्लिखित व्यवस्थाका साथै कुनै विशेष ऐनले तोकेको कार्यविधि अपनाउनु पर्दछ । कुटनीतिक माध्यम वा इन्टरपोलको माध्यमबाट प्रमाण संकलन गर्ने, अन्य मुलुकमा भएको अनुसन्धानको मिसिल झिकाउने, प्रमाण परीक्षण प्रतिवेदन झिकाउने लगायतका कार्य गरी अनुसन्धान गर्न सकिन्छ । नेपाल बाहिर भए गरेका कसूरको अनुसन्धान गर्न दुई देशबीचको सहकार्य आवश्यक छ । यसका लागि पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन, २०७० र सुपुर्दगी ऐन, २०७० आइसकेको परिवेशमा दुई देशबीच कार्यान्वयनका लागि सन्धी गर्नुपर्ने र राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरू बीच समन्वय र सहयोग आदान प्रदान हुनुपर्ने देखिन्छ । संगठित प्रकृतिको अन्तरदेशिय अपराध नियन्त्रण र प्रभावकारी अनुसन्धान गर्न बहिर्क्षेत्रीय प्रयोग सम्बन्धी प्रभावकारी र स्पष्ट कानूनी प्रावधान, पारस्परिक कानूनी सहायता, प्राविधिक सहयोग र कूटनितिक सहयोग, अन्तर्राष्ट्रिय सहयोगमा वृद्धि जस्ता कुराहरू समेत आवश्यक र अपरिहार्य हुने देखिएकोले सो तर्फ पहल हुनु जरूरी छ । ♦♦

## गजल



✍ **अर्जुनबाबु तिवारी**

अदृश्य छायाँमा बसेर आफैलाई ढाट्नु पर्दा
जटिल बन्छ जिन्दगानी हरेक पल्ट छाट्नु पर्दा ।

अटाउन सकेन जीवन कुनै शीर्षकमा भने
कति झन्झट बेहोर्नु त्यही डोरी बाट्नु पर्दा ।

मान्यौं भने हामी आफै ईश्वर बस्ने मन्दिर हौं
तुच्छ शिखर चढेर के गर्नु आफैलाई झाट्नु पर्दा ।

अविस्मरणीय बन्दो रहेछ पलपलका यात्रा पनि
कर्म र भाग्यको द्वन्द्वमा आफ्नै जीवन काट्नु पर्दा ।

अनगिन्ती रहस्य बीचको सांसारिक जिन्दगी यो
मरेतुल्य लाग्छ स्वाभिमानसँग रहर साट्नु पर्दा ।

# १२ वर्षे कुम्भ मेला



✍ **अच्युतप्रसाद पौडेल 'चिन्तन'**

माघ महिनामा धेरै तीर्थस्थलहरूमा विशेष मेला लाग्ने गर्छ । पाप प्रक्षालन, शरीरमा आरोग्य, मनमा शान्ति, तन्मा कान्ति चाहनेले बाँचुन्जेल अनेकानेक तीर्थ, व्रतहरू गरिनै रहन्छन् । महाभारतमा विदुरजीले ४० वर्षसम्म तीर्थयात्रामा रहेको प्रसंग छ । नेपालमा देवघाट, आर्यघाट, गोकर्ण, बाराहक्षेत्र, मुत्तिक्षेत्र, त्रिवेणीक्षेत्र, वेत्रावती आदि असंख्य तीर्थक्षेत्रहरू छन् । स्वस्थानीको शालीनदी र गौरीघाट, विष्णुमती, बागमतीको शंखमूल चर्चा जति गरे पनि कम हुन्छ । काठमाडौंको दक्षिणतिर गोदावरी र काठमाडौंको ३२ कि.मि. पूर्व काभ्रेको पनौती क्षेत्रमा ६/६ वर्षको अन्तरालमा १२/१२ वर्षमा विशेष मेला लाग्ने क्रममा यस वर्ष पनि लागेको छ ।

देवासुर मिलेर सत्य युगमा समुद्र मथन गर्ने निधो भयो । अनेकानेक विषयहरू समुद्रका गर्भबाट प्राप्त हुँदै एक अमृतको घडा पनि प्राप्त भयो । कसले पहिले खाने भन्दा देवासुरमा विवाद भई अमृतको घडा आकाश मार्गले लिएर उड्दा अमृतका छिटा पृथ्वीमा परेर यस्तो स्थानमा स्नानको महत्व हुने भई मकरमेला लाग्ने गर्छ । भारतको नासिकस्थित गोदावरी, अलाहवादको प्रयाग जहाँ गंगा, यमुना र सरस्वतीको संगम छ, त्यस्तै हरिद्वार विभिन्न क्षेत्रमा कुम्भ मेला लाग्ने गर्छ । समुन्द्र मन्थन भई अमृत निस्केको क्षेत्र मान्दै धरानको बाराह क्षेत्रमा पनि कुम्भ मेला लगाउने चलन केही वर्ष यतादेखि यहाँ पनि हुन लागेको छ । युगौं युगदेखि नेपालको अस्तित्व रहेको, सत्य युगमा यसको नाम सत्यपुरी, त्रेता युगमा यसको नाम तपोवन, द्वापरमा मुक्तिपुर हुँदै कलि हालको युगमा यसको नाम नेपाल रहेको छ, नेमुनिको तपस्थलीका कारण र न्यायले प्रजाको रक्षा हुने भन्दै अर्थात न्यायेन पाल्यते भन्ने अर्थमा यहाँको नाम नेपाल भएको छ । नेपालमा बहने सबै नदी तीर्थ हुन् र सबै क्षेत्र धाम हुन् । शिवको बासस्थान हिमालयक्षेत्र, शिव जटाबाट गंगाको उदय, यहीं स्वयं प्राकाट्य ज्योतिर्लिंग

पशुपति र अर्धांगिनी पावर्तीको क्षेत्र गुह्येश्वरी यहीं रहेको छ । संसारका ३३ करोड तीर्थको शिर भाग नेपाल नपुगी आफ्नो मुक्तिको लक्ष पूरा नहुने सवा अर्ब संसारका हिन्दूहरूको मत छ । स्कन्द पुराण खासगरी नेपाल माहात्म्यमा नेपालको वृहत चर्चा छ भने शिव चर्चा त ऋग्वेदहरूमै पाइन्छ ।

नेमुनिले नेपालको स्थापना, बस्ती विकास गरे उनकै नामबाट नेपाल नामाकरण भयो । उनले विरूपाक्षलाई पापमोचन गराउन यहाँका विभिन्न स्थानमा ६४ ज्योतिलिङ्गको उदय गराएकोमा सिन्धुलीको कुशेश्वरदेखि पशुपतिक्षेत्रको रूद्रगारेश्वरसम्म ६४ ज्योतिलिङ्ग नेपालका हाल १० जिल्लामा रहेका छन् । पापको भारी हलुको नहुने भएकाले विरूपाक्षलाई पापको भारी बिसाउँदै तत् तत् क्षेत्रमा तप गर्न नेमुनिले लगाइएको क्षेत्र ६४ ज्योतिलिङ्ग हो । विरूपाक्षलाई मातृगमनको दोष लागेको थियो, पनौतीमा स्नान गर्दै त्यहाँको इन्द्रेश्वर शिवको ध्यान, आराधना गर्न उनी माघ कृष्ण अष्टमीमा पुगेका थिए पहिले । श्रुतश्रवा भन्ने एक तपस्वी ब्राह्मण भाद्रशुक्ल पूर्णिमामा पुगेका थिए, त्यहीं उनले तप गरे, जाग्राम बसे पछि उनले शिवलोक प्राप्त गरेको चर्चा स्कन्द पुराणमा वर्णित छ । अहिलेसम्म पनि साँखुको स्वस्थानी व्रतीहरू हरेक वर्ष आफ्नो व्रत पूरा गर्न माधव नारायण लिएर गई पुरूष व्रतीले एकसरो कपडामा जीउ पल्टाउँदै इन्द्रेश्वर शिवजीको पनौतीमा परिक्रमा गर्छन् । भक्तपुरको नवदुर्गालाई त्यहाँ दर्शनका लागि लग्दा त्यहाँको भैरवको विशेष पूजा हुन्छ, उन्मत्त भैरवको स्वरूप पनि देखिन्छ त्यहाँ । तीज, शिवरात्री, हरेक सोमबार, जनैपूर्णिमा, बाला चतुर्दशीमा पशुपतिमाभैँ ठूलो मेला लाग्ने गर्छ ।

कुञ्ज गिरी पर्वत त्रेता युगमा लक्ष्मण लंकामा घायल हुँदा हनुमानले संजीवनी बुटी ल्याउँदा ठूलो पहाडै उठाएर ल्याए, केही भाग त्यहीं खस्यो र यो पर्वत बन्यो, भनिन्छ त्यो डाँडोलाई गोरखनाथ डाँडो भनिन्छ जसको वरदानी शक्ति पाएर गोरखाका पृथ्वी नारायण शाहले देशको एकीकरण गरे । पनौती घाट क्षेत्रमा तेह्रौं शताब्दीमा बनेका धेरै मूर्ति, मन्दिरमध्ये बद्रीनाथ, केदारनाथ, वंश गोपाल, ब्रह्मायणी, राम, सीता, हनुमान, मुक्तेश्वर, पन्चमुखी शिव, माधव नारायण, शीतला माई, बासुकी नाग, धर्म स्तम्भदेखि १४ औं शताब्दीमा स्थापित गरूड, लक्ष्मी, विष्णुमूर्ति, नव ग्रह आदि र हाल केही वर्ष यता मात्रै थपिएका राम, कृष्ण, लक्ष्मी, सरस्वतीको संयुक्त मन्दिरसमेत भव्य सजिएको भनौं धर्तीको स्वर्ग नै अनुमान हुन्छ पनौतीघाट ।

पर्यटकीय सुन्दरता गोरखनाथ डाँडोबाट चारैतिर हेर्दा उत्तर तिर मनोरम

हिमालयका दृश्य, पूर्वीतिर मनोरम नमोबुद्ध, दक्षिणतिर महाभारत पर्वत श्रृङ्खला, र पश्चिमतिर फूल्चोकीको दृश्यले मनै लोभिन्छ जो कोहीको । मानव बस्ती नदी किनारामै भएको हो, बाक्लो बस्ती अन्यत्रझैं यहाँ पनि वातावरण नबिग्रिएको होइन । अहिले लीलावती र पुण्यमाताको खोलामा बहने पानीलाई कुलो बनाएर बाहिर फालिएर पिउन योग्य पानी भनौ काभ्रे एकीकृत खानेपानीबाट आएको पानी जमाएर स्नान गराउने व्यवस्था भएको र कोरोनाका कारण २५/२५ जनालाई आलोपालो गरी स्नानको प्रबन्ध गरिएको त्यहाँका मेयरको भनाइ छ भने यतिबेलाको विशेष नारा भनेको 'पूर्खाको गौरव पनौतीको गौरव १२ वर्षे मकर मेला हामी सबैको वैभव' भन्ने रहेको छ ।

अघि सृष्टिकर्ता ब्रह्माजीले एक युवती अहिल्यालाई सिर्जना गरी तपस्वी ऋषि गौतमलाई सुरक्षा नासोको रूपमा दिएका थिए । स्वर्गका राजा इन्द्रको कालो छायाँ गौतमी भनौं अहिल्यामा परेछ । अहिल्या राम्री थिइन्, गौतम ऋषि स्नान सन्ध्याका लागि पवित्र नदी तर्फ गएको मौका छोपी इन्द्रले गौतमको भेष धारण गरी आश्रमा छिरेछन् र अहिल्याका साथ समागम भएछ । आश्रमकै ढोकाबाट निस्कन लाग्दा आफ्नै भेषमा देखेका इन्द्रलाई जीउभरि स्त्रीयोनी होस् भनी गौतमले श्राप गरेछन्, उता अहिल्यालाई ढुङ्गा हुन पनि श्राप गरेछन् । अहिल्या ढुङ्गा भइन् । मेरो अन्जानको पाप निवारण होस् भनी प्रार्थना गर्दा धेरैपछि राम अवतारमा उनका पाउले शिला छोएपछि श्रापमुक्त भई अघिकै अवस्था हुने बताइएपछि युगौं युग शिला भएकी अहिल्यालाई श्राप मोचन गराउन पादश्पर्श गर्नु परेको थियो रामले ।

ब्राह्मणीलाई क्षेत्रीय वंशकी माताको पाउ स्पर्श नहुने भन्दा पनि कारणवश यसो गर्न परेको स्वयं विश्वामित्र गुरूबाट अर्थ्याएपछि रामले उनलाई स्पर्श गरी साविकको रूप युवती बनाई दिएका थिए त्रेता युगमा । तपस्वीहरू युग युगसम्म बाँचिरहने भएकाले आफ्ना पति गौतमसँग शरीर शुद्धिपछि पुनः भेट भएको थियो । अघि सतीदेवीको अभावमा फेरि उनलाई पाउन शिवजीले हिमालयका काखमा ८७ हजार वर्षसम्म तपस्या गरेका थिए, पहिलेकी सतीदेवी यहींको पर्वत हालको जिल्लामा पार्वती भई मेनकाका गर्भबाट जन्मिएर माघ महिनाको विशेष व्रत गरी शिवजीलाई पति पाएको अवस्था थियो, तीजको व्रत प्रसङ्ग पनि यसैमा जोडिन्छ । गौतमको श्रापले विरूप बनेका इन्द्रको अवस्थाले स्वर्गमा खैलाबैला भयो । इन्द्र पत्नी शचि इन्द्राणीलाई असह्य वेदना भई गुरू वृहस्पति सामु पुगिन् । आफ्नो वेदना बताएपछि गुरूले हालको काभ्रे पनौती

जहाँ कुञ्ज पर्वत छ जसलाई अहिले गोरखनाथ डाँडो भनिन्छ त्यहाँ गएर दुवै जोडीले १२ वर्षसम्म तप गर्नू, शिव पार्वतीको आराधना गर्नू अनि श्रापमुक्त हुन्छ भनिदिएछन् । इन्द्र र इन्द्राणी सँगै बडो कष्टले त्यहाँ तप गर्न लागेछन् । कुञ्ज पर्वत मुनि लीलावती र पुण्यवती, रूद्रवती भन्ने दुई नदी बहन थालेछन् । त्यहीं बसेर तप गर्ने क्रममा पार्वती खुसी भई गुप्तरूपमा आफू पद्मावती भई छुट्टै बग्न थालिछन् । तीन नदीको संगम त्रिवेणी भयो । त्यहीं इन्द्रले इन्द्रेश्वर शिवको स्थापना गरे । इन्द्रको श्राप मोचन भई अघि जस्तै तेजस्वी भए । १२ वर्षको कठोर तपले सिद्धि प्राप्त गरेको त्यो क्षेत्रमा हरेक १२ वर्षमा भक्तहरूको भीड लाग्ने, स्नान, पूजा इन्द्रेश्वर मन्दिर दर्शनको प्रथा चलेछ । त्यहाँ अहिले पनि वर्गाकारको आकर्षक मन्दिर छ, गर्भगृहमा शिव लिंग छ, नव ग्रह र श्री विष्णुको मूर्ति छ, मन्दिरको छानो झिँगटीको छ । ६० वटा कलात्मक टुँडालले मन्दिर सजिएका छन् । सजिलै गोप, गोपी, कृष्ण, राम, भरत, पाण्डव आदिका आकृतिहरू देख्न सकिन्छ ।

**पनौतीको चर्चा**

यहाँको अनौठो चर्चा छ, ९० सालको भूकम्प होस् या ७२ को खासै प्रभाव परेन यहाँ । यो सहर एउटै ढुङ्गाको आकारमा रहेको भनाइ छ । बासुकी नागले यो सहरलाई रक्षा गरेको भनाइ अनुसार नागलाई चोट लाग्ला भनी धान कुट्दा अन्यत्र सबैतिर ढिकी कुट्ने चलन रहेकोमा पनौतीमा हालसम्म ढिकी कुटेको देखिँदैन । यो सहरको नाम पान्चाल, पन्ती, पुण्यवती, पनौती आदिले चिनिन्छ र यसलाई उत्तर प्रयाग पनि भनिन्छ । भारतको वाराणशी विश्वेश्वर शिवले चिनिएको छ, जुन क्षेत्रलाई काशी भनिन्छ, पशुपतिक्षेत्रको आर्यघाटलाई उत्तर काशीको नामले चिनिन्छ । भारतको गयालाई पितृमोक्ष भनिएझैं यहाँको गोकर्ण अलिकति माथिको उत्तर फर्केर बग्ने बाग्मती क्षेत्रलाई उत्तर गया भनिन्छ, रसुवाको वेत्रावतीलाई पनि ।

काभ्रेको बनेपा, धुलिखेल, पनौतीमा नेवार बस्ती बाहुल्यता देखिन्छ । काठमाडौंका धेरै व्यापारीको उद्‌गमस्थल बनेपा, पनौती, धुलिखेल, बाह्रबीसे, तातोपानी, दोलखा, लामावगर हो । कला, संस्कृति, इतिहास, व्यापार, पर्यटकीय क्षेत्रको नामले यी क्षेत्रहरू प्रख्यात छन् । हिन्दू र बुद्ध बाहुल्य क्षेत्र बनेपाको चण्डेश्वरी, धनेश्वर, पलान्चोक देवी, धुलिखेल बजार माथिको नमोबुद्ध यी प्रसिद्ध क्षेत्रहरू हुन् । पनौती पहिले देखि नै पवित्र क्षेत्र भएकाले यसलाई अस्म नगर भनिदै आएको हो । बासुकी नाग उठाउने क्रममा मच्छेन्द्रनाथसँग प्रसंग जोडिन्छ र पछि उनलाई पाटन ल्याइयो भनिन्छ ।

जसरी बूढानीलकण्ठ परिसरमा नेपालका राजा महाराजाहरू जान नहुने भनिन्छ। विष्णुमतीको भनौ शिवपुरीको पानी हालेर रानी पोखरी बनाइएको राजा रानीहरूले यहीं दर्शन गर्ने चलन भएको कहानी छ । त्यस्तै पनौती सहरमा पनि राजा महाराजाहरू जान नहुने कथन छ । नेवारी भाषामा पँ भनेको बाँस हो, लोहँ भनेको ढुङ्गा हो । सुकेको बाँस ढुङ्गामा पलाएको भनी त्यो क्षेत्रको नाम पलोंह भनिन लाग्यो । सन्त, साधु, तपस्वीहरूकै कारण कुनै स्थान तीर्थ वा धाम भनौं पुण्यदायी हुने शास्त्रीय मान्यता छ । धेरै पहिले यहाँ एक साधु आए, स्थलको परीक्षण र आफ्नो तपको परीक्षण गर्ने विचार गरे । चिल्लो ढुङ्गामा सुकेको बाँस गाडेर १२ वर्षसम्म यताउता कतै गए । १२ वर्षमा खोलो फर्कन्छ भनेझैं यिनी फर्किए हेर्दा बाँस टुसाएको रहेछ । बाँस पलाएको अर्थमा नेवारी भाषामा पँ लोहतो भनिन लाग्यो ठाउँको नाम । बिस्तारै पलाँतो, पनातो, पन्ती स्थानीय भाषामा के के भनियो, अपभ्रंश हुँदै पनौती भनिन थाल्यो ।

**प्राचीन कथा सार**

भागवतमा वर्णित छ स्वायम्भू मनु र उनकी पत्नी शतरूपाको सन्तानले यो संसार ढाकेको हो । स्वायम्भू मनुका सन्तान कश्यपका १३ वटी पत्नीहरू थिए । पत्नी दितीका कोखबाट दानवहरूले जन्म लिए, पत्नी अदितीका कोखबाट देवताहरू इन्द्र आदि सबै भए । भूत, प्रेत, पिशाचदेखि सबै प्राणी उनकी पत्नीहरूबाट पैदा भए । अर्की पत्नी थिइन् कद्रु जसबाट नागहरूको उदय भयो, अर्की पत्नी थिइन् विनिता यिनका कोखबाट गरूडजीको जन्म भयो, उनी विष्णुका बाहन भए, जसरी कुमारको मयुँर र गणेशको मुसो भनेझैं । सौतेनी माम्लो भनिएझैं नाग र गरूडको खासै मिल्ती थिएन । दिदी बहिनीमा पनि सौतेनी ईर्ष्या नै थियो । विनिता जेठी भएकीले केही मान्यता चाहन्थिन्, बहिनी कद्रु उनलाई मान्न तयार थिइनन् । एक पटक विवाद भएछ । शास्त्रमा सूर्य ७ घोडामा चढेर परिभ्रमण गर्छन्, सप्तरंगी इन्द्रेणी त सूर्य किरणमा हामीले देखेका छौं । सूर्यका घोडा सेता रंगका छन् भनी विनिताले भनिन् । होइन, होइन कालो रंगको पो हो त भन्दै कद्रु उफ्रन लागिन् । घम्साघम्सी नै पऱ्यो । बाजी गर्ने, हार्नेले जिवनभरि जित्नेको दास बन्नु पर्ने प्रस्ताव गरिएछ । ध्रुवकी आमा सुनीति जस्तै सुविचारकी थिइन् विनिता, उनलाई रंग सेतो हुनुमा शंका थिएन, शास्त्र पढेकी पनि थिइन् । भोलि बिहानको सूर्योदय हेर्ने दुवैको प्रस्ताव भएछ । यता कद्रुपुत्र नागहरूले आफ्नी आमाले हार्ने भइन् हामी दासीका पुत्र हुने भयौं भन्दै बखेडा गर्न थालेछन् । सबै

नागहरू मिली सूर्यलाई घेरा दिँदा सूर्यको घोडाको रंग छायाँ परेकाले कालो देखिएछ । भोलीपल्टै सूर्यको छायाँ अँध्यारो रंग कालो देखिँदा वचनमा पक्का भएकी विनिता सधैंका लागि दास भई कहिले बहिनीको नुहाइ, धुवाइ, मैलो कपडा फेर्ने, जुम्रा केलाइदिने गर्न लागिछन् । बहिनीको आदेश नपाई अरूसँग बोल्ने स्वतन्त्रता पनि रहेनछ । एक पटक विनिता पुत्र गरूड आमा भेट्न आए, भोकै रहेछन् उनी । सौतेनी आमाको कपाल सुम्सुम्याउँदै गरेको देखेर लज्जित भई आमा, आमा भनी बारम्बार बोलाउँदा पनि मालिकको आदेश नभएकाले आमाले छोराप्रति हेर्न सकिनछन् । बहिनीको इशारा पाएपछि मात्र उनले आफ्नो वृतान्त छोरालाई भनिन् । गरूड स्वयं श्रीविष्णुका बाहन हुन्, उनलाई थाहा भयो, भाइ नागहरूको षड्यन्त्र । गरूड नागहरूप्रति जाइ लाग्ने विचार गरे । नागहरूले भने आफूले इन्द्रको अमृत पान गर्न सके आफू सुरक्षित हुने थाहा पाए । तर अमृत ल्याउने सामर्थ्य नागहरूमा थिएन, त्यो सामर्थ्य थियो गरूडमा । नागहरूले आफू मिलेभैँ गर्न लागे र गरूडलाई भने आमाको दासत्व मुक्तिको उपाय छ, इन्द्रमा रहेको अमृत ल्याएर माता विनितालाई पिलाउनू ।

स्वर्गको अमृतको घडा ल्याउने काम सजिलो थिएन, चोरेर ल्याउनु पर्ने थियो, स्वभावैले गरूड उड्ने प्राणी भएकाले उडेर स्वर्ग गए, कसैले थाहा नपाउने गरी अमृतको घडा ल्याएर भाई नागहरूको हातमा थमाए, सोभै आमालाई दिन डर थियो चोरीको सामान । अब अमृत पहिले कसले खाने भन्ने विवाद भयो, खोसाखोस हुन थाल्यो । गरूड चलाख थिए, उनले भने चोखो प्रसाद खाँदा पहिले नुहाउनु पर्छ, बासी मुखले खानेकुरा खानु हुन्न, त्यसमा पनि यो त अजरामर होइने वस्तु अमृत पो हो त । गरूडको प्रस्ताव नागहरूलाई राम्रै लाग्यो, विश्वास पनि भयो । यामानको ढुङ्गाले अमृतको घडालाई थिचेर, लुकाएर नागहरू विधिपूर्वक नुहाउन नदीभित्र पसे, जलमा पसेपछि सर्पहरू अल्मलिनु स्वभाविक हो । यहीबेला स्वर्गमा अमृतको घडा हराएको हल्ला चलेछ । अमृतको घडा खोज्न चारैतिर मर्त्यलोक, पातालतिर दूतहरू खोज्न पठाएछन् इन्द्रले । दूतहरूले ढुङ्गा पल्टाई अमृतको घडा लगे स्वर्गमा । अमृतको घडा वरिपरिको सामान पनि ल्याएनु भनेछन् इन्द्रले । धेरै ऋषिमध्येका गौतमले घडा रहेको ढुङ्गाको पत्तो लगाएछन् । ढुङ्गा लैजान खोज्दा गौतमले दूतहरूलाई मैले घडा राखिएको ठाउँ पत्तो लगाएँ, त्यसैले अमृत लगेकै छ, त्यो ढुंगा नलानू म यहीं तप गरी बस्छु, यो स्थान अमृतको छिटा परेकाले प्रयागको रूपमा चिनिने छ, इन्द्र र

इन्द्र पत्नी पनि आवश्यकता परेका बखत यहीं आउन भनेछन्।

अबदेखि पाप नाशक, श्राप मोचक, पुण्यबर्द्धक स्थान हुनेछ यो क्षेत्र । पाइला भए पनि राख्नु पर्ने यो क्षेत्र पाइलाको अर्थमा पला भन्नाले पाइला र ती भन्ने अर्थमा राख भनी पलाँती नाम रहेको र पुण्य प्राप्ति हुने भएकाले पुण्यवती क्षेत्र हुने भएछ । अपभ्रंस हुँदै पनौती भनिन थालेछ । यसरी काभ्रेको पनौती इन्द्रेश्वर मन्दिर, पनौती खोला अनि स्वर्गका राजा देवेन्द्रसँगै जोडिएको प्रसंग काठमाडौंको दहचोक डाँडोमा इन्द्र दह जहाँ भाद्र शुक्ल चतुर्दशीमा विशेष मेला लाग्छ । सूर्य मकर राशिमा रहने प्रत्येक १२ वर्षमा लाग्ने गरेको पनौतीको १२ वर्षे मेला २०७८ माघे संक्रान्तिदेखि सुरू भएको छ । लिच्छवी राजा मानदेवका पालादेखि यो शुरूवात भएको मानिन्छ । ६ वर्षपछि गोदावरीमा १२ वर्षे मेला लाग्छ ।

भारतको नासिकमा प्रसिद्ध गोदावरी नदी रहेको छ जहाँ कुम्भ मेला लाग्ने गर्छ १२ वर्षमा । गोदावरीलाई गौतमी नदी पनि भनिन्छ । अघि गौतम ऋषि हाम्रो ललितपुरको फूलचोकी डाँडोमा तप गरी बस्थे तर योग बलले नित्य स्नान गर्न दक्षिण भारतको नासिक गोदावरीमा स्नान गर्न पुग्थे । धेरै परिश्रम गरेका देखेर गोदावरी यहाँ प्रकट हुने विचार गरिन् । सपनामा गंगाले भनिन् तिमीले ल्याएका चिम्टा, कमण्डलु, त्रिशुल, खराउ, झोला नफर्काऊ, तिमी फर्क उहीं म आउँछु, प्रमाणका लागि यी तिम्रा सबै सामान त्यहीं आइपुगेको हुन्छ । ऋषिले त्यसै गरे, सामान छोडेर आए । सपनाबाट ब्यूँझिए पछि उनी नजिकै ठूलो विस्फोटको आवाज आयो । विशाल ढुङ्गा फुटेर गंगा नदी बहन थालिछन् ।आफ्ना सामान पनि त्यतै देखेछन् उनले, जय गंगे भन्दै नुहाउन थालेछन् । अहिले पनि गोदावरी क्षेत्रमा जलकुण्ड छ ।

अलिक वर सन्तानेश्वर महादेवको विशाल मन्दिर छ, सन्तान नहुनेले गोदावरीको जल ल्याई सन्तानेश्वर महादेवलाई चढाउने गर्छन्, नजिकै विशंखु नारायाणको गुफा, मन्दिर छ जहाँ दक्षिण तर्फबाट फुल्चोकी देवी विशंखु नरायाणले काठमाडौं उपत्यकालाई सुरक्षित बनाएका छन् । पूर्वमा चाँगु नारायणले, पश्चिममा शेष नारायण, दक्षिणकाली अनि उत्तरमा इचंगु नारायण, बूढानीलकण्ठ अनि शिवपुरीदेखि मणिचूडकी बज्रयोगिनीले सुरक्षित बनाएकी छन् । बज्रयोगिनी र दक्षिणकाली भनौं खड्ग योगिनीको तप र बलबाट काठमाडौं उपत्यकाको बस्ती बसालिएको नगर बसाएको चर्चा छ भने जलमग्न पानीलाई चोभारबाट कटाएर यहाँ खाली गराइएको इतिहास छ । प्राचीन कालमा फूल्चोकी डाँडामा विश्वम्भु बुद्ध आई एक लाख

फूलले स्वयम्भूको पूजा गरेका भनिएको छ । फूलैफूलको पूजा हुने क्षेत्र भएकाले नाम फूल्चोकी रहेको भनाइ छ ।

एकपटक काठमाडौं उपत्यका लगायत काभ्रेमा वर्षा भएन, हाहाकार भयो र काठमाडौंमा राजकाज गर्ने राजा सत्यवर र पनौतीका राजा दीर्घरथले मिलेर फूल्चोकी देवीको तप गरेछन् । जनतामा हाहाकार हुँदा राजाहरूले गरेको अनुनय विनयलाई बुझेर फूल्चोकी देवीले दुवैलाई सपनामा भनिछन् । मलाई सुन र चाँदीले आकर्षक बनाएर फूल चढाऊ, त्यसपछि पानी पारिदिउँला। काठमाडौं पहिले देखि नै कलात्मक, वास्तुकलाको क्षेत्र भएकाले सुन र चाँदीले आकर्षक कालिगढीको नमूना फूल लगेर देवीलाई चढाइयो । पनौतीमा त्यस्तो कालिगढीको नमुना थिएन सकिनसकी तोरी र मूलाको फूल टिपेर झिलिमिली देखिने गरी देवीलाई चढाइयो । भक्त विश्वास र श्रद्धा देखेर सुन, चाँदीको गर गहना जडित फूल र मूला, तोरीलाई एउटै रूप देखेर देवीले वर्षा गराइछन् । बगेको नदीलाई आधा आधा बाँडिएछ एकातिरको पानी पनौती पठाइएछ, एकातिर गोदावरी बग्न थालेछ । ६/६ वर्षको अन्तर पारी महोत्सव मेला भर्ने चलन चलेछ । अहिले पनि त्यहाँ भाद्र महिना १२ वर्षमा जब सूर्य सिंह राशिमा हुन्छन् मेला लाग्ने गर्छ । पनौती र रोशी खोलाको प्रसंग यसरी मिसिन आउँछ । कसैले गोदावरी यहाँ ल्याउनुमा सन्त बहादुर पुरीको कृपा भनी भन्ने गरिएको छ । ♦

बालकविता

## कमिलाको लर्को



✍ **रमेशचन्द्र घिमिरे**

यौटापछि अर्को फेरि अर्कोपछि अर्को
हेर साथी कमिलाको कति लामो लर्को

आँट्यो भने आँधीसमेत रोक्छ कमिलाले
उस्तै परे पहाड पनि बोक्छ कमिलाले
जाँगर पोख्न कत्ति पनि मान्दैन यो झर्को
हिँड्छ, हिँड्छ, हिँडिरहन्छ बनाई लामो लर्को

मान्छेले झैं एक्लाएक्लै भर्दैन यो भुँडी
मित्रताको मर्म बुझी खान्छ बाँडीचुँडी
मान्छेको झैं बोली चर्को नारा छैन चर्को
कति लामो लर्को आहा कति लामो लर्को !

संस्मरण

# सम्झनामा साहिँली सानीमा



✍ **घनबहादुर थापा**

आजको प्रीतिभोजमा निकै रमाइलो भो । आहा नव दुलाहा दुलहीको जोडी कस्तो राम्रो मिलेको !

मित्र शिव विक्रम शाह (राजेश)जी की छोरीको विवाह प्रीतिभोजस्थल स्वयम्भू काठमाडौँमा सहभागी भई घर फर्केपछि मलाई यस्तै लाग्यो । नेपाली विवाह परम्परा, प्रीतिभोज, पाहुनालाई दिइने खानपान र मनोरञ्जनले आगन्तुक पाहुनाको दिमाग चङ्गा हुने गर्छ । मलाई पनि त्यस्तै भयो । २०७८ असोज २० गते रातिको करिब नौ बज्दै थियो । राति टहटह लागेको जूनको उज्यालोमा रमाउँदै घरको बरण्डामा निस्किएँ ।

मोबाइलमा फेसबुक लगईन नै थियो । ओहो, कति जनाले त भर्खरको भोजमा खिचेका तस्बिर अपलोड गर्न पनि भ्याइसकेछन् । तस्बिरले मेरो मुस्कान जूनभैँ फैलाइदिए ।

तस्बिर हेर्दै गर्दा फेसबुक मेसेन्जरमा 'चन्द्रबहादुर थापा कलिङ' देखियो । हरियो बटनमा स्वीप गरेँ । 'दाइ नमस्कार', सधैँ भैँ अभिवादन गरेँ । अभिवादन फर्काउँदै खुसीले बोल्ने दाइको अनुहार आज मलिन पाएँ । उहाँको मलिन स्वर सुनियो, 'भाइ आमा त खस्नुभयो नि !' म खङरङ्गै भएँ । बोल्नै सकिन । चन्द्र दाइकी आमा अर्थात मेरी साहिँली सानीमा (आमाकी बहिनी) सतासी वर्षीया लीलादेवी थापाको मृत्युको खबरले मलाई अक्क न बक्क बनायो । कैले, कसरी लगायतका वार्तालापपछि दाइलाई सान्त्वना दिएँ र कुराकानी छोट्याएँ ।

यस्तो खबरले भर्खर बिहेभोज पछिको खुसीमा धमिलो भेलपानी पस्यो । खुसी बगाएर कता लग्यो, पत्तै पाइन । यो खुसी अब दुःखमा बद्लियो ।

यो खबर सुनेपछि खेम दाइले म पनि सानीमाको घरमा भेटघाटको लागि जान्छु होला भन्ने सोच्नु भएछ । यस वर्षको नजिकै दसैँ आउँदै थियो । त्यसैले दसैँ बिदा हुँदै थियो । खेमदाइले

भन्नुभयो, 'चितवन जाने हो भने दसैं बिदा भएपछि सँगै जाउँला है !'

सानीमाको मृत्यु भएको सातौं दिन अर्थात २०७८ असोज २६ गते बिहानै काठमाडौंबाट खेम दाइ र म चितवन जाने कार्यक्रम तय भयो । खेमदाइको बसाइँ चितवन नै छ । भर्खर काठमाडौंबाट तराई सरूवा भएको र दसैं बिदा पनि भएको कारण सँगै जाने मौका जुर्‍यो हामीलाई । तोकिएको समयअनुसार बिहान ६ बजे घरबाट निस्किँदा झिसमिसे उज्यालो भएको थियो । सवारी जामको कारण कलंकीमा खेमदाइलाई भेट्न पूरै एक घण्टा लाग्यो । दिउँसो १ बजे भरतपुर पुग्दा चर्को घामले आत्थुआत्थु पार्‍यो मलाई । त्यो दिन बाहिर निस्किने आँट आएन ।

भोलिपल्ट बिहान खेमदाइ, म र चित्र थापा भाई चितवन भरतपुर महानगरपालिका हाकिम चोकस्थित चन्द्र दाईको घरमा पुग्दा मातावियोगको शोकले घरको रङ फुङ्ग उडेजस्तो लाग्यो । भर्खर वर्षा सकिएकोले हिलोमैलो थिएन । शरद ऋतुको घमाइलो दिन । आकाशमा बादलको छिर्को समेत हराएको क्षण । पट्यार लाग्दो चर्को घाम भए पनि मनमा उज्यालो छिर्न सकेन । अँध्यारो अनुहार लिएर गेटमा पुग्दा मन पनि अमिलो भयो । घरको गेट पनि आलो घाउ बोकेर ठिङ्ग उभिएझैं लाग्यो ।

गेट बाहिरैबाट घरलाई तलदेखि माथिसम्म नियालें । गेटभित्र पस्नासाथ फूलमाला, पुष्पगुच्छाले ढाकिएको सानीमाको तस्बिरले मन हुक्कहुक्क पार्‍यो । तस्बिरसँगै सुनौला अक्षरमा लेखिएको थियो, 'हार्दिक श्रद्धाञ्जली ।'

नजिकै भेटी सङ्कलन गर्दै गरेका दुई भाइको निन्याउरो अनुहार मायालाग्दो पाएँ । भेटी दिनलाई उनीहरूको अगाडि ठिङ्ग उभिएँ । भेटी पुस्तिकामा नाम लेख्न एकजनाले सोध्यो, "तपाईंको नाम ?"

सुरूमा ठम्माउन सकेको थिइन । बोलेपछि चिनें, ऊ डिलकुमार भतिजो रहेछ । आफ्नै धुनमा काम गर्दा उसले पनि मलाई झट्ट चिन्नै सकेनछ । म छक्कै परें । हामी हाईस्कुल सँगै पढेका हौं । नेपाली सेनाबाट सेवा निवृत्त कर्मचारी हो ऊ । कपिलबस्तुमा बस्छ । कोभिड-१९ महामारीको कारण मास्क लगाएको थिएँ मैले । झट्ट हेर्दा कसरी चिनोस् विचरा !

ठट्टा गर्दै तर केही गम्भीर भावमा मैले भनें, "अब त मलाई पनि चिन्न छाड्यौ कि के हो ?"

फिस्स हाँस्दै उसले भन्यो, "मास्कको कारण हो के अङ्कल ! फेरि

अरू मान्छेसँगै आउनु भा'को रहिछ । त्यही ग्रुपको होला भन्ने सोचेर नि ।" आफै छक्क परेको हाउभाउमा उसले प्रष्टीकरण दियो ।

सानीमाको तस्बिरमा पुष्पगुच्छा चढाउँदा आँखा रसाए । मन भावुक बन्यो । पछिल्लो पटक उहाँकै चौरासी पूजामा भेट भएको क्षणले चिमोट्यो मलाई । सानैदेखि निकै माया गर्नुहुन्थ्यो । चौरासी पूजामा गएर फर्केपछि पूजाको दिन सानीमासँग बिताएका क्षणबारे मैले संस्मरण लेखेको थिएँ । उहाँको सम्झना आइरहन्छ । पहिले स्याङ्जाको अर्जुनचौपारी खाल्टे गाउँमा बिताएका ती क्षणहरू झलझल्ती मानसपटलमा घुमे । भलै गाउँको परिवेश केही दुःखदायी थियो होला तर ती कामका दुःखभित्रको आत्मीयता कति प्यारो थियो, के वर्णन गरूँ र ? भारी मन बनाएर श्रद्धाञ्जलीका दुई शब्द र फूल चढाएँ ।

शून्य मन लिएर अगाडि गएँ । घर कम्पाउण्डको पश्चिमपट्टीको पर्खाल नजिक तेह्रदिने संस्कारका लागि सातौं दिनको धर्मग्रन्थ वाचन तथा कर्मपूजाको काम पूरा गरी सुस्ताएका पण्डित देखिए । आफ्नी आमाको वियोगका क्षणमा नैराश्यता बोकेर घर परिसरमा टुसुक्क बसेका केही अनुहारहरूले मन खिन्न बनाए ।

पर्खाल नजिकै सेतो पहिरनमा अस्थायी चुलोमा आफ्ना लागि खाना पकाउँदै गरेका चन्द्रदाइको अनुहार हामीलाई देखेपछि केही उज्यालियो । माता वा पिताको मृत्युपछि तेह्रदिने काजकिरियाको समयमा अरूले पकाएको खाना खानु हुँदैन । चोखोनिष्ठ गर्नुपर्छ भन्छन् । यसका निकै प्रक्रियाहरू छन् । त्यही विधिअन्तर्गत पर्ने काममा व्यस्त रहेछन् दाइ बिहानदेखि ।

"सन्चै हुनुहुन्छ दाइ ?" मैले विस्तारै सोधेँ ।

"अँ सन्चै छु", दाइले भन्नुभयो । जस्तोसुकै आपतविपतमा पनि दाइको मुस्कान हत्पती गुम्दैन । गाउँमा कति दुःखकष्टका दिन बिताउनु पऱ्यो होला तै पनि उहाँको मुहारमा कहिल्यै निराशा देखिएन । उहाँलाई मैले यस्तै बुझेको छु । अहिले पनि उस्तै पाएँ अर्थात पीडालाई शक्तिमा बदल्ने साहस र क्षमता ।

कपाल खौरिएको । शरीरमा धोती र जनै मात्र पहिरिएको । खुट्टा खाली । चिसो भुइँमा पोतिएको चुल्होमा एक्लै खाना बनाउँदै । यस्तो मन छुने दृश्यले अक्क न बक्क पर्ने अवस्था आयो । तर यसले हिन्दु धर्म संस्कृतिको एउटा दरिलो प्रतिक बोकेको थियो । अर्थात माता वा पिताको मृत्यु हुँदा गरिने तेह्रदिने संस्कारभित्रको एउटा पाटोको प्रतिक बनेर चन्द्रदाइ उभिनु भएको थियो ।

हिन्दु धर्म परम्परामा मृतकको किरिया तेह्र दिन गर्नुपर्छ । विभिन्न पुराणअनुसार सुरूमा तेह्र वर्ष किरिया गरी शोक मनाउने गरिन्थ्यो रे । पछि घटाएर तेह्र महिना हुँदै हाल तेह्र दिनमा आएको हो भन्ने आम विश्वास छ । तर अहिलेको वैज्ञानिक युगमा यसलाई अझै परिमार्जन गर्दै लैजानुपर्छ भन्ने आवाज पनि आजकल उठ्न थालेको छ । अर्थात तेह्र दिनलाई घटाएर तीन वा सात वा यस्तै थोरै दिन मात्र तोक्नुपर्ने तर्क उठ्न थालेको छ । धर्म रीतिथिति परम्परालाई समयानुकूल परिमार्जन गर्न सकिने आधार हाम्रा धर्मशास्त्रहरूले पनि दिएकै छन् । यस्तै संकटमोचन गर्न सकिने तथ्य गरूण पुराणमा पनि छ । त्यहाँ लेखिएको छ, 'राजा, लडाइँमा रहेको सिपाही, मन्त्री, कविवर, भाइभारदार लगायत लब्ध प्रतिष्ठितहरूको हकमा एक दिन शोक मनाए पुग्छ ।' अर्कोतर्फ नेपालमै पनि सबै जातजातिमा तेह्र दिन शोक मनाउने सन्दर्भमा समानता पाइँदैन । आखिर मानव सबै समान हुन् । धर्म समान हो तर किन फरकफरक मान्यता छ । त्यसले पनि यो तेह्र दिने परम्परालाई परिमार्जन गर्न सकिन्छ भन्ने मान्यता राख्छ । जति हामी संस्कृतिको पछि हिँड्छौं त्यति हाम्रो संस्कृति र पहिचान पनि सगसँगै हिँड्छ । जन्जिरमा बाँधिएर बस्ने कि स्वतन्त्र भएर बस्ने भन्ने प्रश्न पनि हाम्रासामु उभिन सक्छ ।

यस्तै तर्कनामा रूमलिएँ म । उता घरमा भेटघाटका लागि पाहुना आउने क्रम जारी थियो । घरमा सबै इष्टमित्र परिवारको मलिन अनुहारले साँच्चै पीडा थप्थ्यो । यसो सानिमाका छोरीहरू रम्मा दिदी, माया र मिठु बहिनीतिर ध्यान गयो । ममताको वेदनाले थप गम्भीर बनायो । केही क्षणको भलाकुसारीपछि अली उज्याला भए । हुन पनि हो जसलाई धेरै माया गरिन्छ, उसको विछोडमा उति नै तड्पिन मन लाग्छ । यो प्राकृतिक नियम पनि हो । तर यसैलाई सम्झेर सधैँ बस्न नि सकिँदैन । सृष्टिको नियम नै त्यही हो । आखिर 'हुने हुनामी दैव नटार' भन्छन् । चित्त बुझाउनुपर्छ । लामो समयपछि भेटघाट भएका दिदीबहिनी इष्टमित्रसँग भलाकुसारी गर्दैगर्दा कपिलबस्तु मामाघरको टोली तथा थापा दाजुभाइहरू डिलबहादुर, गिरबहादुर, चित्रबहादुर लगायतको टोली एउटै गाडीमा आइपुग्यो । कृष्ण बहादुर लगायत खाल्टेबाट चितवन आएका अन्य दाजुभाइसँग भेटघाट गर्न पाइयो । परम्परादेखि हुँदै आएका विहे, ब्रतबन्ध, मृत्युसंस्कार जस्ता संस्कृति दाजुभाइ, दिदीबहिनीलगायत अन्य

इष्टमित्रसँग भेटघाट हुने अवसर पनि हो जस्तो लाग्छ । सायद यत्रतत्र छरिएर रहेकाहरूबीच भेटघाटकै लागि यस्ता एकजुट हुने, तीतोमिठो पोख्ने, सुख दुःख बाड्ने प्रयोजनार्थ यस्तो परम्पराको थालनी भएको हुन सक्ने अनुमान लगाउन सक्छौं ।

यस्तै कुरामा रूमलिंदै गर्दा मृत्यु संस्कारका कपाल खौरिने, नुन बार्ने, ढिकुरो फुटाउनेजस्ता कुराप्रति मलाई कौतूहलता जाग्छ । बुझ्न मन लाग्छ । हुन त सदियौंदेखि चलेको प्रचलन, परम्परालाई सिधैं त्याग्न वा यसमाथि प्रश्न उठाउन कठिन सान्दर्भिक नहोला । तै पनि बुझ्ने कोसिस गर्दा कपाल खौरिने सम्बन्धमा नयाँ कुरा सुनिने गरेको छ । परापूर्वकालमा ऋषिमुनिहरूले कपाल पाल्थे । दाह्रीजुँगा लामो हुन्थ्यो । लामो कपाल दाह्रीमा फोहोर जम्मा हुन्थ्यो । काजक्रिया गर्दा सफा हुनुपर्छ भनेर कपाल काटने गर्थे रे । आफ्नो लामो कपालको सम्झनाका लागि टुप्पी राख्थे रे ! त्यही प्रचलन अहिले चलेको हो भन्छन् । कपाल दाह्री सफा राख्न सकेमा मृत्यु संस्कारमा कपाल खौरिनै पर्छ भन्ने हुन्न रे । मैले पनि यस्तो सुनेको मात्रै हो । सत्य के हो थाहा भने छैन । यसो ध्यान केन्द्रित गरेर मन्थन गर्दा हो कि जस्तो पनि लाग्छ । नत्र शरीरका अन्य भागको रौं खौरिन नपर्ने दाह्री जुँगा कपाल मात्र खौरिने किन ? प्रश्न उपर तर्क वितर्कको आँधी चलिरन्छ मनभरि कहिलेकाहीं । तर यो अनुसन्धानकै विषय भने हुन सक्छ भन्ने चाहिँ लाग्छ ।

यस्तो बेला नुनको विषयमा पनि आँधी चल्ने गर्छ मनमा । मृतकका परिवारले तेह्र दिनसम्म नुन खानु हुन्न, तेह्रदिने दाजुभाइले दश दिन बार्छन् । छोरीहरूलाई पाँच दिन लाग्छ । साइनोअनुसार एकछाक मात्र छोड्ने पनि हुन्छन् । यसबारे एउटा किंवदन्ती छ । पहिलेपहिले भोटबाट नुन आउँथ्यो रे । अहिले जस्तो सफा नुन थिएन । भोटको नुनमा भेडा, च्याङ्ग्रा, माछा, समुद्री जनावरको अपाच्य कुरा मिसाइएको हुन्थ्यो भनिन्छ । त्यस्तो अपाच्य कुरा जुठो हुने भएर नुन बार्ने चलन भएको हो रे । सिदे नुन, विरे नुन भने खान मिल्छ भनेर हाम्रा पुर्खादेखि खाने चलन चल्दै आएको छ ।

सोच्दै जाँदा यस्तो बेलामा माछामासु चाहिँ किन खान नमिल्ने होला ? भन्ने प्रश्न उठ्छ । अन्य मुख बार्ने, चोखोनिष्ठ गर्ने कुरामा पनि यथेष्ठ प्रश्न उठ्लान् तर तिनको चित्त बुझ्दो जवाफ पाउन कठिन छ । खाली मनलाई उथलपुथल बनाउने काम मात्र किन गर्नु ? यी सबै विषयमा कुनै दिन

नवीन तथ्य खुल्दै जालान् । त्यै बेला खुल्दुली मेटिएर कानमा तेल हालेझैं शान्त हुन पाइएला ।

यस्ता तर्कनाले यो गर्मीमा झन् उखरमाउलो ल्याउने भो । बरू जाऊँ भो कान्छाबालाई भेट्न । मनमा यस्तै लाग्यो । चार वर्षअघि उहाँकै चौरासी पूजामा भेटेको हो कान्छाबालाई । हाल अठासी वर्षीय कान्छाबा गंगाबहादुर थापा चितवनमै बस्नुहुन्छ । हाम्रो टोली लाग्यो उहाँलाई भेट्न । कान्छाबालाई भेटेपछि उहाँ खुसी हुनुभयो । यो खुसीले उता सानीमाको घरको दुःखदायी क्षणलाई केही हद्सम्म बिर्साइदियो । खाजा चिया खाएर हामी सबै बिदा भयौं । कपिलवस्तुको टोली आफ्नै गाडीमा हिँडिहाल्यो ।

साँझ ५:०५ बजे भरतपुर विमानस्थलमा बुद्ध एअरको जहाजले मलाई पर्खिरहेको थियो । आधा घण्टाको उडानपछि काठमाडौं विमानस्थलले स्वागत गऱ्यो । विमानस्थलमा पुग्दा विराटनगरबाट शिवविक्रम शाह (राजेश) जी आउनुभएको रहेछ । उहाँकै छोरीको विवाह भोजको दिन यस्तो नराम्रो खबर सुन्नु परेको थियो । उता पुगेर फर्किंदा डोमेष्टिक तर्फको अराईभलमा भेट भयो । साथमा भारतीय पाहुना रहेछन् । उहाँहरूसँग ठमेल पुगें । त्यहाँबाट छुट्टीएर साँझ घरमा पुगें ।

सानिमाको स्वर्गारोहणमा थपिएको पीडा, यात्राको थकान, चितवनको गर्मीले तातेको शरीर अब काठमाडौं घरमा आएपछि केही मल्हम लगाएझैं महसुस भयो । फेरि पनि हार्दिक श्रद्धाञ्जली साहिँली सानीमा, बैकुण्ठ बास होस् अनि हजुरको आत्माले शान्ति पाओस् । अब हजुर हाम्रो सम्झनामा मात्र, अल बिदा ! ◆◆

**गजल**

## किन ?



✍ **रेणु अधिकारी 'मौनता'**

टोलाएर क्षितिज पारी हेरि बस्यौ किन ?
धुजा पार्दै किताबहरू केरि बस्यौ किन?

सर्माएर बादलसँग नुर झुकाउदै,
मनको पिडा मनै भित्र घेरि बस्यौ किन?

चन्द्रमाले कत्तिखेर बोलाउलिन् भन्दै,
अतितको त्यो बाटो कुरि फेरि बस्यौ किन ?

सूर्य पनि छेकिदेला बादल पर्दा बन्दै,
मनको मैलो धुने आसा बेरि बस्यौ किन ?

चन्द्रमा र चखेवाको मिलन हुन्न भन्दै,
घायल पारी आफ्नो मुटु सेरि बस्यौ किन?

# अन्धविश्वास



✍ प्र.नि.भोजराज पाण्डेय

जिल्ला मोरङ, पथरी शनिश्चरे नगरपालिका वडा नं. ८ स्थायी वतन भई हाल ललितपुर जिल्लाको हरीसिद्धि बस्ने वर्ष २२ को सुमन मगर र जिल्ला मकवानपुर, राक्सिराङ गाउँपालिका वडा नं ५ स्थायी वतन भई हाल ललितपुर जिल्लाको हरीसिद्धि बस्ने वर्ष २३ को चेपाङ भन्ने सविन प्रजा विगत एक वर्ष देखि हरिसिद्धीमा परिवार सहित बसी ज्याला मजदुरीको काम गर्दै आइरहेका थिए । सुमन नेपालको पूर्वी सहर मोरङबाट धेरै काम गरेर प्रशस्त पैसा कमाउने लक्ष्य लिएर श्रीमतीलाई साथमा लिई राजधानी सहर पसेको थियो भने सबिन राजधानी काठमाडौँसँग सीमाना जोडिएको जिल्ला मकवानपुरको विकट बस्ती ईलाकाबाट श्रीमतीलाई साथमा लिई राजधानी पसेको थियो । तर निजहरूको दैनिकी सोचे जस्तो तरिकाले बितेको भने थिएन । ज्याला मजदुरीको काम पनि निजहरूले भने जस्तो गरी पाउन सकेका कहाँ थिए र ? काम पाएको बेलामा काममा जाने नत्र दिनभरि बजार तिर बरालिएर साँझ पख मदिरा सेवन गरी राति अबेला लड्खडिदै कोठामा आइपुग्थे । श्रीमानहरूको चाला देखेर दुवैका श्रीमतीहरू पनि आजित भई सकेका थिए । तर उनीहरूसँग पनि श्रीमानहरूको उदेक लाग्दो क्रियाकलापलाई सम्बोधन गर्ने अन्य कुनै उपाय पनि थिएन ।

दिनहरू बित्दै जाँदा र काम गर्ने क्रममा निजहरूको एउटै घरको कोठामा डेराकोठा गरी बस्ने आशिष चौधरीको साथी किरण मगरसँग एक दिन भेटघाट हुँदा निज किरण मगरले दुई किलो ग्राम जतिको सिमाला देखाई “यस्तो खालको पुरानो सामानहरू पाउन सकेको खण्डमा धेरै पैसामा बिक्री हुन्छ, अझ मान्छे झुण्डिएर मरेको अथवा झुण्ड्याएर मारेको डोरी पाउन सकेमा पाँच करोड जति आउँछ, तर ऐनाको अगाडि हातमा डोरी लिई देखाउँदा डोरी देखिन भने हुँदैन, त्यस्तो डोरी पाएमा खबर गर्नु” भनि सबिन प्रजालाई बताए

पश्चात निजको मनमा उक्त डोरी जसरी पनि प्राप्त गरी छोटो समयमा धेरै पैसा कमाई गरेर धनि बन्ने सोच तत्कालै पलायो र निजले त्यस पश्चात विगत एक वर्ष अगाडि देखि चिनजान भएको सुमन मगर भन्ने साथीलाई "मान्छे झुण्डिएर मरेको डोरी फेला परेमा खबर गर्नु धेरै पैसा आउछ भनि मलाई एक जनाले बताएको छ" भनि भन्दा निजले समेत सो कुरालाई तत्कालै पत्यार गरी "साथी भाईहरूसँग बुझ्छु" भनेको थियो ।

किरण मगरले बताएको कुराले सबिन र सुमनको दिमाग घडीको सुई भन्दा पनि जोडले चलायमान भईरहेको थियो । काम गर्न जाँदा होस् वा रक्सी सेवन गर्ने क्रममा नै किन नहोस् वा काम नगरी फाल्तु बसेको अवस्थामा नै किन नहोस् चौबिसै घण्टा मान्छे मारेको डोरी कसरी प्राप्त गर्ने र सो बेचेर कसरी करोडपति बन्ने ? भन्ने चर्चा भई रहन्थ्यो । बसाईको क्रममा सहज रूपमा डोरी प्राप्त भएन भने मान्छे झुण्ड्याएर मारेर भए पनि डोरी प्राप्त गर्ने सम्मको कुराकानी निजहरू दुवै जनामा भईरहन्थ्यो । तर मान्छे झुण्डाएर मार्ने कुरा सहज पनि थिएन । निजहरूको रातदिनको सपना र सोचमा नै कसरी मान्छे मार्ने र डोरी प्राप्त गर्ने भन्ने नै हुन्थ्यो । यसै क्रममा निजहरूले धेरै प्रयास गरे पनि सजिलै डोरी प्राप्त हुने छाँट देखिएन । मान्छे झुण्डिएर मरेको डोरी अब सजिलै नपाईने भएपछि सडक बाटोमा अलपत्र भई बसेका अनाथ तथा असहाय मान्छेहरूलाई मौका छोपेर डोरीले घाँटीमा कसी मार्ने योजना बनाई सबिन प्रजाले कोठामा लुगा सुकाउन र बेला बखत ईनारबाट पानी तान्न प्रयोग हुने पहेलो रंगको नाईलनको डोरी अन्दाजी ३ (तीन) फिट जति काटेर निजको साथी सुमन मगरलाई बोक्न लगाई निजहरू दुवैजना धेरै पटक सँगै राति-राति मान्छे मार्ने मौका खोज्दै हिंड्दा कहीं पनि त्यस्तो खालको मौका प्राप्त हुन सकेको थिएन ।

यसै क्रममा सबिन प्रजाले ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २७ सुनाकोठी स्थित बासु महर्जनको जग्गा भाडामा लिई टहरो बनाई बस्दै आईरहेकी वर्ष ५० की कमला तामाङ भन्ने महिलाले प्राय जसो मादक पदार्थ सेवन गर्ने र टहरोमा एक्लै बस्छिन्, त्यसकारण निजलाई नै सिध्याउन पर्ला जस्तो छ भनि बताएकोले भाद्र २३ गते दिउँसो सो ठाउँ हेर्न र कामको बहाना बनाई सबिन प्रजा, अर्जुन राई, निजको साथी एक जना र सुमन मगर समेत भई सुनाकोठी ललितपुरमा बस्ने पातली दिदी भन्ने कमला तामाङको टहरोमा पुगेको र निज पातली दिदीलाई भेटी

निजै मार्फत ठेकेदारसँग फोनमा कुरा गर्दा मजदुरको आवश्यकता परेको भनि बताएको र तत्काल काममा पठाइदिनु भनि अर्जुन राई र निजको साथी भोलि देखि ज्याला मजदुरीको काम गर्ने गरी आफ्नो डेरा कोठा तर्फ फर्किए । त्यस पश्चात सुमन मगर र सबिन प्रजा नेवार समुदायले सुनाकोठीमा निकाल्ने गरेको लाखे जात्रा हेरेर राति आफ्नो डेराकोठा तर्फ फर्कदै गर्दा “पातली दिदी टिनले बारेर बनाएको एकान्त ठाउँमा एक्लै बस्ने गरेकोले यसैलाई सिध्याएर डोरी बेच्नु पर्छ” भनि दुवैजनाले बाटोमा सरसल्लाह गरे ।

त्यसको भोलिपल्ट भाद्र २४ गतेको बिहान ११:०० बजे तिर सुमन मगर सबिन प्रजाको कोठामा आई आज राती पातली दिदीको टहरोमा गई जसरी पनि निजलाई डोरीले घाटीमा कसि मारी सो डोरी ल्याउनु पर्छ भनेपछि सोही दिनको अन्दाजी १६:३० बजेको समयमा सुमन मगरले सबिन प्रजाको मोबाइल नम्बरबाट पातली दिदीलाई फोन गरी आज हामी आउदैछौं, रमाईलो गर्नु पर्छ, रक्सि ल्याएर राख्नु “भनेर फोन गर्दा निज पातली दिदीले” “हुन्छ, आउनु” भनेपछि सबिन प्रजाले निजको श्रीमतीलाई “आज हामी मान्छे झुण्डिएर मरेको डोरी लिएर आउछौं आज ढिला हुन सक्छ” भनेर सुमन र सबिन दुवैजना पैदल हिँड्दै १८:३० बजे सुनाकोठी स्थित पातली दिदीको टहरोमा पुग्दा निजले खाना बनाउदै थिईन् ।

“दिदी सन्चै हुनुहुन्छ ?” भनि सुमन र सबिन निजको घरमा प्रवेश गर्न खोज्दा निज पातली दिदीले निजहरूलाई देखे पछि “मेरो छोरा खाना खान आउँदैछ, तिमीहरूलाई देखेमा नराम्रो सोच्छ, एक छिन पछि आऊ’ भनेपछि निजहरू दुवैजना बालकुमारी मन्दिरमा आएर अब निकट दिनमा नै करोडौंको मालिक बन्ने सपना बुनेर बसे ।

समयले कसैलाई पर्खिनेवाला थिएन। यो आफ्नै रफ्तारमा अगाडि बढिरहेको थियो । दिन ढल्कदै गएर रातको अन्धकारले जतातत‌ै आफ्नो रूप देखाइसकेको थियो । सुनाकोठी ब्यस्त र बाक्लो बस्तीका बीच रहेको भएता पनि रात परेपछि सबै आफ्नै घर भित्र बस्ने हुँदा रात छिप्पिदै गर्दा सवारी साधनहरू तथा मानिसहरूको खासै चहल पहल थिएन । झ्याउकिरीहरू एकनास सँग नमिठो ऱ्याईं ऱ्याईं आवाजका साथ कराइरहेका थिए ।

त्यसै क्रममा निजहरू दुवैजना बसेको स्थान नजिक स्याल एकोहोरो रूपमा कराएकोले दुवै जना झस्किए ।

मोबाइलको घडि हेरे रातको २०:३० बजिसकेको थियो । "अब त पातलीको कोठामा जानु पर्छ" भन्ने सल्लाह गरी दुवै जना त्यहाँबाट पुनः पातली दिदीको टहरोमा जानको लागि निस्किए ।

दुवैजना पातली दिदीको कोठामा पुगे पछि निज पसलमा गई रक्सि लिएर आई दुवैलाई खाना खुवाई निजले रक्सि मात्रै र सुमन मगरले खाना र रक्सी खायो । सबिन प्रजाले खाना खाई सक्दा निजहरू रक्सि खाईरहेको हुँदा सबिन पातली दिदी सुत्ने गरेको खाट भन्दा केही पर भुईमै रहेको ओछ्यानमा ढल्केर बस्यो । निजहरूले रक्सि खाई सकेपछि सुमन र पातली दिदी गफ गरेर बसिरहेका थिए । गफ सकिवरी त्यसको केही समय पछि सुमन सबिन सुतेको ठाउँमा गएर सुत्न लाग्दा पुनः पालती दिदीले सुमनलाई बोलाई "कति छिटो सुतेको आउ गफ गरौं" भनि बोलाएकोले निजहरू दुवैजना पुनः गफ गर्न थाले । गफ गर्दा गर्दै पातली दिदीलाई मादक पदार्थको नशा लाग्दै गई निज निदाएको हुँदा सुमन मगर सबिन सुतेको ठाउँमा आई "अब काम सिध्याउनु पर्छ ढिला गर्नु हुदैन" भनेर दुवैले कानेखुसी सल्लाह गरे पश्चात निज सुमन मगर पुनः पातली दिदीको खाटमा गई पालती दिदीको दुवै हात सलले बाध्न थाल्यो । पातलीलाई रक्सिको नशा लागेर हो वा अन्य कुनै कारणले हो सुमनले सलको कपडाले निजको हात बाध्दा समेत केही प्रतिकार गरिनन् । सुमनले पातली दिदीको हात बाँधेर सबिनलाई ईसारा गरेर बोलाए पश्चात निज उठेर गई पहिला नै तयारी हालतमा बोकेको नाईलनको डोरीको पासो पातली दिदीको घाँटीमा लगाई पछाडीबाट कसेर तान्न थाल्यो र सुमनले नाक र मुख थुन्न थाल्यो ।

सुमनले नाक र मुख थुन्ने क्रममा पातलीको घाटी निर हातको नङको सानो खत बसेको थियो । त्यसको करिब तीन मिनेट जति पछि निज पातली दिदी चल्न चटपटाउन छाडे पश्चात निजहरूले पातली दिदीलाई मार्न प्रयोग गरेको नाइलनको डोरी खोले र निजलाई ढोकानिर भुइँमा लडाई त्यसपछि निजको कानमा लगाएको तीन जोर मुन्द्री खोली निजको मोबाइल समेत निकालेर सबिन प्रजाले लियो भने सुमनको ज्याकेट मागेर सबिनले लगाई निज पातली दिदीलाई मार्न प्रयोग गरेको डोरी, मुन्द्रा र मोबाइल सबिन आफैले बोकेर निजहरू दुवै जना ०१:३० बजे तिर टहरोको ढोका बाहिर बाट ढप्काई उक्त टहरोबाट निस्केर पैदल हिंड्दै आफ्नो डेराकोठा तर्फ आउदै गर्दा बाटोमा पर्ने कर्मनाशा खोलामा पुगेपछि मृतकको मोबाइल नम्बरको कारणले प्रहरीले पक्राउ गर्छ

की भन्ने सोची सुमन मगरले मृतकको मोबाइलबाट सिमकार्ड निकालेर खोलामा फ्याकी दियो । सोही बेलामा सबिन प्रजाको श्रीमतीले सुमनको मोबाइलमा कल गरेर "तपाईंहरू कहाँ हुनुहुन्छ ? छिटो घरमा आउनु" भनेको थिईन् । कोठामा पुग्दा अन्दाजी ०२ः३० जति बजेको थियो । कोठामा पुगे पश्चात सबिनले श्रीमतीलाई "आज हामीले डोरीले कसेर मान्छे मारेर आएका छौं" भन्दै डोरी, मुन्द्रा र मोबाइल देखाएपछि निजहरू सबै जना "अब करोड पति बन्न कसैले रोक्न सक्दैन" भन्ने मिठो र करोडपति बन्ने सपनाका साथ मस्त निद्रामा सुते ।

त्यसपछि बिहान अन्दाजी ०५ः०० बजे तिर सबिन प्रजा उठेर नुहाएर धुपबत्ती र अबिरले पातली दिदीलाई मारेर ल्याएको डोरीलाई पुजा गरेर ऐना अगाडि लगेर हेर्दा ऐनामा डोरी देखिएपछि "यो डोरी काम लाग्दैन, ब्यर्थै पातली दिदीलाई मारिएछ ?" भनेर उक्त डोरी र डोरी बोकेको सुमन मगरको ज्याकेट र पातली दिदीको साधारण मोबाइल समेत निजकै कोठा अगाडि रहेको कुलोमा फालेकोमा भाद्र महिना भएता पनि निरन्तर परेको झरीको कारण खोलामा ठुलै पानी बगिरहेकोले पानीले बगाएर लग्यो । त्यसपछि मुन्द्रा बेच्ने सल्लाह गरेर सुमन, निजको श्रीमती, सबिन र सबिनको श्रीमती चारै जना मुन्द्रा बेच्नको लागि हरिसिद्धिबाट ईमाडोल स्थितमा रहेको सुनचाँदी पसलमा गई मुन्द्रा देखाउँदा उक्त मुन्द्रा सुनको नभएको भनि पसलेले हेरेर फिर्ता गरेपछि निजहरू निरास हुँदै त्यहाँबाट कोठामा आउने क्रममा सोही डोरी र ज्याकेट फालेकै कुलोमा उक्त मुन्द्रा पनि फाली "मान्छे मारेको कुरा कसैलाई नबताउने" सल्लाह गरेर आ-आफ्नो डेरा कोठातिर लागे ।

त्यसको भोलि पल्ट सबिन प्रजाको मकवानपुर स्थित घरमा बुबा बिरामी परेको भनि खबर आएको हुँदा २९ गते निज र निजको श्रीमती प्रविना माझी मकवानपुर स्थित आफ्नो घरमा जानु अगाडि घटनाको बारेमा अनुसन्धान गरिरहेको महानगरीय प्रहरी वृत्त चापागाउँको प्रहरी टोलीले निजहरू चारैजनालाई कार्यालयमा बोलाई घटनाको बारेमा सोधपुछ गरेको थियो । तर निजहरूले घटनाको बारेमा आफूलाई कुनै कुरा थाहा नभएको र निजहरूको घटनामा संलग्न हुन सक्ने कुनै स्पष्ट आधार समेत फेला नपरेको हुँदा खोजेको बखत उपस्थित हुने गरी कागज गराई छाडेको थियो । त्यस बीचमा यता घटनाको बारेमा निरन्तर र सुक्ष्म

रूपमा महानगरीय प्रहरी अपराध महाशाखा काठमाडौं र महानगरीय प्रहरी वृत्त चापागाउँ ललितपुरबाट विभिन्न कार्यालय स्तरीय अनुसन्धान टोली बनाई अथक मेहनतका साथ अनुसन्धान गरेको कारण घटनाको सत्यताको बारेमा माथिको कथा उठान भएको थियो ।

अनुसन्धान तहकिकातको सिलसिलामा उठान भएका कागजातहरू कृष्ण बहादुर तामाङको जाहेरी दरखास्त, घटनास्थल लाशजाँच मुचुल्का, बरामद खानतलासी मुचुल्का, कृष्ण बहादुर तामाङको पुरक किटानी जाहेरी दरखास्त, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट प्राप्त मृतक कमला तामाङको शव परीक्षण प्रतिवेदन, दशीका चिजवस्तु, पक्राउ प्रहरी प्रतिवेदन, प्रतिवादीहरू सुमन मगर, सबिन प्रजा र प्रविना माझी समेतको बयान कागज, बुझिएका मानिसहरूले गरी दिएको घटना विवरण कागज समेतका मिसिल संलग्न कागजातहरूको आधार प्रमाणहरूबाट प्रतिवादीहरू सुमन मगर, सबिन प्रजा र प्रविना माझी समेतको मिलेमत्तो योजना र संलग्नतामा मान्छे मारे मराएको डोरी करोडौंमा बिक्री गरी आर्थिक लाभ लिने मनसायले नुवाकोट जिल्ला बेलकोटगढी न.पा. वडा नं. ९ नलगाउँ स्थायी वतन भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २७ सुनाकोठी स्थित बासु महर्जनको बारीमा बनेको अस्थायी टहरोमा बस्दै आईरहेकी वर्ष ५० की कमला तामाङलाई मिति भाद्र २४ गते रातको समयमा एक्लै टहरोमा बसिरहेको मौका छोपी निज कमला तामाङको घाँटीमा नाईलन डोरीको पासो लगाई जोडले कसेर श्वासप्रश्वास प्रक्रिया अवरूद्ध हुने गरी निस्सासिने बनाई प्राण लिए पश्चात कसुरबाट उम्किने सोंच राखेर भागेकोमा भोलि पल्ट बिहान २५ गते घटना बारे थाहा जानकारी पाई अनुसन्धान गर्ने क्रममा मृतकको कल डिटेल विवरण विश्लेषण गरी शंकास्पद देखिएका मोरङ्ग जिल्ला पथरी शनिश्चरे न.पा. वडा नं. ८ घर भई हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. २८ हरिसिद्धि बस्ने सुमन मगरलाई आश्विन २१ गते कार्यालयमा पुन झिकाई सोधपुछ गर्ने क्रममा निजले वारदातमा साविती हुने गरी सबिन प्रजा र निज मिली वारदात घटाएको र यस घटनाबारे सविन प्रजाको श्रीमती प्रविना माझीलाई पनि थाहा जानकारी छ भनि बताएको हुँदा निज सुमन मगरलाई तत्काल पक्राउ गरी वारदात पश्चात भागी फरार भएका मकवानपुर जिल्ला राक्सिराङ गाउँपालिका वडा नं ५ घर हुने सबिन प्रजा र निजको श्रीमती प्रविना माझी समेतलाई

खोजतलास गरी आश्विन २२ गतेका दिन मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ७ स्थितबाट पक्राउ गरे पश्चात निजहरूको विरूद्धमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.२७ सुनाकोठी स्थित बासु माहर्जनको जग्गा भाडामा लिई टहरो बनाई बस्दै आईरहेकी वर्ष ५० की मेरो श्रीमती कमला तामाङ शंकास्पद रूपमा मृत अवस्थामा फेला परेको हुँदा ज्यान सम्बन्धी मुद्धामा अनुसन्धान गरी पाउँ भनि तत्काल जाहेरी दरखास्त पेस गरेकोमा हाल अनुसन्धानको क्रममा मेरो श्रीमती कमला तामाङलाई मिति २०७८।०५।२४ गते रातिको समयमा जिल्ला मोरङ पत्थरी शनिश्चरे नगरपालिका वडा नं. ८ स्थायी वतन भएको सुमन मगर, जिल्ला मकवानपुर राक्सिराङ गाउँपालिका वडा नं ५ स्थायी वतन भएको सबिन प्रजा र ऐ.ऐ. स्थायी वतन भएको प्रविना माझी समेतको मिलेमत्तो र योजनामा घाँटीमा डोरी कसी विभत्स तवरले कर्तव्य गरी मारेको भन्ने कुरा खुल्न आएको हुँदा यस सम्बन्धमा सहि सत्य अनुसन्धान गरी अन्य कोही कसैको संलग्नता रहेको पाईएमा हदै सम्मको कानून बमोजिम कारबाही तथा सजाय होस भन्ने समेत व्यहोराको कृष्ण बहादुर तामाङको कर्तव्य ज्यान मुद्धामा पुरक किटानी जाहेरी दरखास्त समेत प्राप्त भएको हुँदा कर्तव्य ज्यान मुद्धाको वारदात अनुसन्धान सकी स-प्रमाण सहित पक्राउ परेका प्रतिवादीहरू सुमन मगर, सबिन प्रजा र प्रविना माझी समेतले नियोजित तवरले मान्छे मारेको डोरी बिक्री गरी खाने मनसायले कमला तामाङको घाँटीमा नाईलन डोरीले कसेर निस्सासिने बनाई क्रुर एवं निर्ममता पूर्वक कर्तव्य गरी ज्यान मारेको हुँदा निजहरूले गरेको कसूर मुलुकी अपराध संहिता २०७४ को दफा १७७ उपदफा (१) विपरित र ऐ. संहिताको दफा ४१ (क) बमोजिम हुने कसूर अपराध गरेको देखिदा निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा ४१ बमोजिम हदै सम्मको सजाय हुन सक्कल नक्कल मिसिल कागजातहरू, बरामद दशी र पक्राउ प्रतिवादीहरू सुमन मगर, सबिन प्रजा र प्रविना माझी समेतलाई अनुसन्धान प्रतिवेदन साथ जिल्ला सरकारी वकिलको कार्यालय ललितपुरमा पेस गरेकोमा सो कार्यालयबाट पनि सोही कुरालाई समर्थन हुने गरी अभियोग पत्रसाथ सम्मानित जिल्ला अदालत ललितपुरमा पेस हुँदा जिल्ला अदालतको निर्णयले हाल तीनै जना प्रतिवादीहरू पूर्पक्षको लागि कारागारमा थुनामा रहेका छन् ।

♦♦♦

कथा

# निष्ठुरी आमा



✍ तारा के.सी

कहिले श्रीमतीको फोन आउँथ्यो, कहिले आमाको। कहिले श्रीमती रून्थी, कहिले आमा रूनु हुन्थ्यो फोनमा । सयकडा पाँच ब्याज काटेर साउदी छिरेको मदनलाई घरको चिन्ताले असाध्यै पोलिरहन्थ्यो । यो पाली घर जाँदा श्रीमती कल्पुलाई एउटा राम्रो घर बनाई दिने र छोरा छोरीलाई राम्रो स्कुलमा पढाउने उसको सपना थियो।

दुई वर्षपछि मदन नेपाल फर्कियो । घरपरिवारसँग बसेर, रमाइलो गरि छुट्टी मनायो । साहुको ऋण तिर्यो । घरको व्यवस्थापन राम्रो गरेर ऊ फेरि साउदी फर्केको थियो । बडो इमान्दार र सोझो केटो थियो मदन ।

एकदिन आमाले फोनमा भन्नुभयो, "श्रीमतीको चालमाल राम्रो छैन। हामीले सम्झाउदा उल्टो सोच्छे । तैले राम्रोसँग सम्झाउनु ।"

श्रीमतीलाई सम्झाउदा ऊ भन्थी, "मैले त्यस्तो के गरेको छु र ? मलाई किन नराम्रो सोच्छन् तपाईंको परिवार ।"

फोनमै ऊ रून्थी

माया लाग्थ्यो, प्रेम गरेर ल्याएको श्रीमती । अल्लारे उमेरमा माइती छोडेर आएकी । दुई-दुईटा सन्तानको आमा । के सोच्नु, के नसोच्नु ? विदेशको ठाउँ ।

कल्पु एकदम चञ्चले र अरूको बहकाउमा सजिलै बहकिन सक्थी । समयले उसलाई व्यवहारिक र परिपक्व बन्न सिकाउछ, मदनले सोचेको थियो ।

आमासँगको फोनमा उसले एकदिन भनेको थियो,

"घरको यो द्वन्दले म विदेशमा बसेर कसरी काम गरौं ? यस्तै हो भने म फर्केर आउदिन आमा !"

अलि बढी बोलेछ कि मदनले -त्यसपछि आमाले फोनमा कुनै कुरा गर्नु भएन कल्पुको बारेमा।

एकदिन साथीले फोन गर्यो,

ओइ मदन ! तँ नेपाल आइजो ।

तेरो श्रीमती घर छोडेर हिंडेको दुई हप्ता भईसक्यो । पल्लो गाउँको दोर्जेसँग काठमाडौं भागेको कुरा छ।"

यो कुरा सुनेर मदन छाँगाबाट खसे भैं भयो । आफू उभिएको धर्ती भासिए भैं लाग्यो । हात खुट्टा गलेर उभिएकै ठाउँमा थचक्क बस्यो ऊ । आँखाभरि चलचित्र भै अतितका रिलहरू घुम्न थाले।

भदौ महिनाको मुसलधारे पानीमा नयाँ बसपार्क सम्म कल्पुलाई लिन गएको घटना सम्भियो । घरमा बिहेको कुरा चलेपछि काठमाडौं भागेर आएकी थिई कल्पु । मुसलधारे पानी परेको त्यो साँभ निथ्रुक्क भिजेर कल्पुलाई आफ्नो कोठामा लगेको थियो उसले । जाडो र डरले थरथर काम्दै कल्पु बोलेकी थिई। "मदन ! भागेर आएँ म । मैले गल्ती पो गरेकी ?"

ऊ लगलग कामी रहेकी थिई । उसलाई त्यो अवस्थामा देखेर मदन बडो भावविह्वल भयो। "बिचरी ! म भनेर मेरो लागि परिवार छोडेर आई । मेरो प्रेमले सायद उसलाई अरूको हुन पनि दिएन।

"किन भागेर आएकि त ? म घरमा माग्न आउथेनी दाजुलाई लिएर । मदनले कल्पुको मन चोरेको थियो ।"

"खुबै आउनुहुन्थ्यो । मलाई अरूले नै लान आँटेका थियो । भोलि घरमा टीका टाला लगाउने कुरा थियो। निष्ठुरी मान्छे। कल्पुले आँसु भार्दै बोलेकी थिई।

"ल ल भै गो नरोऊ ! म छुनी तिम्रो लागि ।" मदनले आड भरोसा दिंदै कल्पुको तातो आँसु पुछिदिंदै भनेको थियो । भिजेका कपडा हातले पुछ्दै थिई कल्पु । हतारमा लाएको एकसरो कपडाको भरमा भागेकी थिई ऊ । फेर्न अर्को कपडा सम्म थिएन उसको साथमा । मदनले आफ्नो कपडा दिंदै भन्यो ।

"लाउँ यो कपडा फेर।"

कल्पु मदनको हातबाट कपडा समाएर बाथरूमतर्फ लागि । मदनले स्टोभमा दम दियो र स्टोभ बाल्यो र चिया बसाल्यो । कल्पु बाथरूमबाट निस्की । कल्पुलाई देखेर मदन बेस्सरी हाँस्यो । कल्पुपनि हाँसेर मुर्छा परी । दुवैको हाँसोले कोठा गुन्जियो ।

भोलिपल्ट मदनले दिदीलाई फोन गर्‍यो उदयपुरमा र कल्पु आफूसँग काठमाडौंमा भएको खबर दियो ताकि कल्पुका परिवारले उसलाई नखोजुन् । दिदीको घर र कल्पुको घर नजिकै थियो । दिदीको घरमा जाँदा आउँदा कल्पुसँग मदनको प्रेम बसेको थियो । दिदीको घर उनीहरूको भेट्ने चौतारी

बनेको थियो । कतिचोटी परिवारको आँखा छलेर कल्पु र मदन हाट बजार र चलचित्र हेर्न गएका थिए । मदन काठमाडौंबाट छुट्टी मिलाएर कयौं पटक घर नगई कल्पुलाई भेट्न गएको थियो ।

मदनले एक हप्ताको छुट्टी लियो अफिसमा र कल्पुलाई काठमाडौं घुमाइदियो । सपिङ गरिदियो। कहिले पशुपति, कहिले दक्षिणीकाली कहिले नगरकोट त कहिले पाटन घुमेर उनीहरू एक आपसमा रमाए । फिल्मी शैलीमा अचानक एकदिन कल्पुका दाजु केही मान्छेहरू लिएर मदनलाई भेट्न आए भुकम्प र सुनामी बोकेर। कुन हैसियतले मेरी बहिनीलाई भगाइस् ? हाम्रो घरको हली बस्न पनि लायक छैनस् तँ" भन्दै मदनलाई बेस्सरी राम धुलाई गरेर कल्पुलाई फिर्ता लैजान खोजे । कल्पुले पनि प्रतिकार गरी आफू मरे पनि् मदनलाई नछोड्ने निर्णय सुनाई।

बिनाकारण मदनले खानु परेको कुटाइ सम्भेर त्यो दिन कल्पु बेसरी रोएकी थिई ! कल्पुलाई सम्भाउदै मदनले भनेको थियो ।

"कल्पु ! मैले सुख सयल र बैभव दिन नसकुला तर बाँचुन्जेल साथ दिन्छु । तिम्रो आँखामा आँसु बग्न दिन्न। यो मेरो बाचा भयो । तिमी नरोऊ।"

यसरी मदनले कल्पुलाई विवाह गर्यो मन्दिरमा गएर । हतारमा परिवारलाई समेत खबर गर्न भ्याएन उसले । उसको विहेलाई लिएर दाजु र आमाले मन दुखाए । तैपनी आफ्नो छोरा हो भाई हो भनेर भुलिदिए सबै कुरा र दसैंमा मदन र कल्पुलाई घरमा भित्र्याए ।

मदनले प्रेम गर्‍यो, विहे गर्‍यो र बाँचुन्जेल सँगै बाँच्ने सँगै मर्ने कसम खायो कल्पुसँग । त्यहि कल्पुलाई खुसी दिन्छु, सुख दिन्छु भन्दै साउदी भासिएको मदनलाई आज ठुलो धोका भयो कल्पुबाटै। साउदीबाट फर्केपछि-मदनले आफूलाई समाल्न सकेन।

आमा बिहिनी छोरा छोरी श्रीमती बिहिन घर। उसले छोरा भोजेसँग भन्यो,

"मलाई समाजले हुत्तिहारा नामर्द जे जे भनेपनि भनोस्। म सहन सक्छु तर तिमीहरू आमा बिहिन भएको अन्धकार भविष्य म हेर्न सग्दिन बाबु ! म तिमीहरूको आमा फर्काएर ल्याउन चाहन्छु।"

मदनको कुरा सुनेर सात वर्षको छोराले भन्यो, "त्यो निष्ठुरी आमालाई अब नफर्काउनुस् बाबा ! अब हामी एक्लै बाँच्न सिक्छौ ।"

त्यसपछि मदनको आँखामा भरी पर्न कहिले रोकिएन । आँखाको बाटो हुँदै सधैं बग्न थाल्यो नारायणी । ♦

# जेष्ठ नागरिक र राज्यको दायित्व



✍ **राजेशमान के.सी.**

मानिसको जन्मसँगै उमेर बढ्दै जानु अनि शैशव अवस्थाबाट बाल्यकाल, युवा हुँदै बुढाबुढी हुनु समयचक्रको अनिवार्य एवं नियमित प्रक्रिया मानिन्छ । सामान्यतया जन्मदेखि १६ वर्षको उमेरसम्म बाल्यकाल, १७ देखि ४० वर्षसम्म युवा, ४० देखि ६० वर्षसम्म प्रौढावस्था र ६० कटेपछि वृद्धावस्था भनेर मानिसको जीवन अवधिलाई विभाजन गर्ने गरिएको पाइन्छ । सोही अनुरूप नेपालमा जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले पनि ६० वर्ष उमेर पुगेका नेपाली नागरिकलाई ज्येष्ठ नागरिकका रूपमा परिभाषित गरेको छ ।

नेपालको सन्दर्भमा वि.सं. २०६८ को जनगणना अनुसार देशको कुल जनसंख्या दुई करोड ६५ लाख ९५ हजार ५०१ रहेकोमा जेष्ठ नागरिकको संख्या ८ दशमलव १३ प्रतिशत अर्थात २१ लाख ५४ हजार ३०० जना र निष्क्रिय बुढ्यौली अर्थात ८० वर्ष भन्दा माथिका जेष्ठ नागरिकको संख्या करिब १० प्रतिशत रहेको केन्द्रिय तथ्यांक विभागद्वारा प्रकाशित विवरणमा उल्लेख गरिएको छ । यसरी जनसंख्याको ठूलो हिस्सा ओगटेको जेष्ठ नागरिकहरूको बहुमूल्य अनुभव, ज्ञान र सीप राष्ट्र निर्माणमा उपयोग गर्न सकिने हुनाले उनीहरूको सामाजिक-आर्थिक सुरक्षाका लागि राज्यले यथेष्ठ ध्यान दिनु अति नै आवश्यक देखिन्छ ।

यही कुरालाई हृदयङ्गम गरी देशमा पहिलोपटक वि.सं. २०५२ सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको नेतृत्वमा गठन भएको सरकारले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत वृद्ध भत्ता दिने निकै महत्वपूर्ण निर्णय गरेको थियो । त्यतिखेरको सरकारको यस निर्णयलाई निरन्तरता दिंदै त्यसपछि विभिन्न समय र परिस्थितमा बनेका सरकारले पनि सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत आवश्यक बजेट विनियोजन गरी वृद्ध भत्ता प्रदान गर्दै आइरहेको छ । जस

अनुसार मासिक एकसय रूपैयाँबाट सुरू भएको त्यतिखेरको वृद्ध भत्ता क्रमिक रूपमा वृद्धि हुँदै अहिले मासिक चार हजार रूपैयाँ पुऱ्याईएको छ । दलित र कर्णाली बासीको हकमा यस्तो भत्ता ६० वर्ष उमेर पुगेपछि नै प्रदान गरिन्छ भने अन्य वर्ग र समूहको लागि भने ७० वर्ष कायम गरिएको छ ।

हुन त हाम्रो समाजमा वृद्ध हुनु भनेको रोगी हुनु हो भन्ने बुझाई छ । रोगी भइसके पछि स्वास्थ्यको क्षेत्रमा धेरै खर्च हुन्छ र जीवनको उत्तरार्ध निकै नै कष्टकर हुन पुग्दछ । तर यथार्थमा बुढो हुनु भनेको रोगी नै हुनु भन्ने हुँदैन । यो त वृद्ध अवस्थामा हुने शारीरिक असक्षमता र खराब स्वास्थ्यको कारणले पनि हुन्छ । त्यसैले मानिसहरूलाई कुनै किसिमले स्वस्थ रूपमा नै बुढो हुने अवस्था सिर्जना गर्न सकिएमा स्वास्थ्य क्षेत्रमा हुने खर्चलाई पनि तीव्र रूपमा कटौती गरी अन्य सामाजिक-आर्थिक विकासका कार्यहरूमा लगाउन सकिन्छ । यसका साथै शारीरिक मानसिक रूपमा स्वस्थ्य जेष्ठ नागरिकहरू कुनै न कुनै रूपमा सामाजिक आर्थिक गतिविधिहरूमा पनि संलग्न र क्रियाशील रहन सक्ने हुँदा उनीहरू परिवार, समाज र राज्यको लागि पनि बोझ हुँदैनन् । बरू उनीहरूले जीवनको उत्तरार्धमा पनि परिवार, समाज र राष्ट्रको लागि महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछन् । यस क्रममा विश्व स्वास्थ्य संगठनले पनि सक्रिय उमेर अर्थात सक्रिय बुढ्यौलीको अवधारणा अघि सारेको छ । जस अनुसार वृद्धवृद्धाहरूले आफ्नो खानपीनमा सुधार गर्ने, योग-ध्यान-प्राणायाममा मन लगाउने, आफ्नो शरीरलाई सकेसम्म स्वस्थ र निरोगी राख्ने, आर्थिक रूपमा सक्षम र सुरक्षित रहने अनि आफ्नो ज्ञान र अनुभवलाई समाजको हितमा उपयोग गरी आफूलाई सम्मानित जेष्ठ नागरिकको रूपमा स्थापित गर्नेतर्फ लाग्नु पर्दछ । वृद्धवृद्धाहरूले जति सकिन्छ प्रकृति र परमात्माको समीप रहने चेष्टा गर्नु पर्दछ । किनकी जति हामी प्रकृतिको समीप रहन्छौं त्यति नै स्वस्थ र निरोगी रहन सक्तछौं र जति हामी परमात्मा चिन्तन गर्दछौं त्यति नै जीवनलाई सुख, शान्ति र आनन्द प्राप्ति तर्फ उन्मुख गराउन सक्तछौं ।

जेष्ठ नागरिक ऐन, २०६३ अनुसार आमाबाबुको पालन, पोषण र हेरचाहको पूरा दायित्व सन्तानले लिनुपर्ने व्यवस्था गरिएको छ । तर पनि कतिपय आमाबाबुहरू आफ्नै सन्तानबाट अपहेलित र उपेक्षित अवस्थामा बाँच्न विवश छन् । त्यसैले छोराछोरीले यदि वृद्ध बाबुआमाप्रति सेवा भावले आफ्नो कर्तव्य निर्वाह गर्दछन्

भने आमाबाबुको पैत्रिक सम्पत्तिप्रति उनीहरू स्वतः भागीदार हुन्छन् र उनीहरूलाई त्यो अधिकार पनि प्राप्त हुन्छ । तर यदि धेरै दुःख कष्ट सहेर हुर्काउने-बढाउने वृद्ध आमाबाबुलाई नै हेला गर्ने, अपमानित गर्ने, केवल जैविक नाताको कानूनी आड लिएर आमाबाबुसँग अधिकारको रूपमा पैत्रिक सम्पत्ति हडप्ने र त्यही सम्पत्तिमाथि रजाईं गरेर वृद्ध आमाबाबुलाई हेला गर्ने, अपमानित गर्ने अनि घरबाट निस्कने सम्मको अवस्था सिर्जना गरी वृद्धाश्रममा पुऱ्याउन बाध्य तुल्याउने सन्तानलाई नै प्रोत्साहन गर्ने किसिमको अहिलेको अंशवण्डा सम्बन्धी महलमा भने संशोधन गर्नु पर्ने टड्कारो आवश्यकता देखिएको छ ।

यसको लागि बाबुआमाले इच्छाए अनुरूप आफूप्रति कर्तव्य निर्वाह गरेको खण्डमा मात्र त्यस्तो सम्पत्तिमध्ये केही वा पूरै अंशको रूपमा दिने स्पष्ट व्यवस्था त्यस किसिमको संशोधित ऐनमा हुनु आवश्यक र जरूरी देखिन्छ । यसका साथै जेष्ठ नागरिक ऐन, २०६३ मा व्यवस्था गरिए अनुरूप उनीहरूको हक, हित र सुविधा सम्बन्धी अन्य कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वियन गर्नु पर्दछ भने नेपालको संविधान, २०७२ को मौलिक हक अन्तर्गत भाग ३ धारा ४१ मा 'जेष्ठ नागरिकहरूलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भन्ने व्यवस्था भए अनुरूप उनीहरूको सामाजिक सुरक्षा र संरक्षणका लागि पनि राज्यको तर्फबाट विभिन्न नीति तथा कार्यक्रमहरू ल्याउनु आवश्यक देखिन्छ ।

यसरी वृद्धवृद्धाहरूको हक, हित र सुरक्षाको कुरा गरिरहँदा कहिले काहीं समस्या कहाँनेर आउने गर्दछ भने वृद्धवृद्धाहरू आफ्नो परम्परागत मूल्य मान्यताहरूप्रति टसको मस नहुने अनि युवा पुस्ता चाहिं परिवर्तित समय र परिवेश अनुसार चल्नुपर्छ भन्दै पुराना मूल्य मान्यताहरूप्रति ठ्याम्मै चासो नदेखाउने । यसले गर्दा वृद्धवृद्धा र युवापुस्ताबीच खाडल उत्पन्न हुने र यही खाडल कहिलेकाहीं घरपरिवारमा द्वन्द्व र कलहको रूपमा पनि रूपान्तरित हुने गर्दछ । त्यसैले दुवै पुस्ताले आ-आफ्नो मूल्य-मान्यताप्रति अहम् वा अडिग देखाउनु भन्दा वृद्धवृद्धाहरूले केवल पुराना कुराहरूलाई मात्र नकोट्याएर परिवर्तित सन्दर्भलाई पनि आत्मसात गर्ने अनि युवा पुस्ताले पनि पुराना कतिपय मूल्य-मान्यताहरू पनि व्यवहारिक र जीवनोपयोगी हुन्छन् भन्ने हृदयङ्गम गरेर तिनको अनुशरण गर्दै जाने हो भने हाम्रो घर परिवार र समाज मात्र होइन सिंगो राष्ट्र नै अनुशासित र मर्यादित ढङ्गबाट अगाडि बढ्न सक्दछ ।

आजका युवाहरू नै भोलिका जेष्ठ नागरिक हुन् र हिजोका सक्षम युवाहरू नै आजका जेष्ठ नागरिक बनेका छन् । यो प्राकृतिक नियम र प्रक्रिया हो । तर यो प्राकृतिक नियमलाई उपेक्षा गर्दा अथवा भोलिको दिन आफू पनि बुढो हुन्छु भन्ने कुरामा सन्तानले बेलैमा विचार नपुऱ्याउँदा बाबु आमाको उत्तरार्ध जीवन अत्यन्त दुःखद् र पीडादायी बन्न पुग्दछ । वास्तवमा जेष्ठ नागरिक भनेका समाजका अग्रज र परम्परागत मूल्य मान्यताका सम्वाहक हुन् । उनीहरू परिवार, समाज र राष्ट्रकै लागि अनुभवी, अगुवा र पथप्रदर्शक हुन् । उनीहरूको अनुभव, ज्ञान र सीपले नै समाजलाई सही मार्गमा डोऱ्याईरहेको हुन्छ । उनीहरूको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी उनीहरूप्रति श्रद्धा र सद्भावको वृद्धि गर्नु नयाँ पुस्ताको मात्र नभई सिंगो राज्यको प्रमुख दायित्व र कर्तव्य हुन आउँछ । त्यसैले नयाँ पुस्तालाई यसको महत्व र उपायदेयता बुझाउन स्कूल कलेजको पाठ्य पुस्तकहरूमा पनि यस्ता विषय बस्तुलाई समेटिनु पर्दछ ।

तसर्थ समष्टिगत रूपमा हामी के भन्न सक्छौं भने वृद्धवृद्धाहरूलाई शारीरिक, मानसिक, सामाजिक, आर्थिक आदि रूपमा सहज र सुखसँग जीवनयापन गर्न सक्ने वातावरणको सिर्जना गरिदिनु परिवार, समाज अनि राज्यको पनि प्रमुख दायित्व र कर्तव्य हो । ♦

## गजल



✍ **प्र.ह. मानबहादुर बोहरा**

मलाई मेरै देशको बास भए पुग्छ हजुर,
सन्तुष्टिको केवल एउटै गाँस भए पुग्छ हजुर।

बगाउन पाए तातो रगत देशको लागि,
चितामाथि सल्किएको लास भए पुग्छ हजुर।।

उच्चशिर स्वाभिमानको अखण्ड यो मुलुकमा,
स्वतन्त्रको एक मुट्ठी सास भए पुग्छ हजुर।।

बन्नु छैन पराइको गुलाम अनि चाकर मैले
आफ्नै देशमा आफ्नै भाइको दास भए पुग्छ हजुर ।।

लटपटिन्छु ओछ्यान बनाइ प्रकृतिको ति काखमा,
हरियो वन नेपालीको घाँस भए पुग्छ हजुर।।

निबन्ध

# एउटै पानामा थरीथरी अनुहार !



✍ छायादत्त न्यौपाने 'बगर'

अनन्त छ प्रविधिको काम । चमत्कृत विश्व ! विश्वभरि सञ्जाल, अनौठो यो तामझाम ! सेवा-सुविधा तमाम ! खुम्चिँदै विश्वसमुदाय । एउटै पानामा विविध अनुहार ! चहपल वर्तमान । मेटिँदै प्राचीन संस्कृति र सृष्टि सौन्दर्य !

वर्तमान विज्ञानप्रविधिले उचाइ प्राप्त गरेको समय । समस्त जनजीवन प्रविधिको अधीनस्थ बाँचेको छ । भौतिक सुविधा अथाहा चुलिएको वर्तमान । मान्छे यसको उपयोगमा रमाइरहेको छ । यो प्रविधिको उच्च उपलब्धि ! हिजो थिएन । भोलि कुन रूप लिन्छ, कति फैलिन्छ ? किटान गर्न सम्भव छैन । राम्रो छ नाम अनुहार किताब अर्थात फेसबुक, अर्को शब्द सामाजिक सञ्जाल । बालवृद्ध सबैको प्रिय, हात हातै उचालिएको छ संसार ! मोबाइल प्रेम वर्तमान मान्छेको आकर्षण बनेर उभिएको छ ।

अनुहार किताब बस चढेका यात्री, भान्छा पसेका भत्खौरे, परीक्षाको तयारीमा जुटेका विद्यार्थी, व्यापारमा लीन पसले सबै, सबै व्यस्त मान्छेको सुस्त गति उस्तै मति के उपलब्धि के क्षति ! काम थालेर लथालिङ्ग छाड्न सिकाउने र क्षणमै देश विदेशका साथीहरूसँग प्रत्यक्ष भेट गराई दृश्यावलोकनको रन्कोमा मिसाएर मनोरञ्जनको फन्कोले बेर्ने तागतिलो आविष्कार । यसले अनौठो सुखानुभूति कति दिन्छ कति ? यो नहुँदाको हिजोलाई सम्झे पुग्ने हो तर के गर्नु मान्छे यति छिटो बिर्सन भ्याउँछ हिजोलाई ! कस्तो भ्याई नभ्याई छ बिर्सने होडबाजी ! खाएकै थाल कुच्याउनेको मतिभन्दा तीव्र छ यसको गति ! असारे रोपाइँका बाउसे र मङ्सिरका दँयराजस्तै व्यस्त छ, अनुहार किताबको हमलामा परेको मान्छे !

परिकल्पनाको अनौठो संसार, छन पनि गजबै छ नि त ! विना कुनै हल्लाखल्ला छिनछिनमा संसारका सूचना दिने सामर्थ्य राख्छ यो अनुहार

किताबले । चासो राख्नेले ती सूचनाबाट पर्याप्त लाभ लिन सक्छन् । सूचनाकुञ्जी वितरण गरेर जनता जागरूक गर्ने सञ्चार माध्यमहरू यसबाट खुबै लाभान्वित छन्, खुसियाली मनाउने फुर्सद छैन । सूचनाहरूको विश्लेषण र विस्तारमा पनि अनुहार किताबको देन अनुपम छ । मान्छेहरू आपसमा गफिन, तर्क गर्न र समाधान पहिल्याउन अनुहार किताबको उपयोग गर्दैछन् । बरू अचेल पँधेरे कुरा, चिया गफ, वनपाखाका सुसेलीहरू पो हराउने हुन् कि ! यसो भयो भने अनौठो भन्दा बढी अनुहार किताबको वरदान मान्नुपर्ने हुन्छ ! मौलिक पहिचान बोकेका कतिपय संस्कार संस्कृतिजन्य गतिविधि छोडिँदै जाने सम्भावना बढिरहेको छ । मौलिकता बिर्सने प्रवृत्तिलाई नवीनताले जति गिज्याए पनि निर्लज्ज पचाइदिने नकचरो भइसकेको छ आजको मान्छे ! हँ, के भन्दै छ यो मान्छे ? महाशय नभस्किनुहोला । वर्तमान यथार्थ यस्तै फूलबुट्टे बर्को ओढेर हिँडिरहेको छैन भनेर ढाँटिरहन मन लागेन, देखेको सत्य-तथ्य नचपाई बोल्दिएँ ।

हो, कति सूचनाहरू जीवनोपयोगी छन् । यो अनुहार किताब विज्ञानले ल्याएको नवीन शिक्षा र स्वास्थ्य सम्बन्धी सूचना सम्प्रेषणमा उत्तिकै उपयोगी ठहरिएको छ । सांस्कृतिक परिचय विस्तारमा यसको भूमिका बढ्दो छ । मानिसका पुर्ख्यौली सम्पदा जतनमा पनि यसको देन महत्वपूर्ण छ । भाषा संस्कृतिको प्रचार प्रसार र सिर्जनकर्ममा गति थप्ने काम यसले गरिरहेकै छ । मान्छले जीवन निर्वाह हेतु टाढा पुगेका आफन्तलाई जोडेर नजिक्याउने रहर पनि त पूरा गरेकै छ यसबाट । कम अझ भनौं शून्य लगानीमा मनोकाङ्क्षा तृप्त गर्ने अवसरलाई राम्रैसित उपयोग गरिरहेको छ सिपालुले । विद्यार्थी, शिक्षक, अध्ययन-अनुसन्धानकर्ता, उद्योगव्यवसायी, कृषकसम्मले यसलाई व्यावसायिक प्रयोजनका लागि प्रयोग गर्न पाएका छन् । यसले वैयक्तिक लाभको ढोका त उघारेकै छ सँगै सामाजिक जीवन पनि सहज तुल्याएको छ । अर्थ र समयको बचत दिन्छ र जोखिममुक्त रहन पनि सिकाउँछ । आफ्नो चतुऱ्याइँपूर्ण सक्रियताले मान्छे साँच्चै आफू बाँचेभन्दा बेग्लै संसारको यात्रा गरिरहन सफल भएको छ । यसले विज्ञानले गरेका धेरै आविष्कार बारे जानकारी दिएको छ । यो पुरानाको ताजगीकरण र नयाँको छरितो प्रचारमा छिटो छ । उस्तै हतारले राजनीतिक घटनाक्रम सुनाउँछ, पढाउँछ, देखाउँछ र भएभरका सूचना बाँड्छ । सांस्कृतिक झलक देखाउँछ । कृषि उत्पादनबारे उत्साह थप्छ, कर्मयोग पछ्याउन प्रेरित गर्छ । यात्रीहरूको

मार्ग दर्शक बनेर उभिन्छ । कति बेला को, कहाँ, कुन अवस्थामा छ भन्ने बहुसूचना एकै दृश्यमा कैद गरेर देखाइदिन्छ । हजार शब्दले बताउन मुस्किल विषय एकै दृश्यमा देखाइदिन सक्छ । कति अपरिचित मान्छेहरूसँग चिनजान गराएर मित्रवत् साइनो लगाई फरक भूगोल र संस्कारबारे ज्ञान दिन्छ, रमाइलो थपिरहन्छ, आत्मीय सम्बन्ध स्थापनामा सेतुको भूमिका निभाउँछ ।

अनुहार किताबले व्यक्तिलाई सपना देखाउँछ । परिकल्पना गर्ने क्षमता बढाइदिन्छ । प्राज्ञिक चेतनाका लागि प्रशस्त सामग्री जुटाइदिन्छ । कम खर्चमा धेरै पाठ्यसामग्री उपलब्ध गराउनु यसको विशेषता हो । सामाजिक व्यवहारका प्रसङ्गहरू आदान-प्रदानमा समेत यसले प्रभाव पारिरहेको छ । यसले प्रकृतिका अद्भूत दृश्य मात्र देखाउँदैन, जीवजन्तुका विभिन्न गतिविधिहरू खल्तीमा लुकाइदिन सक्छ, सजिलै बोकेर हिँड्न सकिने बनाइदिएको छ । अमेरिकाको विकास, जापानको रहन-सहन, बेलायतको सभ्यता, फ्रान्सको कौशल, भारतको संस्कृति, चीनको सुरक्षा व्यवस्था, नेपालको प्रकृति, भूगोल ऐतिहासिक गौरव चिनाएर सर्वोच्च शिखर एउटै पानामा सँगसँगै देखाउने क्षमता सम्पन्न अनुहार किताब साँच्चै अनुपम छ । परम्परित भाषामा भन्दा यो जादुमय छ । यसले थुप्रै वनस्पति चिनाउँछ । फरक जात-जातिहरूको मौलिक धरोहर पहिरन देखाउँछ । पाकशालाका परिकारको नेत्र स्वाद चखाउँछ । काम, कामको विधि, परिणाम पनि देखाउँछ । कतिपय लोपोवस्थाका सामग्रीहरूको निर्माण र संरक्षण विधि बताइरहेको हुन्छ । विभिन्न खाद्यवस्तुको उत्पादन, उत्पादन विधि र आयुबारे परिपक्व सूचना सूत्रहरू जडित सावधानी सम्प्रेषणमा पनि अविच्छिन्न गतिले डुलिरहेको भेटिन्छ । प्राचीन सभ्यतासँग जोडिँदै आएको अत्याधुनिक मान्यता प्राप्ति के छ त्यसको पहिचान र प्रसारण पनि त अनुहार किताबको जोडदार आह्वान हो । यसभित्रको चमत्कारमा धेरै मान्छेहरू चकित छन् र आफूलाई व्यस्त बनाइरहेछन् । सूचना प्राप्त गर्ने, मनोरञ्जन लिने, ज्ञान र सिप आर्जन गर्ने प्रक्रिया तथा प्रतिक्रिया लेनदेनमा समेत सक्रिय तुल्याउने प्रविधिका रूपमा लोकप्रिय ठहरिएको छ यो अनुहार किताब सामाजिक सञ्जालले जोडेको साइनो !

एक सिक्काका दुई पाटा, नेपाली उखान प्रकृति र पुरूष दुवैसँग त्यसरी नै जोल्टिएर आएको छ अनुहार किताब सिक्काबाट पाटा झिक्न नमिले जसरी । अँ, अनुहार किताब कतै ज्ञान-

विज्ञानले खोतलेका प्राविधिक सिप विस्तारमा भन्दा बढी आफैसँग जोल्टिएका बेथितिले बेरेर विचलित बाटामा हुत्याएर डोजर चलाउन त सक्रिय छैन ? हेक्का राख्नुपर्ने विषय ! यसले व्यक्तिलाई निजी मामिलामा कति अलमल्याउँछ । यसले निजत्वको खोलभित्र हराउनेलाई महत्व दिएर उत्तरआधुनिक संस्कारमा जकड्याउने प्रयास पो गरिरहेको छ कि विचारणीय छ । यसले प्राचीन सभ्यता र परिवर्तनप्रेमी मानव-मूल्यमा वास्ता राख्दैन । आफैले पसारेको जालभित्रको विलासी चिन्तनलाई ठाउँ प्रशस्त दिन्छ । पसिनाको महत्व देख्दैन । निजी सुखका लागि अग्रज पुस्ता र वरिपरि छरछिमेकी सबै बिर्साउँछ । मनमस्तिष्क एकोहोऱ्याउँछ मान्छे सीमित घेराभित्र साँघुरिन्छ । कर्तव्यको डोरी चुँडालेर एकोहोरो अधिकारका गोरेटा खनिरहन्छ, तिनमै दौडेर थाक्दैन । अनावश्यक गतिविधि टाँसेर पानाहरू विद्रुप पार्नेहरूले प्रोत्साहन पाइरहेका छन् । कलिलो मनमस्तिष्क भाँडिने गरी निजी क्रियाकलापको बौछारले आफ्नै पाठक विभिन्निएर हिँड्ने गरी पानाहरू क्षत-विक्षत पारिरहेको छ । मानवीय संवेदना, सामाजिक मूल्य र राष्ट्रिय नीति विपरीत कार्यमा संलग्न हुनेहरूलाई बल दिइरहेको छ । बेला न कुबेला मोही पारी छ्याईं छ्याईं भनेजस्तो गरी विपरीत संस्कृति निर्माणमा युवाले ज्ञान, सिप, समय र जाँगर खर्च गरिरहेको छ । किशोर-किशोरीले अस्वाभाविक किसिमको प्रेम प्रस्तावको स्रोत बनाइरहेछन् यसलाई । चरित्र असभ्य देखाउने अश्लील सूचनाहरू कोचेर परम्परागत मूल्यहरू ध्वस्त पार्ने सन्देश प्रवाहमा अनुहार किताबले भूमिका खेलिरहेको छ । यसले भोक, तिर्खा बिर्साएर लठ्याउँदै छ युवा जोस, होस र कर्मशीलतालाई पनि । हो, कतिपय अवसरहरूको महत्व सहित जानकारी दिन्छ । यसलाई स्वीकार गर्न सकिन्छ तर अस्वीकार्य चुड्किलाहरू लथालिङ्ग ढङ्गले पोख्ने प्रवृत्तिको विकासमा यसले गरेका धेरै गतिविधि आपत्तिजनक छन् । यसले मानवमर्म र वनस्पतिको धर्म समेतको उछितो काढेर खैला-बैला मच्याउन भ्याएको छ । यसबाट चोरी-डकैतीसँगै मानव संसाधनका विषय विरोधी हत्या-हिंसा बढाउने कार्यमा बल प्राप्त भएको छ । सानोतिनो विषयलाई लिएर आपसमा बाझा-बाझ गराउने सजिलो माध्यमका रूपमा यसको प्रयोग भएको देखिन्छ । मान्छेले अवैज्ञानिक, अप्राकृतिक, असामाजिक, अव्यावहारिक जस्ता थुप्रै बेथितिका कुरा गरेर अरूलाई सताउने सजिलो विकल्प पाएका छन् ।

सार्वजनिक गर्न नपर्ने अनावश्यक सामग्री सार्वजनिक गरी छरछिमेक र बालसाथीहरूलाई अप्ठेरो पर्ने गतिविधिहरू सम्प्रेषणमा पुरूषार्थ देख्ने निम्छारो चिन्तनले ठाउँ पाएको छ । यस प्रकारका नैतिक मूल्य विपरीतका विसङ्गत सन्देश दिने सामग्री प्रसारणमा कानूनी बन्देज लगाई सामाजिक मर्यादासित मानवीय संवेदना जतन गर्न सकिएको छैन । विवेकले चल्ने सचेत प्राणी हिलोमा पिठोसरि असरल्ल पोखिन नमिल्ने गरी अनुशासनले बाँधेर आविष्कारलाई जीवनसापेक्ष चमत्कृत तुल्याउनुपर्ने सामाजिक, सांस्कृतिक तथा वैज्ञानिक दायित्वबाट चिप्ल्याएर मान्छेलाई पर पुऱ्याउने काम तीव्रताका साथ भइरहेको छ । मान्छे चौबाटोमा पोखिएर रनभुल्ल छ पानाका पाना !

अनुहार किताबले कति जनशक्ति विस्थापित गरेर खाली दिमाग सैतानको घर भन्ने भनाइ चरितार्थ गरिरहेको छ । अनुशासन छलेर व्यक्ति स्वार्थमा पहुँच पुऱ्याउने काममा यसको अत्यधिक प्रयोग हुने गरेको छ । विभिन्न उत्पादनबारे विज्ञापनको निहुँमा विकृतिका बिरूवाहरू झाँगिएका छन् । कतिपय बुझक्कडहरू पनि यसको जथाभावी प्रयोगमा लहसिनुले अनुहार किताब विसङ्गतिको वाहक भएको तथ्य खुलाउँछ । कति अन्जानहरू असजिलो परेर सन्तुलन गुमाई विक्षिप्त जीवन बाँच्न बाध्य भएका छन् । सिङ्गै जीवनमा महत्व राख्ने काम चटक्क छाडेर उत्ताउला दृश्यमा हराउने अवस्था आउनु पक्कै पनि यसले भित्र्याएको गम्भीर चुनौती हो । जीवनमा आइपरेको सङ्कट पनि हो । सजिलो बाटो हिंडेर ठाउँमा पुगिंदैन, बरू दुर्घटनामा परिन्छ भन्ने जान्दा जान्दै पनि छेकबार भएन भने मान्छे सजिलैतिर दोडिन्छ । यसको नियमन गर्नुपर्ने राज्य आफै कुहिराको कागझैं अलमलियो भने जनता बबुरो कसरी सुकिलिन्छ ?

हो, पत्याउनुपर्छ सम्भावनाले जोखिम पनि ल्याउँछ । सुख-दुःख, असल-खराब, उच्च-नीचजस्ता पाटाहरू सँगै आएजस्तै अनुहार किताबले पनि सबल र दुर्बल पाटाहरू काँधमा बोकेर आएको छ । सबल पाटासँग झ्याम्मिनेहरू लाभान्वित भइरहेछन् । संसार चिन्ने अवसरको उपभोगमा तल्लीन छन् । कति मान्छे विवेकी, सहनशील, धैर्यवान, सहयोगी, सहिष्णु कर्मशील, मिलनसार सहृदयीजस्ता मानवीय गुणबाट उछिट्टिएर पर पछारिएका छन् । छलछाम, धुर्त्याइँ, कपटयाइँजस्ता दुर्गुणको आड लिएर बेतिथियुक्त विद्रुप आचरण पालेर पानीमा पोखिएको दुधझैं पर्गेल्न नमिल्ने गरी अन्तर्घुलित भएका

उदाहरण प्रशस्त भेटिन्छन् । हुन त यस्ता सबल र दुर्बल पक्षमा सन्तुलन ल्याई प्राप्त सुविधा उपयोग गर्ने अवसर दिई समाजमा शान्तिसुव्यवस्था जीवित राख्ने जिम्मेवारी राज्यको हो । यसको दुरूपयोग रोक्न नीति-नियम निर्माण गरी अनुहार किताबको सदुपयोग गराई मान्छेलाई प्रविधिको प्रयोगद्वारा सम्पन्न बनाउन सरकारी निकाय लागिदिए नागरिकको सचेत मनलाई अचेत मनको बाढीले बगाउने थिएन । बरू यसको चमत्कारले प्रत्येक व्यक्तिको अनुहार उज्यालो पारी जीवनमा मुस्कान थप्ने थियो । गतिशील जीवनले पाएको यो वैज्ञानिक उपहार विवेकी टोपी लाएर नैतिक खोल नच्याती सामाजिक अनुशासनमा अडिन जाने दीर्घकालसम्म संसार खल्तीमा बोकेर डुल्न सकिन्छ । भौगोलिक दूरीले प्राकृतिक छटा र सांस्कृतिक झाँकी देखाएर बेग्लै र विशेष स्वाद पस्कन भ्याउँछ, आनन्द दिन्छ, खुसी पाइन्छ । जीवन अर्थपूर्ण बनेर मुस्कुराउन थाल्छ । ♦♦♦

**बालकविता**

## सरस्वती माता



✍ **अरुण खत्री 'नदी'**

विद्याकी देवी हे सरस्वती
सद्बुद्धि देऊ नबिग्रोस् मति
विणा पुस्तक हातमा लिई
बसेकी छ्यौ हाँसमाथि ।

किताब कापी जतन गर्छौं
पढ्न र लेख्न हामीलाई सिकाउछौ
श्रद्धापुष्प चढाई भन्छौं
सद्बुद्धि देऊ माता ।

तिम्रै शरण पर्छौं हामी
ओढाइदेऊ ज्ञानको छाता
ज्ञान र हासिल दिलाई देऊ
हे सरस्वती माता ।

ज्ञानकी देवी तिमीलाई
सेतो रङ मन पर्छ
तिम्रै आशीर्वाद पाई
हाम्रो जीवन अघि बढ्छ ।

माघ शुक्ल पञ्चमी हो
सरस्वती तिम्रो जन्मदिन
विद्याकी देवी हुन सबले
धेरै पढी अक्षर चिन ।

# आर्थिक विकासको आधार सहकारी



सुदर्शन अधिकारी

सहकारी संस्था भन्नाले सामूहिक रूपमा आर्थिक एवं सामाजिक हिसाबले समेत समान विचार बोकेका मानिसहरूको समूह हो । त्यसैले सहकारी शब्दले सामान्य अर्थमा सहकार्य वा मिलेर काम गर्ने भन्ने बुझाउँछ । अझ व्यापक अर्थमा भन्ने हो भने सहकारीले समान उद्धेश्य, पेसा, व्यवसाय र वर्गका मानिसहरू सँगसँगै मिलेर आफ्नो आर्थिक तथा सामाजिक विकासका लागि गरिने कार्यलाइ बुझाउँछ । सर्वप्रथम सन् १९९५ को सेप्टेम्बरमा बेलायतको म्यान्चेस्टर सहरमा भएको अन्तर्राष्ट्रिय सहकारी महासंघको महासभाले सहकारीलाई परिभाषित गरेको हो । सहकारी संगठनमा समान आर्थिक सहभागिता, उद्धेश्य, आवश्यकता, जोखिम, नाफा र खुला एवं स्वेच्छिक संलग्नता जस्ता तत्वहरू निहित हुन्छन् । नेपालको सन्दर्भमा भने चितवन जिल्लाको बखानपुर ऋण सहकारी समिति पहिलो सहकारी संस्था हो जसको स्थापना वि.स. २०१३ मा तत्कालीन सरकारको कार्यकारी आदेशमा स्थापना भएको थियो ।

सहकारी विकासको विश्व इतिहासलाइ हेर्ने हो भने बेलायतमा सन् १८४४ अगष्ट २४ मा रोचडेलमा एकजना महिलासमेत २८ जनाले प्रतिव्यक्ति १ पाउण्डका दरले रकम जम्मा गरी थालनी गरिएको देखिन्छ । हाम्रो समाजमा पनि परम्परागत रूपमा धेरै पहिलेदेखि सहकारीको अभ्यासहरू हुँदै आएको पाइन्छ । तत्कालीन समयमा पर्म, ढुकुटी मङकाखल, गुठीजस्ता अनेकौं नाम र रूपमा जनस्तरबाटै हालको सहकारी संस्थाले गर्ने जस्तै कार्य गरिन्थ्यो । सहकारीलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्धेश्यले सरकारले सहकारी संस्था ऐन २०१६, सहकारी नियम २०१८, साझा संस्था ऐन २०४१ तथा साझा संस्था नियमावली २०४३ जारी गरेको पाइन्छ । पछिल्लो समय सहकारीको तिव्र रूपमा विकास भइरहेको देखिन्छ । पुँजीको संकलन,

लगानी, मुनाफा आर्जन तथा रोजगारी सिर्जना गर्दै समग्र आर्थिक वृद्धिमा सहकारीले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

सहकारी संस्था निश्चित उद्धेश्य तथा लक्ष्यबाट निर्देशित भएका हुन्छन् । त्यसैले यस्ता संस्थाको सदस्यता स्वेच्छिक हुन्छ । यस्ता संस्थामा कुनै पनि बन्देज नलगाई सेवा उपभोग गर्न सकिन्छ । सहकारी संस्था एउटा प्रजातान्त्रिक संगठन हो र यो त्यहाँका सदस्यहरूले स्वीकार गरेको विधिबाट निर्वाचित वा नियुक्त व्यक्तिबाट संचालित हन्छ । आर्थिक कारोबारबाट प्राप्त हुने प्रतिफलमा सम्पूर्ण सदस्यहरूको समान हक हुन्छ । यसमा जनसहभागिताको ज्यादा महत्व रहन्छ । समाजमा स-सानो रूपमा रहेको पुंजीलाई संकलन गर्दै ठूलो रकममा परिणत गराई मुनाफा लिन सकिने क्षेत्रमा लगानी गर्दै सहकारी संस्था अगाडि बढेको हुन्छ । सहकारीले देशभर छरिएर रहेका श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन बढाउन, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न, विकास निर्माणका कार्यमा सबैलाई सहभागी गराउन, गरिबी र असमानतालाई हटाउन, जनचेतना जगाउन, स्थानीय तहमा स्थानीय नेतृत्व स्थापित गर्न सहयोग गर्छ ।

सहकारीले समाजमा पिछडिएर रहेका सम्पूर्ण जाति, वर्ग, लिंग र पेशामा संलग्न भएका मानिसहरूलाई संगठनमा आबद्ध गराइ खेर गइरहेको विद्यमान क्षमताको परिचालन गर्न सहयोग गर्छ । विपन्न समुदायका मानिसहरू जो सामान्य गुजारा गर्न समेत स्थानीय साहुमहाजनसँग चर्को ब्याजमा ऋण लिएर काम चलाउँदै आएका थिए उनीहरूलाई सहकारी संस्थाबाट सहुलियत ब्याज दरमा ऋण उपलब्ध हुन्छ जसले उनीहरूलाई धेरै राहतको अनुभूति समेत गराएको पाइन्छ । सहकारीमार्फत दुग्ध उत्पादन, बेमौसमी तरकारी उत्पादन, कुखुरा पालन, बाख्रा पालन, माछा पालन जस्ता व्यवसाय गरी समूहमा मिलेर रोजगारी सिर्जना तथा सदस्यहरू सबैको आर्थिक अवस्थामा समेत वृद्धि भईरहेको छ । एकले थुकी सुकी, सयले थुकी नदि भनेझैं छरिएर रहेका स-साना रकमलाई जम्मा गर्दै व्यवसाय सञ्चालन गरी मनग्गे आम्दानी गर्ने वातावरण सिर्जना पनि सहकारीले गर्छ ।

रोजगारीकै लागि दैनिक पन्ध्र सय युवा विदेश जान बाध्य भएको सन्दर्भमा हामीले सहकारी मार्फत समूह बनाएर आय आर्जनका अनेकौ व्यवसाय गर्दै स्वदेशमानै रोजगारी र आम्दानीको मार्ग अवलम्बन गर्न सक्छौ । सहकारीबाट

श्रम, सीप, पूँजी र प्रविधिलाई उत्पादनसँग जोड्ने कार्य पनि गर्ने भएकोले यसको महत्व बढ्दै गएको देखिन्छ । नाफा र मूल्यको सिर्जना गर्न, घरआँगनमानै रोजगारीका अवसर जुटाउन, स्रोतहरूलाई सदुपयोग गर्न, बजार सिर्जना गर्न, प्रतिभा पलायनलाई रोक्न, कृषिलाई आधुनिकिकरण गर्न, व्यवसायिक र बजारीकरण गर्न, सभ्य र सुसम्पन्न समाजको निर्माण गर्न, समाजका नागरिकहरूलाई नगद आर्जन गर्न सक्ने बनाउन, ग्रामीण इलाकामा उद्योगको स्थापना गर्न र व्यवस्थापन गर्न सहकारीले अहम् भूमिका निर्वाह गरेको हुन्छ । सहकारी संस्थाहरूको तिव्र रूपले विकास भने २०४६ सालको प्रथम जनआन्दोन पश्चात भएको देखिन्छ । त्यसबेलासम्म सहकारी संस्था सहर केन्द्रित मात्र थिए भने विस्तारै ग्रामिण भेगमा विस्तार भएको छ ।

सहकारीले गरिबी निवारणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । राज्यले गरिबी निवारणका लागि चार दशक अगाडिदेखिनै अनेकौ कार्यक्रम मार्फत प्रयास गर्दै आएको छ । ग्रामिण भेगमा सहकारी मार्फत घरेलु उद्योग स्थापना गरी विपन्न परिवारका हजारौं मानिसहरूको जीवनस्तर सुधार गर्न सकिन्छ । समूह निर्माण गरी पूँजी संकलन गर्दै उद्योग सञ्चालन गरेर रोजगारीको अवसरका साथै साना लगानीबाट दीर्घकालीन आयको माध्यम बनाउदै सहकारीमा आबद्ध सदस्यहरूको जीवनस्तर सुधार्दै समग्रमा देशको आर्थिक विकासमा समेत ठूलो टेवा दिलाउन सकिन्छ । सहकारीले नै सहकार्य, समन्वय र लगानीका लागि वातावरण सिर्जना भएको छ । नयाँ नयाँ सम्भावना र आवश्यकता पहिचानमा यस्ता संस्थाहरूले सहयोग गरेका छन् । त्यति मात्र नभई सहकारीबाट सयौं व्यक्तिले नेतृत्व विकास गर्ने अवसर पनि प्राप्त गरिरहेका छन् ।

यसरी सीप विकास, नेतृत्व जस्ता विकास, पुँजी संकलन, नाफामूलक क्षेत्रमा लगानी गर्ने कार्यमा सहकारीले धेरै महत्वपूर्ण भूमिका खेलेको छ । सहकारीले मानिसलाई मितव्ययी बनाउन सिकाउछ भने आपसमा सहयोग गर्ने र संगठित बनेर सामूहिक रूपमा समस्याको समाधान गर्ने परिपाटीको समेत विकास गराएको छ । सहकारी सदस्यहरूले स्वावलम्बनमा विश्वास गर्छन् किनकी संगठन परमुखापेक्षी सोचले स्थापना गरिएको हुँदैन । सहकारीमा स्वउत्तरदायित्व ज्यादा हुन्छ भने सदस्यहरूको सक्रिय सहभागिता रहने प्रजातान्त्रिक विधिनै संगठनका आर्थिक सामाजिक क्रियाकलापहरूलाई सुव्यवस्थित सर्वोत्तम विधिको अवलम्बन

गरिएको हुन्छ । सदस्यहरूबीच समान व्यवहार गरिन्छ भने समूहभित्र कसैलाई मर्का पर्दा मिलेर त्यसको न्यायोचित ढङ्गले निरूपण गरिन्छ ।

सहकारी भनेको एकता माथिको विश्वास हो । समान आकाङ्क्षा राख्ने मानिसहरूले एकजुट भएर प्रयास गरी अगाडि बढेका हुन्छन् । सहकारीमा इमान्दारिता झनै धेरै महत्वको विषय हुन्छ किनभने देशका विद्यमान कानूनको पालना गर्दै पारदशीताको अवलम्बन गरिएको हुन्छ । खुलापन यसको विशेषता हो यसको सदस्य बन्नका लागि सधैं खुला रहन्छ भने सदस्यता त्याग गर्न पनि सहजै सकिन्छ । सहकारीमा सामाजिक उत्तरदायित्व पनि रहन्छ त्यसैले समाजप्रति सदा जिम्वेवार रहन्छन् । ग्रामिण क्षेत्रको विकासका लागि योजना निर्माण तथा जनसहभागिता वृद्धि गर्न समेत सहकारी महत्वपूर्ण माध्यम बन्न सक्छ । हाल नेपालमा तीस हजार सहकारी संस्था दर्ता भई कार्य गरिरहेको अवस्था छ जसमा कुल पैतालिस हजार मानिसहरू सहभागी रहेको तथ्य भेटिन्छ ।

पछिल्लो समयमा केही सहकारीले गलत कार्य गरेका कारण आम नागरिकमा नकारात्मक सन्देश प्रवाह समेत भएको थियो तर बिस्तारै सहकारीलाई नियमन तथा प्रभावकारी अनुगमन गर्न थालिए पछि सहकारीमा भएका बेथितिहरू क्रमश न्युन हुँदै गएको देखिन्छ । कुनै सहकारीले गलत कार्य गरे भनेर सबैलाई एउटै नजरले हेर्ने गर्नु उचित होइन । सहकारीलाई अझ प्रभावकारी बनाउनका लागि यसका मूल्य, मान्यता र सिद्धान्तलाई कडाइकासाथ पालना गर्नुपर्छ । कतिपय सहकारी विविध कारणले कमजोर भएको कारण दुई सहकारी संस्था आपसमा गाभिएका पनि दर्जनौं छन् । हाम्रो जस्तो बेरोजगारीको समस्यालाई केही मात्र भने पनि कम गर्न, सामूहिक व्यवसाय गरी लाभ लिन, छरिएका पुँजीलाई एकत्रित गर्न, उत्पादनमूलक क्षेत्रमा लगानी गरी आर्थिक लाभ हाँसिल गर्न सहकारी ज्यादै उपयोगी र महत्वपूर्ण सावित भएको छ ।

सहकारी मार्फत अनेकौं पेसा तथा व्यवसाय सञ्चालन गरी पर्याप्त मात्रामा आय आर्जन गर्न सकिन्छ । सहकारीको महत्वपूर्ण विशेषता भनेकै सामूहिकता भएकोले समूहमा मिलेर विभिन्न प्रकारका आयमूलक कार्य गर्दै आर्थिक रूपमा सबल बन्न सकिन्छ । पछिल्ला केही वर्ष यता बैंकहरू ग्रामिण क्षेत्रमा पुग्न थालेका छन् नत्र भने सहकारी मात्र हरेक गाउँमा पुग्ने संस्था थियो । आज पनि जति सहज र सरल रूपमा सहकारी संस्था नै रहेको देखिन्छ । बैंकसँग सर्वसाधारण नागरिकको सहज

पहुँच अझै पनि छैन । देशको आर्थिक विकासका लागि हरेक सरकारले नवीन कार्यक्रम वा विगतका कार्यक्रमलाई प्राथमिकताकासाथ अगाडि बढाउने गरेको देखिन्छ ।

सहकारी मार्फत निम्न तथा मध्यम वर्गका लाखौं नागरिकलाई स्वरोजगार बनाउँदै देशको आर्थिक तथा सामाजिक विकास र सम्वृद्धि हाँसिल गर्न सकिन्छ । अल्पकालीन तालिम दिएर स्वरोजगार सिर्जना गर्न सकिन्छ । तीन महिने, छ महिने, नौ महिने र एक वर्षे जस्ता विभिन्न सीपमूलक कार्यक्रम मार्फत युवा जनशक्तिको परिचालन गर्दै मुलुकमा विकास र सम्वृद्धि ल्याउन सकिन्छ । देशको आर्थिक विकास र रोजगारी सिर्जना गर्दै अन्तत देशको अर्थतन्त्र मजबुत बनाउन सक्ने महत्वपूर्ण क्षेत्र भएर पनि सहकारी भित्र अझै अनेकौं समस्याले ग्रस्त रहेको छ । सहकारी संस्थालाई वित्तिय अनुशासनको पालना गराउदै पारदर्शी रूपमा चलाउन सक्ने हो भने देशको चौतर्फी विकासमा महत्वपूर्ण योगदान दिने वास्तविकतामा कसैको विमती रहँदैन ।

हालसम्म सहकारी क्षेत्र हेर्न छुट्टै मन्त्रालयको गठन हुन सकेको छैन जसका कारण नियमन गर्ने जनशक्ति तथा अत्यावश्यक नीति निर्माण गरी सहकारीलाई थप प्रभावकारी र समय सापेक्ष बनाउन सकिरहेका छैनौं । विद्यमान शिक्षा प्रणालीमा औपचारिक सहकारी शिक्षाको अभाव हुनुका साथै पर्याप्त तालिम तथा भौतिक पूर्वाधारको समेत कमी रहेको देखिन्छ । सरकार र सहकारी संस्था बीचमा जुन मात्रामा समन्वयको विकास हुनु पर्ने हो त्यो भएको देखिन्न । त्यसै गरी सहकारी संस्थाहरूका बीचमा व्यवसायिक नेतृत्व विकास, व्यवसायिक क्षमता एवं पुंजीको अभाव रहनुका साथै सहकारी संस्थाहरू बीच अन्तर सहकारी सहयोगको अभाव रहेको देखिन्छ । आजको सन्दर्भलाई हेर्ने हो भने ग्रामीण विकासका लागि समर्पित वित्तिय संस्था भनेकै सहकारी हुन पुगेको छ ।

सरकारी तथा निजी बैंकहरू ग्रामीण भेगमा पुग्न नसकिरहेको वर्तमान अवस्थामा सहकारी एक मात्र सहयोगी र सुख दुःखको सहयात्री बन्न सफल देखिन्छ यो आम ग्रामीण भेगका नागरिकका लागि सुखद् पक्ष पनि बनेको छ । विपन्न वर्गका युवा जनशक्ति आपसमा मिलेर व्यवसायिक रूपमा सहकारी मार्फत ऋण सहयोग लिएर मनग्गे आम्दानी गर्दै सुखद जीवन यापन गरिरहेका छन् । सहकारीले आर्थिक रूपमा सघाउने काम मात्र नगरी नेतृत्वको विकासमा समेत प्रभावकारी

भूमिका खेलिरहेको छ । समूहमा मिलेर कार्य गर्ने तथा आपसी सद्भाव र सहयोगको आदान प्रदान गर्दै आएको हामी सबैले देखे भोगेका नै छौं । महिला वर्गलाई पनि संगठित र एकिकृत बनाउदै स्वरोजगारी बन्दै आफ्नै घर आँगनमानै आय आर्जनका स्रोत निर्माण गर्दै सबल महिलाको पहिचान बनाउन सफल देखिएका छन् ।

सहकारीले देशको चौतर्फी विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दे आएको छ । छरिएर रहेको पुँजीलाई एकिकृत गर्दै लगानी गरी पर्याप्त मात्रामा मूनाफा लिन सफल भएका छन् । स्वरोजगार बन्न सफल भएका छन् त्यति मात्र नभई नेतृत्व विकास तथा सुन्दर भविष्य निर्माणमा समेत अग्रणी देखिएका छन् । सिमित श्रोत र पुँजी भएका व्यक्तिहरू एक आपसमा मिलेर सामूहिक व्यवसाय सञ्चालन गरी आफ्ना आवश्यकता पूरा गर्नु सहकारी व्यवसायको मुख्य उद्धेश्य हो । सामान्यतया दुर्गम तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिकहरू, महिला, दलित, आदिवासी, जनजाति, मुक्त कमैया, हलिया अपाङ्गता भएका व्यक्तिहरू, कृषि मजदुर, भूमिहीन आदि गरिबीको कुचक्रमा फसेका छन् । उनीहरूलाई सहकारी मार्फत विभिन्न आय आर्जनका कार्यमा सहभागी र सक्रिय बनाई रोजगार बनाउदै आर्थिक रूपमा सबल समेत बनाउन सक्ने मुख्य माध्यम भनेकै सहकारी संस्था मात्र देखिएको छ ।

हामी कृषि प्रधान देशका नागरिक तर खाद्यान्न देखि फलफूल, तरकारी, तेलहन, दलहन लगायत सबै उपभोग्य वस्तु भारतबाट आयात गरिरहेका छौं । दिन प्रति दिन कृषिमा नागरिकको आकर्षण घट्दै गइरहेको देखिन्छ । यसो हुनुका पछाडि अनेकौ कारण छन् । व्यवसायिकता नहुनु, उत्पादित वस्तुको उचित मूल्य नपाउनु, बजारीकरण गर्न नसक्नु, भण्डारणको सुविधा नहुनु जस्ता कारणले गर्दा कृषि पेसाप्रति युवाको आकर्षण नभएको प्रष्ट रूपमा देखिन्छ । कृषि पेशामा आबद्ध छु भन्दा गर्व गर्ने अवस्थाको सिर्जना गर्न सक्नुपर्छ । अहिलेको अवस्थाको यथार्थता बताउने हो भने कृषि अपहेलित र अनपढले मात्र गर्ने व्यवसाय हो भन्ने आम नागरिकको बुझाई रहेको पाइन्छ । कृषिलाई सम्मानित र आकर्षणको पेसा बनाउने हो भने नेपालको गरिबी र बेरोजगारी धेरै छिटो हटाउन सकिन्छ । व्यवसायिक रूपमा गरिएका बाहेक अन्यलाई हेर्ने नजर नै फरक र तल्लो रहेको देखिन्छ ।

सहकारीको मुख्य जोखिम भनेको ऋण लगानी हो यसमा सबै सदस्य तथा ऋण र समिति ज्यादै

चनाखो र गम्भिर हुनु जरूरी हुन्छ । बचत तथा ऋणको कारोबार गर्ने सहकारीको सबैभन्दा पहिलो समस्या भनेको नै सदस्यहरूबाट सङ्कलीत बचत रकमको असुरक्षा हो । यसको लागि सहकारी ऐनले सुरक्षण कोषको व्यवस्था गरेको छ । ऋणमा हुने जोखिमलाई हटाउन लगानीको मापदण्ड र विधिहरूको स्पष्ट व्यवस्था गरिनुपर्छ । कतिपय सहकारीहरूले ऋण प्रवाह गर्दा नियम र विधिलाई मिच्ने गरेको देखिन्छ । यसले गर्दा बचतकर्ताको बचतको असुरक्षा बढ्न जान्छ । आफन्त र निकटका व्यक्तिलाई नियम भन्दा बाहिर गएर बढी ऋण प्रवाह गर्दा थप जोखिम हुन जान्छ ।

खासगरी अनुगमन र नियमनको आवश्यकता बचत तथा ऋण कारोबार गर्ने सहकारीको लागि अत्यन्तै आवश्यक र अनिवार्य हुन्छ । सदस्यहरूको संख्या, कार्य क्षेत्र, बचत रकमको सुरक्षाजस्ता महत्वपूर्ण विषयहरू हुन् । सहकारीले समय समयमा आफ्ना सदस्यहरूलाई आर्थिक अनुशासन कायम गर्न तथा बचत सुरक्षित गर्न प्रभावकारी तालिमको व्यवस्था गर्नुपर्छ । सहकारी ऐनले सहकारी उद्योग व्यवसायलाई निषेध गर्न नपाइने साथै समानताका आधारमा व्यवहार गरी यसको महत्वलाई थप बढाउने कार्य गर्न सम्बन्धित सबैले ध्यान दिनु पर्ने देखिन्छ । देशमा सङ्घीयताको कार्यान्वयनको सवालमा चर्चा भईरहेको सन्दर्भमा सहकारीलाई नियमन र अनुशासित वित्तिय संस्थाको रूपमा अगाडि बढाउनका लागि प्रभावकारी कदम चाल्नुपर्छ ।

देशभर जम्मा ७५३ वटा स्थानीय तह ७७ वटा जिल्ला समन्वय समिति, सात प्रदेश र एक संघको व्यवस्था सङ्घीय संरचनाले बनाएको छ । आज सबै स्थानीय तहमा सहकारीको विकास र विस्तार लगभग भएको अवस्था छ । आज विपन्न वर्गका लागि सहकारी संस्था सुख दुःखका अभिन्न मित्रको रूपमा स्थापित भएको अवस्था छ । आफ्नो चाडपर्व, विवाह, ब्रतबन्ध लगायतका विभिन्न सँस्कृतिको निरन्तरताका लागि आवश्यक पर्ने रकमको जोहो गर्न कुनै साहु महाजनको साम् अनुनय विनय गर्दै चर्को ब्याजदरमा ऋण लिएर बस्नुपर्ने अवस्थाको अन्त्य भएको छ । आफ्नो सहकारीबाट सहजै सामान्य ब्याजमा रकम प्राप्त गर्न सकिन्छ । आम सहकारी संस्थाले सहकारीको नियम र सिद्धान्तको प्रभावकारी रूपमा पालना गर्ने हो भने सहकारीले अवश्यनै मुनाफा प्राप्त गर्ने वास्तविकतालाई कसैले पनि नकार्न मिल्दैन । ♦♦♦

**कथा**

# पन्ध्रदिन

त्यस दिन फिल्काले रूँदैरूँदै भनि– हो, क्या दिदी यहाँ देख्नुभो भने तपाईं नै पनि छक्क पर्नुहुन्छ । किनकी नब्बे पन्चानब्बे वर्षका बुढाबुढी जवान सरहै ठम्ठमी हिंडिरहेका हुन्छन् । बाटो वरपर कुनै दिन तपाईं पनि यता आउनुभो भने यसो भन्थी बहिनीले भनेर विशेष किसिमले आँखा डुलाउँदा हुन्छ । स्वीडङ जाऊ अथवा पार्क तिर बुढाबुढीहरूको संख्या जवानहरू कम वृद्धहरू बढी एकदमै रमाएर समय व्यतित गरिरहेका देखिन्छन् । अँ, आँखामा चश्मा चाहिं प्रायले कानलाई नै स्ट्यान्ड नबनाए धर छैन । तर पन्ध्र दिनले गर्दा मेरी ममी मर्नुभयो । हो, दिदी मात्र पन्ध्रदिनले गर्दा...।'

बहिनीको कुरा सुनेर म पनि आश्चर्य चकित भएँ । निकै लामो समय पश्चात ऊसँग गफिने साइत जुरेको थियो । उसको परिवारमा जो नोक्सान भयो घटना सम्झेर मन बुझाउने ठाउँ थिएन । सान्त्वना व्यक्त गर्न न कुनै शब्द थियो । दैवको लीला सम्झेर...रूँदै पछुताउनु सिवाय जिन्दगी जुरेकै त्यति नै रहेछ भनेर चित्त बुझाउनु बाहेक अर्को उपाय पनि थिएन ।



✍ **बिन्दु अधिकारी ढकाल**

नेपालमा हुँदा बहिनी होस्टल बसेर पढ्थी । त्यसताका बिदाको समय 'उपमा दिदी म त आए है' भन्दै मुसुक्क हाँस्दै ऊ टुप्लुक्क मेरो घर आइपुग्थी । साँझबत्ती बाल्ने समय मझेरीबाट भित्र उसलाई देख्नासाथ हर्ष विभोर मेरो मनले दिदीबहिनीको यो नाता यसरी नै झाङ्गियोस् जसरी चौतारामा पिपल सप्रिएका हुन्छन् भन्ने लाग्थ्यो ।

समयको पावन्दी प्रविधिको विकास भनेर के गर्नु...? सबै कुरा त आखिर मन रहेछ, मन । थाहै भएन बहिनीको बिहे कहिले भयो ? कोसँग भयो ? नयाँ घर उसको नयाँ थर न ठेगाना...केही, केही नै थाहा भएन ।

जुन बेला जगतमा टेलिफोन नामको भ्रुणसम्म विकास भएको थिएन । त्यस बखत पनि मान्छेले कर्म गर्थे । बिहे गर्थे । व्रतबन्ध गर्थे । आफ्नो

गर्छेअनुसार सानोठुलो कार्जे सबैले गर्थे। वास्तवमा भन्ने हो भने जन्म, मृत्यु र विवाह संस्कार आफन्त, बन्धुबान्धव, नातागोता एवं छरछिमेकी भेला नभई कसरी सम्पन्न हुन्थ्यो ? त्यसताका हुलाकबाट चिठी प्रेसित गरेर पनि निम्तो पठाइन्थ्यो । केही घण्टाको बाटो भए काटेका सुपाडी बाड्दै पनि खबर पुऱ्याइन्थ्यो । खैर, बहिनीको बिहे हुनु थियो । भएछ । जब सुनें । नयाँ खबर था' पाएर निकै खुसी लाग्यो ।

सम्बन्ध भनेको 'बचाउन सके नाता, नसके फलामको पाता' भन्ने बुढ्यौली उक्ति प्रति मेरो केही विमतलाई त्यसैबखत राम्ररी बुझ्ने मौका पाएँ । हुन त जे भयो सकियो तर बिहे पछिका दिनमा न बहिनीसँग भेट भयो, न ज्वाईसँग चिनजान । अथवा उसको कुन बाध्यता थियो र एक पटक दिदी भनेर सम्झिन मलाई । सञ्चारले यत्रतत्र फड्को मारेको प्रविधिमय संसारमा...मैले त केही बुझ्नै सकिन । हुन त श्रीस्वस्थानी व्रत कथामा दक्षप्रजापतिले आफ्नै छोरी सतीलाई महायज्ञमा डाँकेनन् । रगतको नाता भनेर भो...?

नेपाली समाजको परिपाटी आफ्नै वरिपरि कति छन्, यस्ता दृष्य ? अटेसमटेस हुने गरी ख्वाए पनि कोही आफ्ना नहुने । कसैलाई एक ग्लास पानी पियाउन पनि हम्मे पर्ने । त कोही भने टुसुक्क बसेर एक कप चिया पिउन पनि नभ्याउने । सम्झेर ल्याउँदा दुनियाँ त्यसै दुनियाँ भएको होइन रहेछ ।

पछिल्लो समय आफ्नै घर व्यवहारले थिचेर मिनेट त के सेकेन्ड फुर्सद थिएन मलाई । त्यसमाथि अफिसको काम...।

फिल्का वास्तवमा को थिई मतलब कसकी छोरी ? काकाकी या त मामाकी । ठुलोबुबा, सानोबुबा या त मितबुबाकी । साख्खे फुपुकी या त गोत्री/सगोत्री...अरू कसैकी । चाहे जोहोस्, जन्मका हिसाबले मभन्दा केही वर्ष सानी हुनाले ऊ मेरी बहिनी थिई । अत्यन्तै मायालु बहिनी ।

त्यसताका तराई झर्दाको सम्झना ऊ भर्खर हिँड्न थालेकी थिई । मसँग कुन जादुको छडी थियो । जतिखेरै पनि मेरो पिछा नछाड्ने उसको आदत देखेर तीन छक्क पर्थें । दिनको के कुरा राती पनि पो मैसँग सुत्थी । बिहान मैसँग उठ्थी । तातेताते उमेरकी ऊ जताजता जान्थें म, ऊ पनि सँगसँगै दौडिन खोज्थी । घरीघरी यसो भन्थि- 'प्यारी दिदै मलाई छाडेर कतै पनि नजाऊ है । ल ? हुन्छ ? कि, हुदैन...?' घर फर्किने अघिल्लो दिन जब म आफ्नो झोलामा लुगाफाटो हाल्दै हुन्थें । त्यो दृष्य देखेर राती अबेलासम्म निदाउदै निदाउन्न थिई । कथा भनेर फकाई

फुल्याई जबरजस्ती निदाए पनि निन्द्रामा बर्बराउनु त छदै थियो । बाठी पनि कति भने फुत्त उसका आँखा छलेर हिंड्छु भनेर होला मलाई च्याप्प समातेर सुत्थी । अनि, मेरो ज्यान ओल्टोकोल्टो भयो कि जस्तै गाढा निन्द्रा पनि अघि ब्यूँभि सकेकी हुन्थी ।

जसको कोखबाट जन्मेकी थिई ऊ । अथवा जसले उसलाई जन्माउनु भएको थियो । त्यो परिवार हेर्दा स्वर्ग भैं लाग्थ्यो । त्यस घरको वातावरण रहनसहन सानामा आफूले पढ्न नपाएको गुनासो कथा भैं सुनाउनुहुन्थ्यो बहिनीकी ममीले । उही कुरा घरीघरी दोहोऱ्याई तेहऱ्याई भनिरहनुहुन्थ्यो । त्यतिखेरको समाजमा छोरीलाई निरक्षर राख्ने चलनकी घोर विरोधीले आफ्ना सन्तानलाई सक्षम त बनाउनुभयो । तर स्वावलम्बी हुन नपाई अन्माई पठाउने चलन उहाँ स्वयं पनि त्यही चुक्नुभयो । जे होस्, बहिनीकी ममीसँग भेट हुदा खुब रमाईलो हुन्थ्यो । लाग्थ्यो, रातभरि बसेर उहाँका गफ सुनिरहुँ । नजानेका नबुभेका बात सोधिरहुँ । सर-सँगत गरिरहुँ । उहाँलाई भेट्दा एकदमै खुसी लाग्थ्यो । आफ्नै संरक्षक भेटेभैं ।

सम्पत्ति, खानलाउन दुःख थिएन । महिनामा दुईचार लाख नगद हात पर्नु पनि चानचुने आम्दानी होइन । बस्नलाई ईंटा सिमेन्टको गाह्रो, छत ढलान गरेको पक्का घर थियो । त्यहाँ बिजुली बत्ती थियो । आँगनमै जस्तो पानी धारा थियो । त्यसकारण पहाडमा भैं एक गाग्री पानीका लागि कोशौं टाढा उकालो ओरालो हिंड्नु पर्दैनथ्यो । कृषि कर्म आफ्नै खेतबाट आएको धान मिलमा पुऱ्याएपछि कति बेर लाग्थ्यो र चामल बन्न ? त्यसकारण मधेसबासीले पहाडमाजस्तो रातारात ढिकीजातो गर्नु पर्दैनथ्यो ।

तराईको बाटो हाट बजार धाउन होस् अथवा सर्जाम किन्न कोही व्यक्तिलाई सकस थिएन । सिकिस्त बिरामी अस्पताल पुऱ्याउन पनि पहाडमा जस्तो भोलुङ्गो वा स्टेचर चाहिन्थ्यो । तर कहिलेकाहीं त्यस्तै आपत परिहाले बेरै नगरी एम्बुलेन्स आउथ्यो । नभए रिक्सा । त्यो नभए गाडी । एकछिनका लागि त्योपनि नभए साइकल । त्यसताका मोटरसाइकललाई भटभटे भन्थे । जेहोस्, डाक्टर भेट्न कुनै कठिन थिएन ।

फिल्का बहिनीका पिता जागिरे हुनुहुन्थ्यो । त्यसकारण उहाँलाई परिवार पाल्न सकस थिएन । छोराछोरीको पढाई सँगै घरमा कुनै कुराको अभाव होलाजस्तो नलाग्ने परिवार वास्तवमै भाग्यमानी होइनन् त ? मेरो आसा भरोसा रगतको नाताभन्दा कम प्रगाढ

थिएन मित्रता । सम्बन्धको त्यो डोरी आफैलाई आघात हुने गरी एकदिन बहिनीकी ममीले ठाडो बोलीमा भन्नुभो- 'यो उपमा त हिजोआज अचाक्ली नै ठुली भाछे ।'

तर म त्यही उपमा थिएँ, जसले जीवनमा कसैको एउटा सिन्काधरी नोक्सान त के अदलबदल सोच्नसम्म नसक्नेले उहाँको चाहिँ कस्तो जासुस गरें ? किन गरें ? कसरी गरें ? त्यो दिनको सो भनाई मुटुभित्र बिझेर छाँगाबाट खसे झैं चकित परें । तैपनि थाहा छैन, मैले वास्तवमै के नोक्सान गरें ? उकुसमुकुस मन चुरोकुरो बुज्ने धुन तर बिहेको हंगामा को कहाँ पुगियो को कता पत्तै भएन ।

त्यसदिन फिल्काका सबै दिदीहरू आ-आफ्ना परिवार सहित निम्ता मान्न आएका थिए । दाजुभाउजू थिए । भदाभदैहरू थिए । छरछिमेकी थिए । त्यस्तै, अन्य नातेदार सबै-सबैका अगाडि चितुवा झम्टे पारा उसकी ममीको त्यो आवाज...हाफ छुट्टी लिएको अफिस पुरै दिन त्यता बिताउँदा पनि मनको बोझ हल्का हुन सकेन ।

केही दिन अघिदेखि निकै डर लाग्दो गरी चीनको वुहानबाट फैलेको कोरोना भाइरसको कारण संसार कस्तो भयो ? कतिले ज्यान गुमाए ? अकाल मृत्युवरण कतिका बालक टुहुरा भए ? कति बेसहारा बने ? कति परिवारै निमिट्यान्न भन्ने खबर पनि सुनियो । 'खरघारी'मा आगोलागेजस्तो समय त्यही बेला बहिनीकी ममी पनि बिरामी भन्ने खबर आयो ।

ऊ त उही बेला भनौ बिहे भएकै वर्ष अमेरिका पुगेकी अरे । त्यतै बसोबास गर्ने केटासँग लगन जुरे पछि विवाह भयो भन्ने खबर पनि निकै लामो समय पछि था' पाएको थिएँ । हुन त मुहार पुस्तिका मार्फत फोटाहरू देखिन्थे । तर हिजोअस्ति जस्तो लाग्ने समय कति चाँडो बितेको ?

उबेला मसँगै पहाड जान कस्तो ढिपी गर्थी ? अनि, मलाई पनि उसलाई सँगै लिएर घरजान रहर नभाको होइन तर चाहेर पनि त्यो समय अनुकूल भएन । ठुलो चिलगाडी चढेर सातसमुन्द्र पारी पुगेकी ऊ अब त कहिले यता आउली र पुनः त्यता जाने बात दोहोऱ्याउली ? जन्मकर्म आफू भने उही पहाडमा गाउँबेंसी धाएर अघाएकी छैन । तर वल्लोपल्लो गाउँ आजसम्म कुनै रहरलाई बासी हुन पनि दिएकी छैन ।

रेडियो बोल्थ्यो, कोरोना अमेरिकामा झन् बढी छ । विश्वमहामारीको त्यो रूप त्यो स्वरूप नेपाल त झन् खुल्ला सिमानाले गर्दा यति असुरक्षित थियो तर पनि लकडाउन नभाको भए...? हुन पनि देशविदेश आउँजाउँ कुनै फ्लाइट

थिएनन् । अनिश्चित कालिन बन्दको परिणाम बारे खुलस्त कसैलाई थाहा थिएन ।

बन्दाबन्दी नखुले पनि केही समय पछि चार्टर उडान सुरू भयो । त्यसले गर्दा अलपत्र मानिसलाई आ-आफ्नो गन्तव्यमा आउजाउ गर्न निकै सहज भयो । मुहार पुस्तिका हेर्दा पनि कति यस्ता कुरा थाहा हुन्थ्यो । साथै, कतिका बाआमा लकडाउनमा अड्केर विदेश विदेशै थिए । आफन्त भेट्न गएका कति त्यही चार्टरबाट भए पनि नेपाल फर्के । जहाज भाडा महंगो चाहिं बेस्सरी नै महंगो छ भन्थे ।

त्यसदिन म्यासेन्जरमा भेट भएकी बहिनी आमनेसामने बात मारेसरह भिडियो कलमै भएता पनि जिन्दगीका अन्य आयामहरू कोट्याउन तर्फ नलागेर, एकैचोटी भक्कानिदै ऊ यसरी बोल्न थाली - 'दिदी ! ममीबुबा दुवैलाई अमेरिका ल्याउने प्रक्रिया सकेर टिकट काटीवरी उड्ने तयारीमा हुनुहुन्थ्यो । पन्ध्रदिन अगाडिबाट लकडाउन सुरू भयो । पहिलो लहर कोरोनामा उहाँको स्वास्थ्य एकदम ठीक थियो । प्रायः दैनिक जसो भिडियो कल मार्फत कुरा गर्थ्यौं ।

केही महिना पछि जहाज उड्न थाले । कोरोना त्रास केही कम भयो भनेर सोच्न नपाई पुनः दोस्रो लहर सुरू भयो । फेरि जहाज बन्द भन्ने खबर सञ्चार माध्यमबाट फैले लगत्तै अब चाहिं ढीलो गर्नु हुँदैन भनेर जति नै महंगो भएपनि टिकट काट्नु अघि कुन दिनलाई फिक्स गरौं भनेर सल्लाह गर्न फोन गर्दा ममीलाई सञ्चो छैन भनेर थाहा पाएँ । पेट दुख्नु सामान्य केही होला ठीक भइहाल्छ भन्दाभन्दै...।

त्यसपछि बहिनी केही बोल्न सकिन । मैले पनि थप प्रश्न गरेर करकाप बोलाउनु भन्दा केही बेरको सन्नाटा पछि उसैले भनि- ज्यानमारा कोरोना पन्ध्रदिन पछि सुरू भाको भए कुनै हालतमा मेरी ममी मर्नु हुने थिएन । यता उड्न मात्र पाउनु भाकोथ्यो भने जसरी पनि बिराम पत्ता लाएर बचाउथें दिदी, मेरी ममीलाई जागा गराउथें । यहाँका अस्पतालमा सामान्य दुःखाई महसुस भएका बिमारीलाई पनि पक्षपात नगरी ठुलै ठाउँमा उपचार हुन्छ । त्यही कारण यताका मानिस लगभग सय वर्ष बाँच्छन् । तर त्यहाँ यता हुन्छ कि उता भनेर चौतर्फी दौडधुप गर्दा गर्दै लापरबाही भयो दिदी, ठुलै लापरबाही । अनि, त्यही दौडधुप पनि जम्माजम्मी पन्ध्रदिन मात्रै...!' व्यथामाथि थप पीडा संक्रमण नभएको भए केही हुन्थ्यो कि ? ♦♦

लघुकथा

# "पान्सय"



✍ **राजबाबु श्रेष्ठ (सागर )**

एकाबिहानै घरबेटीको छोरो बिछ्यौनामा मलाई झक्झकाउँदै भन्यो - "दाइदाइ, तपाईंको घरबाट फोन आको'छ ।"

म झस्किदैं उठें । ऊसँगसँगै म माथि बैठकमा पुगें । फोन रिसिभर टेबलमा मलाई कुरिरहेको थियो । मैले रिसिभर उठाएँ र 'हेल्लो' भनें ।

आमाले आत्तिएर रूँदै भन्नुभयो, "कान्छा, कान्छा, तेरो बा त स्याउला घाँस काट्न रूखाँ चढ्दा रूखबाट खसेर आधा प्राण भएको छ । के गर्ने कान्छा ? तँ आउँचस् कि नाइँ ... ?"

आमाको यो खबरले मेरो मुटु हल्लियो । मैले आमालाई सम्झाउँदै भनें, "आमा, म उता आएर के गर्नु ? पहाडको घर आउनै दुई दिन लाग्छ । बरू गाउँले भरियालाई डोकोमा बोकाएर भए पनि बालाई बजारसम्म ल्याई कुनै गाडी रिजर्ब गरी काठमाडौं लिएर आउनू । म याँ छदैछु । जे गर्नु परे नि गरूम्ला नि आमा ।"

"हुन्छ हुन्छ कान्छा ।" यति भनेर आमाले फोन राख्नुभयो ।

म बाको पिरले रातो र पिरो भएँ । मनमा औडाहा भएर आयो । कान्छो छोरो भएर होला बाले मलाई साह्रै माया गर्नुहुन्थ्यो । मलाई मात्रै कहाँ हो र ? माया गर्ने बाले । जेठो दाइलाई छोरो पढोस् र हाकिम बनोस् भनेर बाले धेरै दुःख गर्नुभएको थियो । हुन पनि दाइ पोखरामा हाकिमै हुनुभयो ।

पर्सिपल्ट आमा बालाई लिएर काठमाडौं आइपुग्नुभयो । मैले बालाई लगेर बिएण्डबीमा उपचार गराएँ । पैसा निकै खर्च भयो । तर बा चिसो हुनुभयो र हामी बाको शोकले ताता भयौं ।

बाको कामकाज सकाइयो । दाजुभाउजू छुट्टिने भए । हरहिसाब भए । पोखराको घर भाउजूको नाउँमा रहेछ, त्यो अंशमा जोडिएन । मैले केही जोड्नै सकेकै थिइनँ । बल्लबल्ल कलेज पढाईपढाई बिहेको लागि पाँच तोला सुन जोडेको थिएँ । त्यही सुन पनि बाको उपचारमा खर्च भयो ।

दाइले भन्नुभयो, "तेरो कति खर्च भा'छ भन् र बिल देखा ।"

मैले भनें, "मेरो पचासी हजार खर्च भयो तर मसँग पैंसट्ठी हजारको बिल मात्रै छन् । अरू खुद्रा खर्च भएको बिल छैनन् ।"

दाइले भन्नुभयो, "याँ बिलका मात्रै

हिसाब हुन्छन् । अनि सुन्, मेरो पनि पाँच वर्षअगि बालाई स्वास्थ्य चौकी लग्दा डोकोमा बोकाको पान्सय खर्च जोड्नुपर्यो ।"

दाइको यो कुरा सुनेर आमा भक्कानिदै भन्नुभयो, "जेठा अनि त्यसको बिल छ त तँसँग ?

दाइले अनुहार कालो बनाउनुभयो ।

"तैंले मरेको बाउलाई पान्सय पनि छोडिनस् है, जेठा ।" यति भनेर आमा डाको छोडेर रूनुभयो र मलाई आफ्नो छातीमा टाँस्नुभयो र भन्नुभयो, "कान्छा घरखेत बेच् र हिंड् काठमाडौं।" ♦♦♦

**कविता**

## त्यो मान्छे



✍ **शशी श्रेष्ठ**

एउटा भद्र र गम्भिर मान्छे ऊ,
रातभरि,
जातिय विभेदको कथा लेख्छ
र भेरीको डिलमा बसेर
मायामा मृत्यु साट्नेहरूलाई
निर्दयी मान्छेको कथा सुनाउँछ।

उसका कथाहरू अनौठा हुन्छन्।
त्यहाँ, बुद्ध बन्दुक बोकेर दौडन्छ
अनि
हिटलर शान्ति वार्तामा बस्छ।
सर्रियल उसका कथाहरूमा,
ऊ सरकार बन्छ र
लिम्पियाधुरामा ग्रेटवाल सार्छ,
स्वास्थ्य र शिक्षा निःशुल्क पार्छ र
किताबहरू कर फ्रि गरिदिन्छ।

कथाको मध्यभागमा
ऊ केही आक्रामक देखिन्छ।
लादेनले ट्वीनटावर उडाएझैं ऊ
बलत्कारीको टाउको उडाउँछ।
अनि
कोशीका सबै ढोकाहरू खोलिदिन्छ।

त्यो भद्र र गम्भिर मान्छे,
आफ्नो खप्परको ल्याबमा
दुःखै दुःखको भाइरस जन्माउँछ,
कहिले त्यै दुःख ओढ्छ
त कहिले ओछ्याउँछ।

ऊ प्रत्येक दिनसँगै ब्युँतन्छ र
हरेक रातसँगै मर्छ।
इच्छा र अनिच्छाको द्वन्द्वमा
अलिकति बाँच्छ र धेरै मर्छ।
यताउती हेर्दै,
व्यक्तिगत सुखको परिभाषा खोजिरहन्छ,
त्यो मान्छे !
त्यो भद्र मान्छे!!

# लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल र नेपाल प्रहरी



✍ रसना ढकाल

लिङ्गमा आधारित हिंसा नै लैङ्गिक हिंसा हो । यस्तो हिंसा महिला पुरूष र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू माथि लिङ्गकै आधारमा हुने गरेको छ । लैङ्गिक हिंसा पुरातन सोच तथा मूल्य मान्यताबाट व्याप्त यस्तो अपराध हो जुन अपराधले जघन्य अपराध सिर्जना गरिरहेको छ । हरेक अपराधको पछाडि केही कारण हुन्छ । त्यही कारणको जरा लैङ्गिक हिंसा हो । यो घरबाट सुरू भई बाहिरी दुनियाँसम्म व्याप्त छ । घरमा आमाबुबाले छोरा छोरी माथि गर्ने विभेद, छोरीलाई लादिएका समाजिक सोचहरू । विभेदपूर्ण व्यवहारबाट सिर्जित यस लैङ्गिक हिंसा समाज विकासको तगारो बनेको छ । समाजका इकाइहरू बीच असन्तुलन ल्याएको छ । समाजिक संरचनाको कारण धेरै जसो महिला बालबालिका उपर लैङ्गिक हिंसा भईरहेको छ । यसले व्यक्तिको मानव अधिकारलाई नै कुण्ठित पारिरहेको छ । हिंसा प्रभावित जो कोहीको आत्मबल भरिरहेको हुन्छ । आफू माथि शोषण दमन भएको कुरा सबैले बोल्न सक्दैनन् ।

फौजदारी प्रकृतिका घटना सबै नेपाल प्रहरीमा गएर ठक्कर खान्छ । नागरिकको न्याय पाउने अधिकार देखि लिएर मानव अधिकार स्थापित गर्न नेपाल प्रहरीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । घटनाको अनुसन्धान देखि लिएर अभियुक्त पक्राउ गर्ने सम्मको अधिकार नेपाल प्रहरीकै छ । यद्यपि सीमित स्रोत साधनको बाबजुद पनि प्रहरीले घटनाहरू उपर अनुसन्धान गरिनै रहेको छ ।


कुनै समय थियो महिला बालबालिकाको सवाल महिलाको मात्रै सवाल हो भन्दै पन्छाउने काम गरिन्थ्यो भने कतै महिला नै बोल्नु पर्छ भन्दै एकतर्फी रूपमा छुट्याइन्थ्यो तर समय परिवर्तनसँगै लैङ्गिक सवाल सबैको सरोकारको विषय बन्न पुगेको छ । लैङ्गिक हिंसाको कारण भएका जघन्य अपराधका कुनै कुनै घटनाहरू वर्तमानसम्म पनि नेपाल प्रहरीले अनुसन्धान गरिनै रहेको छ । महिला बालबालिका माथि हुने

अपराधका श्रेणीहरू धेरै नै छन् । समाजका व्यक्तिहरू लैङ्गिक हिंसा न्यूनिकरण गर्न आफ्नो तर्फबाट लागि परेका छन् भने राज्यले पनि कठोर कानूनहरूको निर्माण गरेको छ । यस्ता घटना रोक्न वा नियन्त्रण गर्न केवल कानून बनाएर मात्रै भएन मान्छेमा चेतनाको स्तर बढाउनु पर्ने हुन्छ । फलस्वरूप नेपाल प्रहरी भित्र लैङ्गिक हिंसा नियन्त्रण सञ्जालको परिकल्पना गरियो । लैङ्गिक हिंसा नियन्त्रण सञ्जालमा समाजमा विभिन्न क्षेत्रमा रहेका व्यक्तिहरू नेपाल प्रहरीसँग संयुक्त कार्य गर्न पाउछन् । सरकारको अनुमतिमा प्रहरी भित्र लैङ्गिक हिंसा निवारणको लागि थुप्रै कार्यक्रमहरू ल्याइएको छ । तर प्रहरी नियमावली २०७१ अनुसार गठित भएको लैङ्गिक हिंसा नियन्त्रण सञ्जालको संरचना छुट्टै नै छ । लैङ्गिक हिंसा नियन्त्रण सञ्जालको अवधारणाले समाजमा विभिन्न तह तप्कामा रहि काम गर्दै आइरहेका सबै क्षेत्रका व्यक्तिहरूलाई समेटेको छ । लैङ्गिक हिंसाको विरूद्धमा सामूहिक एक्यबद्धताको रूपमा यो सञ्जाललाई लिन सकिन्छ । लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल हाल संशोधन भई आएको कार्यविधि २०७८ अनुसार यो सञ्जाल जिल्ला, नगरपालिका/गाउँपालिका र वडा स्तरमा गठन हुने भन्ने व्यवस्था छ । महिला, बालबालिका, जेष्ठ नागरिक तथा जोखिममा रहेका वर्गहरूको अधिकारको क्षेत्रमा काम गरिरहेका सरकारी संस्था, नागरिक समाज एवं समुदायलाई आपसमा समूहीकृत र संगठित गर्न लैङ्गिक हिंसा नियन्त्रणको निमित्त सेचतना अभिवृद्धि गर्न, प्रभावित एवं पीडितहरूको पारिवारिक र सामाजिक मेलमिलाप गराउन तथा समूहमा संलग्न सदस्यहरू एवं प्रहरी कर्मचारीहरू समेतलाई सो सम्बन्धी अपनाउनु पर्ने कार्यविधि एवं व्यवहारका बारेमा निर्देशन दिन र लैङ्गिक हिंसा नियन्त्रण संजालको भूमिकालाई निर्दिष्ट गरी जिम्मेवार बनाउन प्रहरी नियमावली २०७१ को नियम १९६ को उपनियम (१)(ख) बमोजिम प्रहरी महानिरीक्षकबाट २०७८ सालमा लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल गठन तथा कार्य सञ्चालन विधि २०७८ जारी गरिएको छ । यो सञ्जाल ७७ वटै जिल्ला र सबै स्थानीय तहहरूमा गठन गर्ने व्यवस्था छ । साथै सञ्जालको कार्यविधि अनुसार हिंसा प्रभावितहरूको आवश्यकता हेरेर खाद्यन्न सहयोग, औषधि उपचार तथा जनचेतनामूलक कार्यक्रम गर्न कोषको निर्माण पनि गर्न सकिने भनेर तोकिएको छ ।

सञ्जालको संयोजकको रूपमा जिल्लामा जिल्ला प्रहरी कार्यालय प्रमुख,

नगरपालिकामा सम्बन्धित प्रहरी वृत्त तथा ईलाका प्रहरी कार्यालय प्रमुख रहने भने तोकिएको छ । जुन अवधारणाबाट नेपाल प्रहरीले लैङ्गिक हिंसा नियन्त्रण सञ्जालको गठन गर्‍यो त्यो अनुसारको प्रचारप्रसार र सरोकारवालाहरूलाई अभिमुखिकरण भएको छैन । लैङ्गिक हिंसा नियन्त्रण सञ्जालको अवधारणा एकदमै राम्रो र प्रभावकारी हुन सक्ने देखिन्छ । सञ्जालमा आबद्ध भई जनस्तरमा चेतनामूलक तथा विभिन्न कार्यक्रमहरू गर्न सकिन्छ र यसको प्रभाव पनि धेरै नै पर्छ । समाजमा रहेका सबै व्यक्ति समाज सुधारका जिम्मेवार हुन । ♦

## मुक्तक



✍ **रेहित सैजु 'विकल्प'**

व्यर्थको गफ खोकेरै दिन बित्छ कसैको
हातले टेबल ठोकेरै दिन बित्छ कसैको
यी दिन, रात कति आए,कति गए,
अधुरा आशा बोकेरै बित्छ कसैको ।

।।१।।

बेसरमीको चुरीफुरी कति दिनको रैछ हेरौं
हाम्रो यो निकट दूरी कति दिनको रैछ हेरौं
शङ्काको बिउ रोपिएको त्यसै कहां हो र...?
रहर हो की मजबुरी कति दिनको रैछ हेरौं ।

।।२।।

आरनभित्र पगालेर विचार र बिम्ब अर्जाप्दै छु
आत्म विश्वासको धारा खोली घैलामा थाप्दै छु
नयाँ लक्ष्य स्वर्णिम गन्तव्य अब बल्ल सुरू भयो
परिवर्तनका यी बाटोहरू सङ्घर्षले नाप्दै छु ।

।।३।।

अर्काको इशारामा अगाडि नबढ्नु, भनेकै थिएँ मैले
अरूको कुराले भाइ भाइ नलड्नु भनेको थिएँ मैले
आज पश्चातापमा जल्नु सिवाय, अरू के उपाय रह्यो?
अर्काको सेखी झार्न धुरी नचढ्नु भनेको थिएँ मैले ।

।।४।।

आत्मकथा

# चोट



✍ **दिपक राज विश्वकर्मा**

ज्युँदै भए पनि, भित्र भित्र म कति पटक मरेको छु, वर्ष, महिना, गते, बार, साँझ र बिहान गनिरहेको छु, कहिले आउँछ त्यो दिन ? जुनदिन म खुल्ला आकाशको चरी बनेर उडुँ । यति धेरै माथि उडुँ कि जहाँबाट यो सहर नदेखियोस्, यी मान्छेहरू नदेखिउन्, जुन समय यी चोटहरूले नबिझाउन । सब सक्कियो, केही बाँकी छैन मसँग जुन दिन तिमी टाढियौ मबाट । जसको कारण म यो अन्धकार पिंजडाको जिन्दगी बाँचिरहेछु, अझै पनि किन आउछ उसैको याद ? किन सताउँछ उसैको सम्झनाले यसरी । जब जब चिसो मौसम सुरू हुन्छ अर्थात मंसिरको महिना सकिन्छ र पुसको महिना सुरू हुन्छ नि ! तब तब त झन् सताउने गर्छन् ती यादहरूले, यी सुकिसकेका घाउका टाटाहरू पनि जस्ताको त्यस्तै आलो घाउ बनेर चहराई रहन्छन् ।

यो समय एक हिसाबले खुब रमाईलो पनि लाग्छ, त्यहि पुरानो याद बल्झिदा पनि त खुसी मिल्छ । अर्को हिसाबले प्रत्येक वर्षको यही समय मलाई चोटहरूले सबैभन्दा धेरै सताउने गर्छन्, सबैभन्दा धेरै पिरोल्ने गर्छन् । कसैलाई सुनाउन पनि सक्दिन यो मेरो कथा, त्यो कालो दिन, तिमी र म सदा-सदाको लागि अलग भएको दिन । एक नदिको दुई किनार जस्तै भएको दिन, जब त्यो दिन सम्झन्छु, मनमा भक्कानो फुटेर आउँछ । बोल्नै सक्दिन, तर पनि बोल्न मन लाग्छ । चिच्याउन मन लाग्छ तर म चिच्याएको कसले सुन्छ र । चोट र ब्यथाले मात्रै भरिएको मेरो जिन्दगी, मेरो प्रेम कहानी । मलाई खुसी के हो ? मिलन के हो भन्ने कहिल्यै महसुस भएन । त्यस्तै त हो, गाउँले जीवन, सामान्य परिवार । खान लाउन मात्रै दुःख नहुने, अरू त के सुख भन्नु । उही वनजंगल, उही दाउराघाँस, उही खेतीपाती ।

जिन्दगी अलि जिन्दगी जस्तो होस्, सहरमा एउटा घर होस्, मन परेको मान्छे साथमा होस् । यही त थियो जिन्दगीको ठूलो सपना, हो यही

सपना पुरा गर्नको लागि नै हो विवाह भएको एक महिना नबित्दै म परदेशिएको । राम्रोसँग एक अर्कालाई चिन्न समेत पाएका थिएनौं । त्यसपछिको फोन र भिडियोकलमा वर्षौं बित्यो । गाउँमा दुःख हुन्छ भनेर मैले सहरमा कोठा लिएर राखीदिएँ मेरी तिमीलाई । सायद त्यो नै मेरो सबैभन्दा ठूलो गल्ति थियो कि ? सायद एक्लोपनले सताएर होला । फोन र भिडियो कलमा रातदिनै बोले पनि नजिकै भएजस्तो त कहाँ हुन्थ्यो र । लहैलहैमा लागिन या उनको मेरो भाग्य मै यही लेखिएको थियो ।

उनलाई धेरै पटक अरूसँग लहसिएको खबर मेरा आफन्त साथीभाईले विदेशमा हुँदा सुनाउँथे । यति सम्म कि म त उनको प्रेममा एक किसिमको पागल नै भईसकेको थिएँ । सुनेका कुरामा खासै विश्वास पनि लाग्दैन्थ्यो । सबै उनकै कुरा ठिक लाग्थ्यो । तर जुन दिन म विदेशबाट घर फर्किएर आएँ त्यो दिन थाहा पाएँ मेरा सबै सपनाहरू हुरीले उडाईसकेको रहेछ भनेर । वर्षौंदेखि मनभरि साँचेको प्रेमलाई बोकेर म जब परदेशबाट घर फर्किएँ, मेरा आँखाले यस्तो घटना देखे कि, त्यो सपना थियो या विपना एकछिन त ठम्याउनै सकिन, तर त्यो दिनको कहानी सपना नै हो । एउटा नराम्रो सपना, एउटा बिर्सिनै नसकिने सपना । जुन सपनाले मलाई आज यो दिनसम्म यो अध्यारो पिंजडा भित्र अर्धसास बाँच्न बाध्य बनाएको छ ।

हो, जब आफ्नै श्रीमतीलाई परपुरूषसँग आँखै अगाडि अनैतिक कार्य गरेको देखें तब दुवै जनालाई नजिकै भएको खुकुरी उठाएर टुक्रा टुक्रा हुनेगरी काटेको यिनै हातले हो । विदेशिनु त मेरो बाध्यता थियो रहर थिएन । उनैलाई सुख दिउँला राम्रो लाउन खान दिउँला भन्ने सपना बोकेर गएको थिएँ तर तिम्रा लागि मेरो मनमा रहेको माया, सास रहे सम्म रहला नै सायद । तर तिमीलाई भुल्न सक्दो प्रयास गर्नेछु । ती खुकुरीले लागेका घाउहरू त बरू केही बेरमै सेलाए होलान् तर ती अनगिन्ति चोटहरू बोकेर आजिवन काराबासको जिन्दगी बाँचिरेहेछु । ♦♦♦

**मुक्तक**

✍ **एच.के धिताल**

धेरै हुदो रैं'छ प्रेममा जासुसी अनुभव गर्न पाए
कतिसम्म हुंदा रैं'छन् छुसी अनुभव गर्न पाए
कुरा छिनेकै दिनमा भूपुको विवाहको खबर सुने
मैले एकै दिनमा दुःख र खुसी अनुभव गर्न पाए

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०२९ साल अङ्क, २ को **त्रैमासिक पुलिस प्रकाशनमा** प्रकाशित त्रैलोक्य प्रसाद ओलीद्वारा लिखित **'औंला छाप-प्रश्नोत्तर'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

***– सम्पादक***

प्रश्न नं. १ औला छापको इतिहास वताइदिनु हुन्छ कि ?

उत्तरः औला छापको ज्ञान पहिले देखिनै मानिसलाई थियो । औंला छापको प्रयोग पहिले नै थियो तर यसको प्रयोग सवभन्दा पहिले कसले गरे र केमा प्रयोग गरे भन्ने कुरा प्रष्ट रूपमा देखा पर्न नआए तापनि यो सवभन्दा पहिले मानिस जव अलि सभ्य हुँदै गए त्यस बेला ढुङ्गा तथा रूखहरूमा पूजा गर्दा उनीहरूका हातको छाप पुग्यो । पछि-पछि ठूला ठूला महापुरूषहरूको हात तथा खुट्टाको छाप पूजा गर्नका लागि लिइने चलन भयो । आज भोलि पनि ठूला महात्माका पाउ वा हातको छाप पूजा हुन्छ । पछि-पछि माटाको भांडा वनाउने कुमालेहरूले आ-आफ्नो कम्पनिको चिन्ह स्वरूप औंलाहरूको छाप लगाउन थाले ।

३००० वर्ष पुरानो ढुङ्गाको छानो भएको इजिप्टको किंग टुटेन-खामेन्स (King tutenkhamens)गुम्वजमा औंला र खुट्टाका छापहरू पाइएका छन् । बृटिस म्यूजियममा रहेको प्राचिन एशियाको माटाका भाँडामा देखिएका छापहरू यसका प्रमाणहरू हुन् ।

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स १९९१ साल पुष २७ गतेबाट बर्दीसहितको ड्युटी सुरू गरिएको थियो ।
- वि.स. १९६७ सालदेखि काठमाडौंमा कोतवाली प्रहरीको सुरूवात भएको थियो ।
- वि.स. २०१२ सालमा नेपालभरका प्रहरी कार्यालयहरूको सङ्गठनात्मक विकास सुरू भएको हो ।
- वि.स. २०२१ सालमा पूर्वमा धरान र पश्चिममा नेपालगन्जमा प्रहरी तालिम केन्द्र स्थापना भएको थियो ।

**सङ्कलनःप्र.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू अरूण श्रेष्ठ विरूद्ध काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत, मुद्धा :- उत्प्रेषण / परमादेश (ने.का.प.२०७७, अंक ३, निर्णय नं.१०४६५)**

कानूनले नै जरिवाना बापत कारणीलाई चार वर्षभन्दा बढी कैद तोक्नु हुँदैन भनी कैदको अधिकतम हद तोकिएको देखिँदा कानूनमा भएको अस्पष्टतालाई व्याख्याको साहारा लिई विधायिकी कानूनले स्पष्ट रूपमा गरेको व्यवस्था विपरीत दुई मुद्धामा भएको जरिवानालाई अलग अलग गरी जरिवाना नतिरेबापत भनी एउटा मुद्धामा चार वर्ष त्यसपछि अर्को मुद्धामा फेरी चार वर्ष जरिवाना बापत कैद गर्दा कारणीलाई जरिवाना नतिरेबापत जम्मा ८ (आठ) वर्ष कैद हुन जाने भई सो कुरा तत्काल प्रचलनमा रहेको दण्ड सजायको ३८ नं. को मनसाय र भावना अनुकूल नहुने ।

**सङ्कलनःप्र.स.नि.जनक आचार्य**

---




**एक व्यक्ति** :- बहिनी तपाईंले भर्खरै धनी उद्योगपतिसँग विवाह गर्नु भएछ विवाह भन्दा अघि तपाई के गर्नुहुन्थ्यो ?

**युवती** :- उसैको घरमा भाडा मोल्थे ।

**एक व्यक्ति** :- त्यसो भए त तपाईं भाग्यमानी हुनुहुंदो रहेछ ।

**युवती** :- के भाग्यमानी दाई पहिले भाडा मोलेको महिनाको सात सय आउथ्यो अहिले फोकटमा गर्नुपर्छ ।

**श्रीमान श्रीमती कुरा गर्दै** :

**श्रीमान** :- खै मैले त पत्याइन है । तिमीले यो कुकुरलाई केही सिकाउन सक्छ्यौ भनेर ।

**श्रीमती** :- अब तिमीलाई त यत्तिको बोल्न सक्ने बनाइसके जावो कुकुरलाई सक्तिन कि क्या हो ?

♦ ♦ ♦

**कञ्जुस** :- पण्डित जी घुमफिर नगरी सिधैं स्वर्ग जाने बाटो देखाउनुहोस् न ।

**पण्डित** :- किन ? घुमफिर गर्दै गए के हुन्छ ?

**कञ्जुस** :- भाडा धेरै लाग्छ नि त ।

**सङ्कलनः- प्र.स.नि.शरणजंग भण्डारी**